# खप्तडछान्ना गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजना

२०८१/८२-२०८५/८६

खप्तडछान्ना गाउँपालिका

पसलबगर, बझाङ

# खप्तडछान्ना गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजना

(२०८१/८२-२०८५/८६)

**खप्तडछान्ना गाउँपालिका**

पसलबगर, बझाङ

२०८१

सर्वाधिकार © खप्तडछान्ना गाउँपालिका, पसलबगर, बझाङ

योजनाको नामः स्थानीय अनुकूलन कार्ययोजना २०८१/८२-२०८५/८६

तयार गरिएको वर्षः २०८१

तयार गर्नेः खप्तडछान्ना गाउँपालिका

आर्थिक तथा प्राविधिक सहयोगः Asian Disaster Preparedness Center (ADPC)

Youth Alliance for Environment (YAE)

खप्तडछान्ना गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पसलथगर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

9849904286
9858485616
9844143090
khaptadchhannamun.gov.np
info@khaptadchhannamun.gov.np
ito@khaptadchhannamun.gov.np
ito.khaptadchhannamun@gmail.com


पत्र संख्याः २०८१।८२
चलानी नम्बरः ८४३

जलवायु परिवर्तनको असर सबै क्षेत्र र तह-तप्कामा परिरहेको छ। बझाङ्ग जिल्लाको यस खप्तडछान्ना गाउँपालिकाका बासिन्दाहरूले पनि यसका विभिन्न असरहरू झेल्दै आएका छन्। अन्य रोजगारीको विकल्पहरू बढ्दै गएपनि यहाँको स्थानीयको मुख्य पेशा कृषि तथा पशुपालन रहेको हुँदा प्राकृतिक तथा जलवायुजन्य प्रकोपहरुले यस खप्तडछान्नागाउँपालिकाका स्थानीय बासिन्दाहरुलाई दिन प्रतिदिन असर पार्दै आईरहेको छ। सबै वडा बासिहरूमा जलवायु परिवर्तनका कारण जीविकोपार्जनको लागि अपनाइएको खेती प्रणाली तथा पशुपालनमा विविध प्रकारका असरहरू देखापरिरहेका छन्। जलवायु परिवर्तनले गर्दा गरिवी र सामाजिक अन्तर्निहितका कारणहरु न्यूनीकरणका लागि थप चुनौतिहरु सृजना गरेको छ। परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ।

बाढी,पहिरो,खडेरी, कृषि रोग, पशु रोग, असिनापानी, हावाहुरी, डढेलो, चट्याङ्ग र महामारी लगाएतको जलवायुजन्य प्रकोपहरू यस गाउँपालिकामा देखिंदै आएका भएता पनि तथा पछिल्ला वर्षहरुमा यसको प्रभाव तथा असरहरु बढ्दै गएको अनुभव गरिएको छ। यस्ता पक्षहरूलाई मध्यनजर गर्दै यस गाउँपालिकामा देखिएका प्रमुख प्रकोपहरूको क्रमिक रुपमा पहिचान गरी त्यस्ता प्रकोपहरूसँग अनुकूलित हुनका लागि स्थानीय अनुकूलन कार्ययोजना तयार तथा कार्यान्वयन गर्ने कार्यक्रम सञ्चालन गर्न पाउँदा अति नै खुशी लागेको छ। यहाका सम्पुर्ण घरधुरीहरु विपद् जोखीम तथा जलवायु परिवर्तनको असरबाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्यनजर गरीएसियन डिजास्टर प्रिपेर्डनेस सेन्टर (Asian Disaster Preparedness Center [ADPC]) को आर्थिकतथा युथएलायन्स फर इन्भारोमेन्ट (Youth Alliance for Environment [YAE])को प्राविधिक सहयोग र सहजीकरणमा खप्तडछान्नागाउँपालिकामा स्थानीय अनुकलन कार्ययोजना २०८१/८२-२०८५/८६ तयार गरिएको हो। यसरी पहिचान भएका विपद् तथा जलवायु जोखिमलाई विस्तृत रुपले व्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ। यस योजनालाई गाउँपालिकाको नियमित योजना तर्जुमा प्रक्रियामा समायोजन गरी सम्बन्धित सबै सरोकारवालाहरुको सहयोग, समन्वय तथा सहकार्यमा कार्यान्वयन गरिनेछ। जसले गर्दा गाउँपालिकामा देखिएका जलवायु परिवर्तनका कारण सिर्जित प्रकोपहरूको धेरै हदसम्म सम्बोधन गर्ने विश्वास लिएको छु।

अन्तमा, यस योजनाको प्रभावकारी कार्यान्वयन प्रक्रियामा नेतृत्व एवं स्थानीय स्रोत साधन परिचालन गर्न गाउँपालिका सदैव सक्रिय रहने प्रतिबद्धताका साथै आवश्यकता अनुसार सम्बन्धित सबै सरोकारवालाहरुको विभिन्न श्रोतहरुको उपलव्धतासँगै अझ सक्रिय सहयोग तथा सहकार्यको अपेक्षा गर्दछौं। साथै यो योजना निर्माण गर्न सहयोग गर्नु हुने सबै प्रति हार्दिक कृतज्ञताका साथ स-धन्यबाद ज्ञापन गर्दछु।

.....................
उत्तम बहादुर रोकाया
अध्यक्ष

उत्तम बहादुर रोकाया
अध्यक्ष

# खप्तडछान्ना गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
पसलबगर, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

9849904286
9858485616
9844143090
khaptadchhannamun.gov.np
info@khaptadchhannamun.gov.np
ito@khaptadchhannamun.gov.np
ito.khaptadchhannamun@gmail.com


पत्र संख्याः २०८१|८२
चलानी नम्बरः ८४४

तीव्र औद्योगिक विकास, अव्यवस्थित सहरीकरण, जीवांश इन्धनको अत्यधिक प्रयोग, विषाक्त ग्याँस तथा रासायनिक पदार्थको उत्पादन, वन विनाश आदि जस्ता मानवजन्य क्रियाकलापले उत्पन्न हरितगृह ग्याँसले विश्वव्यापी उष्णीकरण भइरहेको छ । यसको परिणाम स्वरूप जलवायुमा परिवर्तन आएको कुरा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानबाट पुष्टि भइसकेको छ । जलवायु परिवर्तनको असर स्थानीय तहमा पनि प्रत्यक्ष रुपमा देखिन थालिसकेको छ । तसर्थ परिवर्तित जलवायुले निम्त्याएको असरहरुसंग जुध्न अनुकूलनका उपायहरु अपनाउनु अहिलेको प्रमुख चुनौती बनेको छ ।

वर्षेनी नेपालमा अनियमित वर्षा, बाढी, पहिरो, खडेरी, हुरीबतास, असिना, शितलहर आदि जस्ता प्रकोपहरु देखा पर्छन । यस्ता प्रकोपहरुले गर्दा गरिब तथा विपन्न वर्गको जीविकोपार्जनका स्रोतहरुमा प्रत्यक्ष असर पार्दछन् । यस्ता असरबाट बझाङ जिल्लाको यस खप्तडछान्ना गाँउपालिका पनि अछुतो रहेको छैन । यहाका वासिन्दाहरुले यिनै प्रकोपहरुको नकारात्मक असरहरु महशुस गरिरहेका छन् । यसै सन्दर्भमा खप्तडछान्ना गाँउपालिकाका स्थानीय समुदायसँग प्रत्यक्ष अर्न्तकिया गरी जलवायु परिवर्तन सम्बन्धि सचेतना अभिवृद्धि गर्दै सङ्कटासन्नता क्षेत्र र समुदाय पहिचान गरेको छ । यसका साथै जलवायु उत्पन्न प्रकोपहरुलाई विभिन्न विधिहरु प्रयोग गरी स्थानीय अनुकूलनका उपायहरुको पहिचान तथा प्राथमिकिकरण गरिएको छ । यसरी पहिचान गरिएका जलवायु उत्पन्न प्रकोपहरुलाई अनुकूलन गर्नको लागि आगामी ५ वर्षको लागि विस्तृत कार्ययोजना तयार गरिएको छ ।

यस गाँउपालिकाको स्थानीय अनुकूलन कार्ययोजनालाई सफलतापूर्वक सम्पन्न गर्नको लागी सहजीकरण गर्ने युथ एलाइन्स फर इन्भाइरोमेन्ट (Youth Alliance for Environment [YAE]) र एसियन डिजास्टर प्रिपेर्डनेस सेन्टर (Asian Disaster Preparedness Center [ADPC])का प्रतिनिधिहरु तथा स्थानीय सरोकारवालाहरु, विभिन्न निकायका प्रतिनिधिहरु तथा अन्य संघसंस्थाहरुको प्रत्यक्ष सहभागिताको लागि धन्यवाद दिन चाहन्छु । लापामा बनेका योजनाहरुको पारदर्शिता सहित कार्यान्वयन गर्नको लागि सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्यको लागि खप्तडछान्ना गाँउपालिका, बझाङको कार्यालय सदा तत्पर रहने छ । यस योजनाको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला तथा सम्बन्धित निकायहरुमा सहयोग तथा सहकार्यको अपेक्षा राख्दछु ।

धन्यवाद ।

विष्णु कुमार थापा
उपाध्यक्ष

विष्णु कुमार थापा
उपाध्यक्ष

# खप्तडछान्ना गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
पसलबगर, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

9849904286
9858485616
9844143090
khaptadchhannamun.gov.np
info@khaptadchhannamun.gov.np
ito@khaptadchhannamun.gov.np
ito.khaptadchhannamun@gmail.com


पत्र संख्याः २०८१।८२
चलानी नम्बरः ८४४३

जलवायु परिवर्तन आजको विश्वको लागी प्रमुख चुनौति बनेको छ। अनियमित वर्षा र अत्याधिक बाढी तथा पहिरो,लामोखडेरी तथा विनाशकारी हावाहुरी जस्ता प्रकोपहरुले गर्दा गरिब तथा विपन्न वर्गको जीविकोपार्जनमा थप असर पार्दछन्। परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ। यस्ता प्राकृतिक तथा जलवायुजन्य प्रकोपहरुले यस गाउँपालिकाका स्थानीयहरुलाई दिन प्रतिदिन असर पार्दै आईरहेको छ। कृषिमा आधारित यस पालिका तथा यहाँका स्थानीयहरू जलवायु तथा जलवायु परिवर्तनसँग प्रत्यक्ष रुपमा जोडिएका छन्।

जलवायु परिवर्तनलाई राष्ट्रिय योजना प्रक्रियामा समाहित गर्न, जलवायु संवेदनशीलता कम गर्न तथा मध्यम र दिर्घकालिन अनुकुलन आवश्यकताहरुलाई सम्बोधन गर्न नेपाल सरकारले जलवायु परिवर्तन नीति २०७६ लाई नीतिगत औजारको रुपमा अघि सारेको छ भने वातावरण संरक्षण ऐन २०७६ र परिमार्जित स्थानीय अनुकुलन योजनाको राष्ट्रिय संरचना २०७६ पारित गरी स्थानीय स्तरमा पनि जलवायु परिवर्तनले गर्दा भैरहेको असर तथा प्रभावहरुलाई कम गर्न अनुकूलनका योजना बनाएर कार्यान्वियन गर्नुपर्ने आधार तयार गरेको छ।

जलवायु परिवर्तन तथा विपद् जोखीमको असरबाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्यनजर गरि एसियन डिजास्टंर प्रिपेर्डनेस सेन्टर (Asian Disaster Preparedness Center [ADPC]) को आर्थिकतथा युथएलायन्स फर इन्भारोमेन्ट (Youth Alliance for Environment [YAE])को प्राविधिक सहयोग र सहजीकरणमा गाउँपालिकाकाजनप्रतिनिधिहरु, कार्यपालिकासदस्यहरुर सरोकारवालाहरुको अगुवाईमा जलवायु जोखिमता तथा क्षमता विक्षेषण गरि सोको आधारमा आगामी ५ वर्षको लागि विस्तृत कार्ययोजना समुदायमा आधारित स्थानीय अनुकूलन योजना तयार गरिएको हो। स्थानीय जलवायु परिर्वतन अनुकूलन योजना कार्यान्वयनको लागि आवश्यक पर्ने सहयोग प्रास गर्न सकिने सरोकारवालाहरुको पहिचान समेत गरिएको छ।

जलवायु परिवर्तन अनुकूलन योजना तयारीमा सहजीकरण गर्ने युथ एलायन्स फर इन्भारोमेन्टलाई धन्यवाद दिन चाहन्छु। अन्तमा यस अनुकूलन योजना कार्यान्वयनमा आर्थिक तथा प्रविधिक सहयोग गर्नका लागि सबै पक्षसँग खसडछान्ना गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

धन्यवाद।

..............................
बीर बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


तालिकाहरुको सूची ........ ix
चित्रहरुको सूची........ x
संक्षिप्त शब्दहरुको सुची........ xi
स्थानीय अनुकूलन योजनाको सारांश........ xiii
परिच्छेद १: योजनाको औचीत्य ,मान्यता तथा तयारीको समग्र प्रक्रिया........ १
१.१ योजनाको औचित्य ........ १
१.२ स्थानीय अनुकूलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु ........ ४
१.३ स्थानीय अनुकूलन कार्ययोजना र विपद् जोखिम व्यवस्थापन बीच अन्तरसम्बन्ध........ ५
१४. अनुकूलन कार्ययोजनाको तयारीको समग्र प्रक्रिया........ ५
११ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि.४. ........ ७
१२ प्रकोप पहिचान तथा प्रकोपको प्राथमिकिकरण.४........ ८
१३ संकटासन्नता.४., जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी........ ८
परिच्छेद २: खसडछान्ना गाउँपालिकाको परिचय........ ९
२१ अवस्थिति. ........ १०
२२ सामाजिक. अवस्था........ १०
२३ मानवीय. अवस्था........ ११
२४ आर्थिक अवस्था........ १२
२ ५.शैक्षिक अवस्था........ १३
२.६ इन्धन तथा ऊर्जाको अवस्था ........ १४
२.७ खानेपानी तथा सरसफाईको अवस्था........ १४
२८ प्राकृतिक स्रोतको अवस्था. ........ १४
२१ वन सम्बन्धी विवरण.८. ........ १४
२२ जलस्रोत विवरण.८........ १५
२३ भूउपयोग विवरण.८........ १६
२.९ भौतिक पूर्वाधारको अवस्था........ १७
२१० लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था. ........ १७
२ ११.संघसंस्थाहरुको अवस्था........ १८
२.१२ खसडछान्ना गाउँपालिकामा सुशासनको अवस्था ........ २०
२.१३ मौसम तथा जलवायुको अवस्था........ २१
२१४ स्रोत तथा क्षमता विश्लेषण. ........ २१
परिच्छेद ३: जलवायु परिवर्तन तथा प्रकोपको अवस्था तथा संकटासन्नता विश्लेषण ........ २४

३१ तापक्रम तथा वर्षाको तथ्यांकहरुको विश्लेषण. ...... २४
३२ खसडछान्ना. गाउँपालिकामा घटेका जलवायुजन्य प्रकोपको पहिचान ...... २५
३३ प्रकोपको ऐतिहासिक समय रेखा. ...... २७
३४ खसडछान्ना गाउँपालिकाको प्रकोप स्तरीकरण. ...... २७
३५ प्रकोप तथा मौसमी पात्रो. ...... २९
३६ बाली पात्रो. ...... ३१
३७ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन. ...... ३२
३८ जोखिमको रुपरेखा. ...... ३५
३९ प्रक.ोप तथा जोखिम विश्लेषण ...... ३८
३१० संकटासन्न वर्ग तथा समुदाय पहिचान. ...... ४०
३ ,११ वडा संकटासन्नता स्तर निर्धारण.वडाभित्रको जोखिम बस्तीहरूको पहिचान तथा वडा जोखिम स्तरीकरण ...... ४१
३१२ पारिस्थितिकीय प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण. ...... ४४
परिच्छेद ४ः विषयगत क्षेत्र तथा जीविकोपार्जनका स्रोतमा पारेको प्रभाव अनुकूलन कार्यहरुको , विश्लेषण ...... ४८
४१ विषयगत क्षेत्रमा पारेको प्रभाव. ...... ४८
४ २ जीविकोपार्जनका.स्रोतहरू माथिको प्रभाव विश्लेषण ...... ५७
४ ,३ अनुकूलन कार्यहरूको परिकल्पना.पहिचान तथा प्राथमिकीकरण ...... ६०
४१ उच्च अनुकूलन क्षमताको परिकल्पना.३. ...... ६०
४२ जलवायु परिवर्तन अनुकूलन.३. तथा विपद् जोखिम व्यवस्थापन कार्यहरुको पहिचान ६१
४.३३. अनुकूलन कार्यहरूको प्राथमिकीकरण ...... ६५
परिच्छेद ५ः जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना ...... ७२
परिच्छेद ६ः जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण.... १००
६.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण ...... १००
६२ स्थानीय तहको वार्षिक योजना., बजेट तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा मूलप्रवाहीकरण ...... १०१
६१ तत्काल गर्नुपर्ने.२. ...... १०१
६२ योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नुपर्ने.२ ...... १०२
परिच्छेद ७ः अनुकूलन कार्यहरुको अनुगमन तथा मूल्याङ्कन योजना ...... १०३
७१ योजना प्रक्रियामा स्थानीय अनुकूलन कार्ययोजनाको समायोजन. ...... १०३
७ २ अनुकूलन.कार्यहरुको तर्जुमा र कार्यान्वयन ...... १०३
७३ अनुकूलन योजना अनुगमन तथा मूल्याङ्कन योजना. ...... १०४
सन्दर्भ समगीहरु ...... १०७
अनुसूचीहरु ...... १०९

# तालिकाहरुको सूची

तालिका १: खसडछ्यान्ना गाउँपालिकाको संक्षिप्त विवरण र अनुकूलन योजनाको सारांश.......... xiii
तालिका २: स्थानीय अनुकूलन कार्ययोजनाको विषयगत क्षेत्रमा वार्षिक अनुमानित बजेट .......xvii
तालिका ३: बझाङ जिल्लाको विषयगत क्षेत्रको संकटासन्नता .......................................... ३
तालिका ४खसडछ्यान्ना : गाउँपालिकाको वडा अनुसार मुख्य वस्तीहरु .............................. ९
तालिका ५: खसडछ्यान्ना गाउँपालिकाको वडागत जनसंख्या विवरण ............................... ११
तालिका ६: क्षेत्रगत आर्थिक क्रियाकलापमा संलग्न दस वर्ष भन्दा माथिको जनसंख्या(%) .. १२
तालिका ७: खसडछ्यान्ना गाउँपालिकामा हुने मुख्य बाली चक्र ...................................... १३
तालिका ८वडा अनुसार जलस्रोतको विवरण :.................................................... १५
तालिका ९: खसडछ्यान्ना गाउँपालिकामा कार्यरत संघसंस्था तथा तिनीहरुले प्रदान गर्ने सेवा ... १८
तालिका १०: खसडछ्यान्ना गाउँपालिकाको सुशासनको अवस्था....................................... २१
तालिका ११: RCP४५. र RCP८ ५.अनुसार विभिन्न अवधिको ऐतिहासिक र अनुमानित वार्षिक औसत अधिकतम तथा न्युनतम तापक्रम ..................................................................... २४
तालिका १२: RCP४५. र RCP८५. अनुसार ऐतिहासिक र अनुमानित वार्षिक औसत वर्षा........ २५
तालिका १३: खसडछ्यान्ना गाउँपालिकामा घटेका जलवायुजन्य प्रकोपहरुको पहिचान ........... २६
तालिका १४: गाउँपालिकामा रहेको जलवायुजन्य प्रकोपको जोडागत स्तरीकरण ................ २८
तालिका १५: खसडछ्यान्ना गाउँपालिकाको वडागत मुख्य पाँच प्रकोपहरुको प्राथमिकीकरण.... २८
तालिका १६: खसडछ्यान्ना गाउँपालिकाको प्रकोप तथा मौसमी पात्रो................................ २९
तालिका १७: खसडछ्यान्ना गाउँपालिकाको बाली पात्रो.............................................. ३१
तालिका १८: खसडछ्यान्ना गाउँपालिकाको जोखिमको रुपरेखा....................................... ३५
तालिका १९प्रकोप तथा जोखिम विश्लेषण :.......................................................... ३८
तालिका २०: प्रकोपको संकटासन्न वर्ग तथा समुदाय पहिचान........................................ ४०
तालिका २१: खसडछ्यान्ना गाउँपालिकाको बाढी तथा पहिरो जोखिम बस्तिहरु.................... ४२
तालिका २२: वनजङ्गल पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ................. ४५
तालिका २३: पारिस्थितिकीय प्रणालीहरुको तुलनात्मक जोखिम विश्लेषण .......................... ४६
तालिका २४: विषयगत क्षेत्रमा परेको प्रभाव तथा भविष्य अनुमान.................................. ४८
तालिका २५ जीविकोपार्जनका :स्रोतहरूमा प्रभाव विश्लेषण ........................................... ५८
तालिका २६: प्रकोपले प्रभाव परेको जीविकोपार्जनको स्रोत र अनुकूलन उपायहरुको विश्लेषण ६३
तालिका २७अनुकूलनको उपायहरू र प्राथमिकीकरण :.............................................. ६६
तालिका २८: योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नुपर्ने.............................. १०२
तालिका २९ :अनुगमन तथा मूल्याङ्कन योजना ...................................................... १०५
तालिका ३०: अनुकूलन क्रियाकलापको अनुगमन ढाँचा .......................................... १०६

तालिका ३१ अनुकूलन क्रियाकलापको :मूल्याङ्कन ढाँचा............................................१०६

## चित्रहरुको सूची

चित्र १: जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापन बीच अन्तर्सम्बन्ध..........................५
चित्र २: स्थानीय अनुकूलन कार्ययोजना खाकाको तयारीको समग्र प्रक्रिया...........................६
चित्र ३: पालिका, वडा र समुदाय स्तरमा स्थानीय अनुकूलन कार्ययोजना तयारीको प्रक्रिया.....७
चित्र ४: खसडछान्ना गाउँपालिकाको अवस्थिति नक्सा ................................................ १०
चित्र ५: खसडछान्ना गाउँपालिकाको भूउपयोग नक्सा................................................. १६
चित्र ६: खसडछान्ना गाउँपालिकाको क बाढी जोखिम (नक्सा खपहिरो जोखिम नक्सा ( ...... ३२
चित्र ७: खसडछान्ना गाउँपालिकाको कआगलागी जोखिम (खडेरी ख ( नक्सा ................... ३३
चित्र ८: खसडछान्ना गाउँपालिकाको स्रोत तथा जोखिमको डिजिटाइज्ड नक्सा ................... ३४

# संक्षिप्त शब्दहरुको सुची

| संक्षेपिकरण | अंग्रेजी पुरा रूप | नेपाली पुरा रूप |
|---|---|---|
| ° | Degree | डिग्री |
| ' | Minute | मिनेट |
| '' | Second | सेकेन्ड |
| % | Percentage | प्रतिशत |
| ℃ | Degree Celsius | डिग्री सेल्सियस |
| CanESM | Canadian Earth System Model | |
| CSDs | Climate Sensitive Diseases | जलवायु संवेदनशील रोगहरू |
| DEM | Digital Elevation Model | |
| GESI | Gender and Social Inclusion | लैङ्गिक तथा सामाजिक समावेशीकरण |
| GFDL_ESM2M | Geophysical Fluid Dynamics Laboratory Earth System Model | |
| H-NAP | Health National Adaptation Plan | स्वास्थ्य राष्ट्रिय अनुकूलन योजना |
| ICE | Information, Communication and Education | सूचना, संचार तथा शिक्षा |
| MCB | Miniature Circuit Breaker | |
| MODIS | Moderate Resolution Imaging Spectroradiometer | |
| MoFE | Ministry of Forests and Environment | वन तथा वातावरण मन्त्रालय |
| MoHP | Ministry of Health and Population | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| NDVI | Normalized Difference Vegetation Index | |
| OpenLISEM | Open LImburg Soil Erosion Model | |
| PCC | Plain Cement Concrete | |
| RCC | Reinforced Cement Concrete | रड, सिमेन्ट र गिट्टी |
| RCP | Representative Concentration Pathways | |
| VBDs | Vector Borne Diseases | किराबाट संक्रमण फैलने रोगहरू |
| VRA | Vulnerability and Risk Assessment | सङ्कटासन्नता तथा जोखिम मूल्याङ्कन |
| WFP | World Food Programme | विश्व खाद्य कार्यक्रम |
| आ.वि. | Basic School | आधारभूत विद्यालय |
| एल.पी.जी. | Liquid Petroleum Gas | सिलिन्डर ग्याँस |
| एस.इ.इ. | Secondary Education Examination | माध्यमिक शिक्षा परीक्षा |
| कि.मि. | Kilometer | किलोमिटर |

| | | |
|---|---|---|
| कि.वा. | Kilowatt | किलोवाट |
| गा.वि.स. | Village Development Committee | गाउँ विकास समिति |
| जि.आइ.एस. | Geographic Information System | भौगोलिक सूचना प्रणाली |
| जे.टि.ए. | Junior Technical Assistant | कृषि/पशु प्राविधिक |
| ने.रु. | Nepali Rupees | नेपाली रुपैयाँ |
| नं | Number | नम्बर |
| मि.मि. | Millimeter | मिलि मिटर |
| पी.पी.आर. | Peste des Petits Ruminants | भेडा बाख्रामा लाग्ने महामारी रोग |
| मा.वि. | Secondary School | माध्यमिक विद्यालय |
| सा.व. | Community Forest | सामुदायिक वन |

# स्थानीय अनुकूलन योजनाको सारांश

जलवायु परिवर्तन र यसका प्रतिकूल प्रभावहरू समग्र विश्वकै लागि साझा चुनौतीका रूपमा अगाडि आइरहेको वर्तमान परिप्रेक्ष्यमा बझाङ जिल्लाको खप्तडछान्ना गाउँपालिका पनि यसबाट सिर्जित तथा भविष्यमा सिर्जना हुन सक्ने प्रतिकूल प्रभावहरूसँग अनुकूलित हुने क्षमताको अभिवृद्धि गर्न परिमार्जित स्थानीय अनुकूलन योजनाको कार्य ढाँचा २०७६ ले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरूलाई अवलम्बन गरी बहुसरोकारवाला (गाउँपालिका, वडाका जनप्रतिनिधिहरू, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी सङ्घसंस्थाहरूको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू, महिला, वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, सिँचाई समिति, जोखिम तथा सङ्कटासन्न समुदायका प्रतिनिधि, अपाङ्गता भएका व्यक्ति तथा अन्य सरोकारवाला) निकायहरूको सक्रिय सहभागितामा वडा तथा बस्ती स्तरबाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरूलाई समेत समावेश गरी आ.व. २०८१/८२ देखि ०८५/८६ सम्मका लागि स्थानीय अनुकूलन कार्ययोजना तयार गरेको छ। यस कार्ययोजनाको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १: खप्तडछान्ना गाउँपालिकाको संक्षिप्त विवरण र अनुकूलन योजनाको सारांश**

| शीर्षक | विवरण |
|---|---|
| **गाउँपालिकाको सिमाना** | पूर्वः खप्तड छेडेदह गाउँपालिका, बाजुरा<br>पश्चिमः थलारा गाउँपालिका, बझाङ<br>उत्तरः जयपृथ्वी नगरपालिका, बझाङ<br>दक्षिणः खप्तड राष्ट्रिय निकुञ्ज |
| **वडा संख्या** | ७ |
| **साविकका गा.वि.स.** | गडराय, पाटादेवल, कालुखेती, माझीगाउँ, लामातोला र पौवागढी |
| **क्षेत्रफल** | ११३.५२ वर्ग किलोमिटर |
| **कुल जनसंख्या** | १३,४१९ जनसंख्या (७,३९० महिला र ६,०२९ पुरुष) |
| **हावापानी** | उपोष्ण, समशीतोष्ण तथा शीतोष्ण |
| **मुख्य जातजाती** | क्षेत्री, ब्राह्मण, –दलित |
| **समुन्द्र सतह देखि उचाई** | १०४७ देखि ३६५३ मिटर |
| **धर्म** | हिन्दु |
| **भाषा** | नेपाली, बझाङ्गी तथा बाजुरेली |
| **मुख्य पेशा** | कृषि, पशुपालन, ज्याला/मजदुरी, वैदेशिक रोजगारी र व्यापार व्यवसाय |
| **प्रमुख प्रकोपको अवस्था** | तुलनात्मक असर तथा प्रभावको आधारमा खप्तडछान्ना गाउँपालिकाको प्रमुख जलवायुजन्य प्रकोपहरूमा क्रमशः बाढी, पहिरो, खडेरी, कृषि रोग, पशु रोग, डढेलो, असिनापानी, हावाहुरी, चटयाङ्ग, तुषारो र हिमपात रहेको छ। |

| | |
|---|---|
| **जलवायु परिवर्तनका प्रभाव तथा असरहरू** | • खडेरी, पहिरो, बाढी, जस्ता जलवायुजन्य प्रकोपबाट कृषि बाली, पशुपंक्षी तथा मानवमा नयाँ रोगको प्रकोप बढेको, नयाँ मिचाहा प्रजातिहरू देखिएको, स्थानीय रैथाने बाली जस्तै दलहन (मास, भटमास), मार्सी धान तथा गहुँको उत्पादन घटेको छ।<br>• खानेपानीको उपलब्धतामा कमी आउनका साथै मुहानहरूमा पानीको मात्रा घटेको तथा केही मुहानहरू हिउँदमा सुक्ने गरेको छ।<br>• लाम्खुट्टे देखा परेको तथा नयाँ नयाँ रोगहरू (भाइरल ज्वरो, मलेरिया इत्यादि) देखा परेको छ भने पहिरो र बाढीको कारण स्वास्थ्य संस्थामा पहुँच रोकिएको तथा स्वास्थ्य केन्द्रको छानो उडाउने गरेकोले स्वास्थ्य सेवा अवरुद्ध हुने गरेको छ जसले गर्दा नियमित स्वास्थ्य सेवा नपाउने अवस्था रहेको छ।<br>• पहिरोको कारण बस्ती जोखिम तथा स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको छ भने सडक, पुल लगायतको संरचना बगाउने गरेको छ।<br>• बाढीले गाउँपालिकाका सबै वडाका खोला नजिक रहेको बस्ती तथा खेतिबाली बगाउने तथा जग्गा जमिन बगाउने र पुर्ने समस्या रहेको छ। |
| **कार्ययोजनाको प्राथमिकतामा परेका मुख्य अनुकूलनका कार्यहरू** | • सिँचाई कुलो निर्माण, मर्मत तथा स्तरोन्नति, थोपा/फिरफिरे सिँचाई प्रविधि प्रवर्द्धन, टनेल खेती, पुनर्भरण पोखरी निर्माण, पानीका मुहान संरक्षण, खानेपानी ट्यांकी निर्माण, सिँचाइको लागि आकाशे पानी सङ्कलन पोखरी निर्माण, उन्नत जातको बीउ बिजन तथा नश्ल सुधारको लागि उन्नत जातको बोका/राँगा वितरण, बाख्राको खोर सुधार, पशुपालन सम्बन्धी तालिम, पशु स्वास्थ्य शिविर, पशु बिमा, माटो परीक्षण<br>• नदि कटान तथा पहिरो नियन्त्रणका लागि वृक्षारोपण, तटबन्ध निर्माण, ग्याबियन पर्खाल निर्माण तथा बायो-इन्जिनियरिङ<br>• वन तथा पर्ती बाँझो जग्गामा वृक्षारोपण तथा अग्नि नियन्त्रण तालिम तथा उपकरण प्रदान<br>• खोज तथा उद्धार तालिम, बाटो छेउ भल निकास, गोरेटो बाटाको निर्माण तथा स्तरोन्नति, सडकको स्तरोन्नति, विपद कोषको स्थापना, कुटानी पिसानी मिल, मसला पिस्ने उद्योग तथा साबुन उद्योग स्थापना |

| | |
|---|---|
| | • फोहोरमैला व्यवस्थापन, सरसफाई तथा पोषण सम्बन्धी तालिम, डम्पिंग स्थल निर्माण, स्वास्थ्य चौकीको सबलीकरण, स्वास्थ्य सामग्री व्यवस्थापन<br>• जीविकोपार्जन तथा महिला लक्षित तालिम (बाख्रापालन, अचार बनाउने, जुस बनाउने, होमस्टे संचालन, मौरीपालन, आधुनिक कृषि तालिम)<br>• जलवायु सचेतना तथा अभिमुखीकरण तथा जलवायु शिक्षा सम्बन्धी पाठ्यक्रम निर्माण |
| **स्थानीय अनुकूलन कार्ययोजना समायोजन, मुलप्रवाहीकरण तथा अनुगमन तथा मुल्यांकन** | यस अनुकूलन कार्ययोजनालाई नेपाल सरकारको स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियाका ७ चरणहरू अन्तर्गत वडा स्तरीय योजना प्राथमिकिकरण बैठक, बजेट तथा कार्यक्रम तर्जुमा समिति, एकीकृत योजना तर्जुमा प्रणालीबाट कार्यपालिकाको बैठक हुँदै गाउँ सभाको बैठकबाट अनुमोदन गरिनेछ। त्यसैगरी अन्य सम्बद्ध सरकारी तथा गैह्र सरकारी निकायहरूको वार्षिक तथा आवधिक योजनाहरूमा यस कार्ययोजना कार्यान्वयनको लागि समायोजन गरी मुलप्रवाहीकरण गरिनेछ।<br><br>प्राकृतिक तथा मानव सिर्जित विपद्ले गर्दा मानविय तथा पारिस्थितिकीय प्रणालीमा देखिएको नकारात्मक असरहरुलाई सम्बोधन गर्नको लागि तर्जुमा गरिएको स्थानीय अनुकूलन कार्ययोजना निर्माण प्रकिया तथा कार्यान्वयनमा गर्भवती महिला, बालवालिका, विपन्न वर्ग, दलित, महिला तथा पिछडा वर्गहरुको पहुँच तथा नियन्त्रणको अवस्था सुनिश्चित्ता गरिनेछ।<br><br>समुदाय तहमा लाभान्वित समुदाय छनौटको प्रक्रिया लगायत क्रियाकलाप संचालनार्थ हरेक समयमा वडा तहमा प्रक्रिया र प्रगतिहरू र गाउँपालिका तथा जिल्ला तहमा नतिजा तथा उपलब्धिहरूको विभिन्न वार्षिक समीक्षा, अर्ध वार्षिक समीक्षा, फिल्ड अनुगमन आदिको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि सूचकहरुको आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ। |

## कार्ययोजना कार्यान्वयनको लागि अनुमानित बजेट

खसडछान्ना गाउँपालिकाको सम्पूर्ण वडाको बासिन्दा खासगरी लक्षित विपन्न, महिला तथा दलित वर्गहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्ने गरि कार्ययोजनाको कार्यान्वयन गर्नको लागि जम्मा ने.रु.

५३,८२,०५,०००/- (त्रीपन्न करोड बयासी लाख पाँच हजार) बराबरको विस्तृत स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ।

### तालिका २: स्थानीय अनुकूलन कार्ययोजनाको विषयगत क्षेत्रमा वार्षिक अनुमानित बजेट

| विषयगत क्षेत्र | अनुमानित बजेट (हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कुल जम्मा |
| कृषि तथा खाद्य सुरक्षा | ४४६६५ | ४७२६५ | ४२६१० | ४४८६० | ४४२७० | २२३६७० |
| वन, जैविक विविधता तथा जलाधार संरक्षण | १२३१० | २३६६० | १२१६० | १२०१० | ११८६० | ७२००० |
| जलस्रोत तथा ऊर्जा | २८०० | २८२५ | १७५० | ७५० | १२५० | ९३७५ |
| स्वास्थ्य, खानेपानी तथा सरसफाई | १२६६५ | १०४०५ | १४८०० | ११९५० | १०४५० | ६२८०५ |
| स्थानीय ग्रामीण बस्ती | १५५० | १४०० | १७२५ | ३१०० | २८०० | १०५७५ |
| जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन | ३२०३५ | २६६५० | २८३०० | २९४०० | २८३७५ | १४४७६० |
| उद्योग, यातायात तथा भौतिक पूर्वाधार | १३०० | १३०० | १५०० | ११०० | ११०० | ६३०० |
| पर्यटन, प्राकृतिक तथा साँस्कृतिक सम्पदा | ४०० | ११०० | १०० | १००० | ४०० | ३१०० |
| लैगिंक समानता तथा सामाजिक समावेशीकरण | ६५० | ५५० | १०५० | ८०० | ५० | ३१०० |
| जलवायु परिवर्तन सचेतना, क्षमता अभिवृद्धि | ९१० | १३१० | १०० | १०० | १०० | २५२० |
| **जम्मा** | १०९२८५ | ११६४६५ | १०४०९५ | १०५०७० | १००६५५ | ५३८२०५ |

# परिच्छेद १ः योजनाको औचीत्य, मान्यता तथा तयारीको समग्र प्रक्रिया

## १.१ योजनाको औचित्य

जलवायु परिवर्तन नियमित प्राकृतिक प्रक्रिया हो यद्यपि वन विनाश, बढ्दो औद्योगिकरण, यातायात क्षेत्रमा खनिज इन्धनको व्यापक प्रयोग र अव्यवस्थित शहरीकरण जस्ता मानवजन्य क्रियाकलापहरूले हरितगृह ग्यासको चिन्ताजनक उत्सर्जनबाट जलवायु परिवर्तनमा तीव्रता आएको छ। जलवायु परिवर्तनको कारकको रुपमा मानिएको हरितगृह ग्यासको उत्सर्जनमा नगण्य भूमिका हुँदा पनि 'ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स-२०२१' अनुसार सन् २०००-२०१९ को अवधीमा जलवायु परिवर्तनबाट प्रभावित देशको सूचीमा नेपाल दशौं नम्बरमा परेको छ (Eckstein et al., २०२१)।

जलवायु परिवर्तनले गर्दा तापक्रममा वृद्धि, वर्षामा परिवर्तन र समग्र पृथ्वीको प्राकृतिक सन्तुलनमा फरक पर्न थालेको महसुस हुन थालेको छ। हिमालका हिउँ पग्लने, हिमतालहरू फुट्ने, अनियमित तथा अधिक वर्षा हुने, समुन्द्री सतह बढ्ने, बाढी, पहिरोको जोखिम तथा आवृत्ति बढ्ने, खडेरी लम्बिने तथा कृषि उत्पादनमा ह्रास आउने जस्ता समस्याहरू विकराल रुपमा देखिँदै आएका छन्। जिविकोपार्जनका लागि प्राकृतिक स्रोतहरू र मौसमी पानीमा अधिक निर्भर रहने हाम्रो देशमा यसको असर र प्रभावहरू आउने दिनमा अझै बढ्ने देखिन्छ। नेपाल विश्वका १९८ मुलुक मध्ये पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३० औं स्थानमा रहेको छ। जलवायु परिवर्तनका कारण जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास तथा भौतिक पूर्वाधारमा धेरै नकारात्मक असर परेको छ (राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७)। जलवायु परिवर्तनका कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा नकारात्मक असर पुगेको कुरा विभिन्न तथ्याङ्क र प्रमाणहरूले पुष्टि गरेका छन् भने यसको असरबाट गरिब, विपन्न, महिला, बालबालिका, वृद्धवृद्धा, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरू बढी प्रभावित हुने कुरा विभिन्न अध्ययनहरूले प्रष्ट पारिसकेका छन्।

यसै सन्दर्भमा जलवायु परिवर्तनको कारणबाट सिर्जित समस्याहरूको सामना गर्न नेपाल सरकारले जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ र स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०६७ का साथसाथै विभिन्न स्थानीय अनुकूलन कार्ययोजनाहरू समेत तयार गरी सफलतापूर्वक कार्यान्वयन गर्दै आएको छ। सँगसँगै जलवायु परिवर्तन अनुकूलन सम्बन्धी आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गरी र सोही आधारमा अल्पकालीन (सन् २०२५ सम्म), मध्यकालीन (सन् २०३० सम्म) र दीर्घकालीन (सन् २०५० सम्म) समयका लागि वन तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना सन् २०२१-२०५० तयार भएको छ, जस अन्तर्गत राष्ट्रिय अनुकूलन योजनाले पहिल्याएको ६४ वटा प्राथमिकता प्राप्त अनुकूलन कार्यक्रमहरूको कार्यान्वयनको लागि सन् २०५० सम्म ४७.७ अर्ब अमेरिकी डलर आवश्यकता पर्ने देखिन्छ। विगतका अनुभव, अन्तराष्ट्रिय सन्दर्भ र नेपालमा भएको राज्य पुनः संरचना अनुकूल हुने गरी नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४,

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ जारी गरिसकेको छ भने स्थानीय स्तरमा विकास निर्माणको समग्र प्रक्रियामा जलवायु अनुकूलन तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नुपर्दछ भन्ने सैद्धान्तिक अवधारणामा आधारित रही परीमार्जीत स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०७६ पारित भएर पालिका तथा वडा स्तरका स्थानीय अनुकूलन कार्ययोजना तयारी तथा कार्यन्वयन हुँदैछन्। यो परिमार्जित खाकाले स्थानीय सरकारहरूलाई स्थानीय स्तरमा जलवायु परिवर्तनका असरहरू व्यवस्थापन गर्न र दीर्घकालीन जलवायुमैत्री विकासका योजनाहरू पहिचान तथा कार्यान्वयन गर्न सहयोग गर्नेछ। यसले स्थानीय स्तरमा विभिन्न सरोकारवालाबीच नियमित सहकार्य तथा संवाद मार्फत स्थानीय क्रियाकलापहरूको कार्यान्वयनमा सहमति निर्माण गरी जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको कार्यान्वयन गर्न समेत मद्दत गर्नेछ। त्यस्तै खप्तडछान्ना गाउँपालिकाले पनि आफ्नो वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७८ जारी गरिसकेको छ र यसको दफा १२ मा कार्यपालिकाले स्थानीय अनुकुलन योजना बनाएर कार्यान्वयन गर्न सक्ने तथा विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनको प्रतिकुल असर तथा जोखिमको व्यवस्थापन गर्ने गरी प्राथमिकीकरण गर्नुपर्ने प्रावधान राखेको छ। जसले गर्दा स्थानीय अनुकुलन योजना मूलप्रवाहीकरण गर्नको लागि मार्ग प्रशस्त गरेको छ।

नेपाल लगायत विश्वभर जलवायु परिवर्तनले मानव स्वास्थ्यमा गहिरो प्रभाव पारेको छ। किराबाट फैलने रोग, पानीबाट फैलने रोग र खाद्यजन्य रोगहरूको जोखिम, श्वासप्रश्वास संक्रमण, कुपोषण र मानसिक रोग बढेको छ । विपन्न समुदायहरू जस्तै महिला, वृद्धवृद्धा, बालबालिका, जातीय अल्पसंख्यक, अपाङ्गता भएका र गरिब व्यक्तिहरू जलवायु-संवेदनशील रोगहरू (CSDs) लगायत अन्य स्वास्थ्य जोखिमहरूले बढी प्रभावित छन् (MoHP, २०२२)। जलवायु संवेदनशील स्वास्थ्य समस्याहरूमा १२ प्रकारको जलवायु-संवेदनशील रोगहरू [किराबाट फैलने रोगहरू (Vector borne diseases) (औलो, कालाजार, जापानीज इन्सेफलाइटिस, स्क्रब टाइफस, डेंगु, जिका, चिकनगुनिया), खाना र पानीजन्य रोगहरू (हैजा र ग्यास्ट्रोएन्टेराइटिस/खाद्य विषाक्तता), श्वासप्रश्वास सम्बन्धि रोग र अन्य (कुपोषण र मानसिक रोग)] लाई लिइएको छ (MoHP, २०२२)। पछिल्लो दसकमा औलो र कालाजार रोग बझाङ लगायत पहाडी तथा हिमाली जिल्लामा बढेको देखिएको छ । यसले जलवायु परिवर्तन सँगसँगै रोग फैलाउने किराहरुको भौगोलिक फैलावटलाई अङ्कित गर्दछ भने पाँच हिमाली जिल्लाहरू (**बझाङ,** बाजुरा, हुम्ला, कालिकोट र मुगु) जलवायु-संवेदनशील रोगहरूसँग उच्च सङ्कटासन्न स्तरमा रहेका छन (MoHP, २०२२)।

वन तथा वातावरण मन्त्रालयको पछिल्लो प्रतिवेदन अनुसार जलवायु परिवर्तन सङ्कटासन्नता स्तरीकरणमा बझाङ जिल्ला अति उच्च सङ्कटासन्न स्तरमा रहेको छ। प्रतिवेदन अनुसार बझाङ जिल्लालाई पहिरो जोखिमको अति उच्च सङ्कटासन्न जिल्लाको रुपमा पहिचान गरिएको छ भने खडेरीको समेत उच्च जोखिममा रहेको छ। बझाङ जिल्ला जलवायु परिवर्तनको असरबाट अनुकुलित

हुन कम क्षमता भएको जिल्लामा रहेको देखिन्छ। त्यस्तै सोही प्रतिवेदन खप्तडछान्ना गाउँपालिका उच्च जोखिममा रहेको र सम्मुखता, संवेदनशीलता, अनुकूलन क्षमता र सङ्कटासन्नता क्रमश ०.२५२, ०.४१०, ०.२४६, ०.८०९ रहेको छ।

**तालिका ३: बझाङ जिल्लाको विषयगत क्षेत्रको संकटासन्नता**

| विषयगत क्षेत्र | सम्मुखता | संवेदनशीलता | अनुकूलन क्षमता | सङ्कटासन्नता |
|---|---|---|---|---|
| कृषि तथा खाद्य सुरक्षा | न्यून | उच्च | अति न्यून | अति उच्च |
| वन, जैविक विविधता तथा जलाधार संरक्षण | अति उच्च | अति उच्च | न्यून | उच्च |
| जलस्रोत तथा ऊर्जा | मध्यम | उच्च | अति न्यून | अति उच्च |
| खानेपानी तथा सरसफाइ | अति कम | कम | अति न्यून | अति उच्च |
| स्वास्थ्य | न्यून | उच्च | अति कम | उच्च |
| ग्रामीण तथा सहरी बस्ती | NA | NA | NA | NA |
| उद्योग, यातायात तथा भौतिक पूर्वाधार | अति न्यून | न्यून | मध्यम | मध्यम |
| विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन | पहिरो | | | उच्च |
| | बाढी | | | अति कम |
| लैङ्गिक तथा सामाजिक समावेशिता तथा जीविकोपार्जन | मध्यम | अति उच्च | अति न्यून | अति उच्च |
| पर्यटन, प्राकृतिक तथा साँस्कृतिक सम्पदा | उच्च | उच्च | कम | उच्च |

MoFE, 2021[b,c,d,e,f,g,h,I,j,k]

यसै सन्दर्भमा जलवायु परिवर्तनले विभिन्न क्षेत्रमा पारेको असरहरूसँग सामना गर्न सक्ने क्षमताको अभिवृद्धि गर्न स्थानीय अनुकूलन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने उद्देश्यका साथ बझाङ जिल्लाको खप्तडछान्ना गाउँपालिकाको सङ्कटासन्नता, सम्मुखता र अनुकूलन क्षमताको विश्लेषणको आधारमा जोखिम मूल्याङ्कन तयार पारिएको छ। सङ्कटासन्न नक्सामा आधारित भई स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरूलाई अवलम्बन गरी बहुसरोकारवाला निकायहरू गाउँपालिका, जनप्रतिनिधिहरू, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी सङ्घसंस्थाहरूको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू, महिला तथा अन्य सरोकारवाला निकायहरूको सक्रिय सहभागितामा वडा स्तरबाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरूलाई समेत समावेश गरी यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ। यो कार्ययोजना मिति २०८१ बैशाख २६ गते पालिका स्तरीय प्रारम्भिक गोष्ठी तथा पालिकाको ७ वटै वडाहरूमा स्थलगत अवलोकन, लक्षित समुह छलफल तथा अनुकूलन कार्ययोजना तर्जुमा गोष्ठी संचालन गरेर तयार गरिएको हो।

## १.२ स्थानीय अनुकूलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु

स्थानीय अनुकूलन कार्ययोजनाका निर्दिष्ट सिद्धान्तहरू (समावेशी, उध्र्वगामी, लचिलो, तत्परता) लाई आधार विन्दु मानिएको छ। स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयन पश्चात् खप्तडछान्ना गाउँपालिका अन्तर्गत पर्ने सम्पूर्ण वडाहरू, वस्ती, टोल तथा समुदायको अनुकूलन क्षमता अभिवृद्धि भई जीविकोपार्जनमा सुधार ल्याएको हुनेछ। यस योजनाका औचित्यहरु निम्नानुसार रहेका छन्:

- अति जलवायु सङ्कटासन्न वडा, टोल, बस्ती तथा समुदाय र तिनका अनुकूलन चुनौती तथा अवसर पहिचान गर्न,
- स्थानीय समुदायले आफ्ना आवश्यकताबारे आफैले निर्णय गर्न सहज तरिका प्रयोग गर्न सक्ने गरी अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गर्न,
- स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न र स्थानीय सरकार संचालन ऐन बमोजिम सो कार्ययोजनालाई स्थानीय तथा राष्ट्रिय स्तरका योजनामा समेत समायोजन गर्न,
- सेवा प्रदायक निकायले समयमै प्रभावकारी ढंङ्गले स्रोत परिचालन गरी अनुकूलन कार्य क्रमबद्ध रूपमा अपनाउन/कार्यान्वयन गर्न,
- कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न

**मान्यताहरू**

- स्थानीय जलवायु अनुकूलन कार्ययोजना स्थान बिशेष अनुसार फरक फरक हुने भएकोले लक्षित क्षेत्र, वर्ग तथा समुदायको पहिचान गरी जलवायु परिवर्तनको असरसँग सामना गर्न अनुकूलनका उपायहरुको प्राथमिकिकरण गरी तयार गरिएको छ।
- पालिका स्तरीय अनुकूलन योजनाले लक्षित क्षेत्र, वर्ग तथा समुदायलाई समेटी जोखिम क्षेत्रको पहिचान गरी कार्यक्रमहरुको तय गरेको हुँदा यो कार्ययोजना प्रभावकारी रुपले संचालन गर्न सकिन्छ।
- स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि भएको हुँदा कार्यक्रम कार्यान्वयनका लागि अनुकूल वातावरणको सिर्जना हुनेछ।
- कार्ययोजना निर्माण गर्दा गाउँपालिकामा रहेको सम्पूर्ण सरोकारवालाहरुलाई समावेश गरिएकाले योजनालाई प्राथमिकताका साथ कार्य गर्न उपयुक्त वातावरण सिर्जना हुनेछ।
- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाको निर्देशित सिद्धान्तमा आधारित भई स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ।
- राष्ट्रिय अनुकूलन योजनाले पहिचान गरेका क्षेत्रमा आधारित भई जलवायु परिवर्तनले असर गर्ने सबै विषयगत क्षेत्र समेटि बिभिन्न सरकोकारवाला निकायहरुको सहभागितामा स्थानीय विपद् व्यवस्थापनका पक्षहरुलाई पनि विशेष ध्यान दिई कार्ययोजना तयार गरिएको छ।

## १.३ स्थानीय अनुकूलन कार्ययोजना र विपद् जोखिम व्यवस्थापन बीच अन्तरसम्बन्ध

स्थानीय अनुकूलन कार्ययोजना र विपद् तथा जलवायु उत्थानशील योजना छुट्टाछुट्टै मन्त्रालयबाट लागु गरिएको भएता पनि यसको उद्देश्य, आशय, योजना तर्जुमा, प्रक्रिया र विधिमा खासै भिन्नता देखिदैंनन्। दुबै योजनाको मुख्य उद्देश्य नेपालले भोगीरहनु पर्ने र दोहोरिरहने बाढी, पहिरो, महामारी, आगलागी, शीतलहर जस्ता विनाशकारी समस्या तथा जोखिमसँग जुध्न उत्थानशील समुदायको निर्माण गर्नु रहेको छ। स्थानीय अनुकूलन कार्ययोजनाले जलवायु परिवर्तनबाट सिर्जित जलवायुजन्य प्रकोपहरूमा केन्द्रित भई सङ्कटासन्न समुदायको अनुकूलित क्षमतामा अभिवृद्धि गर्ने उद्देश्यका साथ योजना तयार गरेको र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले जलवायुजन्य तथा अन्य प्रकोपहरूलाई समेटी विपद् व्यवस्थापनका पक्षलाई केन्द्रित गरी योजना तयार गरी कार्यान्वयन गर्ने भएकाले स्थानीय अनुकूलन कार्ययोजना र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना समायोजन गर्नु पर्ने आवश्यकता देखिएकोले विपद् व्यवस्थापन योजनामा समावेश भए गरेका विपद् व्यवस्थापन सम्बन्धी योजनाहरू पनि स्थानीय अनुकूलन योजनामा समावेश गरी कार्यान्वयन गर्दा अझ बढी प्रभावकारी हुने देखिएकोले यस योजनामा दुवै योजनाका समान रहेका पक्षहरूलाई समावेश गर्ने प्रयास गरिएको छ।




**चित्र १: जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापन बीच अन्तर्सम्बन्ध**

## १.४ अनुकूलन कार्ययोजनाको तयारीको समग्र प्रक्रिया

स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाका चार निर्देशक सिद्धान्तहरू (उध्र्वगामि, तत्परता, लचकता र समावेशी) र ६ चरण अन्तर्गत विभिन्न सहभागितामूलक विधि तथा औजारहरूको प्रयोग गरी यो कार्ययोजना तर्जुमा गरिएको छ। साथै स्वास्थ्य मन्त्रालयले तयार

गरेको स्वास्थ्य राष्ट्रिय अनुकूलन योजना (H-NAP) सन् २०१६-२०२० लाई पनि अनुकूलन कार्ययोजना तयारीको क्रममा आधार मानिएको छ जसले निकट भविष्यमा जनस्वास्थ्यमा जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट बच्न वा रोक्नको लागि देशको स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउन प्रारम्भिक योजना र सुदृढीकरणका लागि उपयुक्त रणनीतिको साथ कार्ययोजना तयार गरिएको छ।




**चित्र २: स्थानीय अनुकूलन कार्ययोजना खाकाको तयारीको समग्र प्रक्रिया**

स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गोष्ठी खसडछ्यान्ना गाउँपालिकामा जनप्रतिनिधिहरू र पालिका स्तरीय सरोकारवालाहरूलाई जलवायु परिवर्तन अनुकूलन सचेतिकरण गरेर सुरुवात गरिएको थियो। सो गोष्ठीमा गाउँपालिका क्षेत्रमा मुख्य मुख्य प्रकोपहरूको पहिचान साथै जोखिमहरूको विश्लेषण गरिएको थियो। त्यसैगरी वडा स्तरमा जलवायु परिवर्तन सम्बन्धी सचेतिकरण, प्रकोपको पहिचान र बस्तीहरू छनौट पश्चात् बस्तीहरूमा सङ्कटासन्नता लेखाजोखा र अनुकूलनका क्रियाकलापहरूको पहिचान गरिएको थियो। वडामा सङ्कटासन्नता लेखाजोखा, प्रकोप स्रोत नक्साङ्कन समेत तयार गरी अनुकूलनका क्रियाकलापहरू पहिचान गरिएको थियो। प्रत्येक वडाबाट आएका सूचनाहरूलाई पुनः गाउँपालिकामा प्रस्तुत गरी वडाहरूको स्तरीकरण, स्रोत नक्साङ्कन, जोखिम विश्लेषण, अनुकूलनका क्रियाकलापहरू पहिचान साथै वर्गीकरण गरिएको थियो।




**चित्र ३: पालिका, वडा र समुदाय स्तरमा स्थानीय अनुकूलन कार्ययोजना तयारीको प्रक्रिया**

### १.४.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि

जलवायु परिवर्तन नवीनतम विषयवस्तु भएकोले जलवायु परिवर्तनले पार्ने असर तथा प्रभावलाई सम्बोधन गर्नका लागि प्रभावकारी स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न जलवायुले के कस्तो असर पारेको छ? के कस्तो प्रभाव पार्न सक्दछ? अनुकूलनका विद्यमान अवसर वा चुनौती के के छन्? त्यसको सामना गर्नका लागि आवश्यक स्रोत र साधन कसरी जुटाउने? जस्ता सूचना स्थानीय स्तरमा जानकारी गराउन गाउँपालिका स्तरमा १ वटा सचेतना तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो जसबाट २५ (पुरुष १९ र महिला ६) र वडा स्तरमा ७ वटा लापा तर्जुमा गोष्ठी संचालन गरिएको थियो जसबाट २५४ (पुरुष १७८ र महिला ७६) व्यक्ति लाभान्वित भएका छन्। साथसाथै जोखिमयुक्त बस्ती तथा सङ्कटासन्न व्यक्तिहरूसँग १४ वटा लक्षित समूह छलफल गरिएको थियो सो क्रियाकलापबाट १०७ (पुरुष ८१ र महिला २६) व्यक्ति लाभान्वित भएका छन्।

सचेतना कार्यक्रममा सङ्कटासन्न समुदायका मानिसहरू, स्थानीय निकायका प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधि, शैक्षिक एवं स्वास्थ्य सेवा प्रदायक सङ्घसंस्थाका प्रतिनिधिहरू, विज्ञ, दलित,

जनजाति, किसान, युवा, महिला तथा किशोरीहरू, सामाजिक कार्यकर्ता र अन्य स्थानीयलाई सहभागी गरिएको थियो। सचेतना अभिवृद्धि कार्यक्रमको लागि जलवायु परिवर्तन सम्बन्धी प्रस्तुति, सामूहिक छलफल, सामूहिक कार्य, लक्षित समूह छलफल र सहभागितामूलक ग्रामीण लेखाजोखा गरिएको थियो।

### १.४.२ प्रकोप पहिचान तथा प्रकोपको प्राथमिकीकरण

खसडछान्ना गाउँपालिकामा विगत ३० वर्ष भन्दा अघि देखि घटेका प्रमुख जलवायुजन्य प्रकोपहरूको पहिचान गरी प्रकोपलाई स्तरीकरण गरिएको छ। प्रकोप पहिचानको लागि पालिकाको प्रत्येक वडामा प्रकोपको ऐतिहासिक घटनाक्रमको विश्लेषण गरिएको थियो जसबाट प्रकोप भएको वर्ष, प्रकोपले परेको प्रभाव तथा क्षति, मुख्य प्रभावित समुदाय, समुदाय तथा अन्य सङ्घसंस्थाले गरेको प्रयासहरूको चित्रण गरिएको थियो। जसबाट प्रकोपको स्तर, जोखिम समुदाय/बस्ती तथा घरधुरी आँकलन गर्न मद्दत गरेको थियो।

### १.४.३ सङ्कटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी

यस प्रक्रिया मार्फत सङ्कटासन्न व्यक्ति तथा समुदायहरू र जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीको विवरण तयार गरी सो बमोजिम अनुकूलन र जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यक्रमहरू तयार गर्न मद्दत पुगेको छ। सङ्कटासन्नता तथा अनुकूलन मूल्याङ्कन तथा लेखाजोखाका लागि मौसमी पात्रो, बाली पात्रो, ऐतिहासिक समय रेखा, सङ्कटासन्नता तथा स्रोत नक्साङ्कन, जलवायु परिवर्तनको क्षेत्रगत प्रभाव, फरक प्रभाव विश्लेषण, पारिस्थितिकीय प्रणालीमा परेका प्रभाव, जीविकोपार्जनका स्रोत र प्रकोप बीच अन्तरसम्बन्ध, जोखिम तथा अनुकूलनको विश्लेषण, अनुकूलनका उपायहरूको प्राथमिकीकरण र सेवा प्रदायक/संस्थागत विश्लेषण जस्ता सहभागितामूलक अभ्यास तथा विश्लेषण गरि सोबाट आएका नतिजाहरू विश्लेषण गरिएको छ।

# परिच्छेद २: खप्तडछान्ना गाउँपालिकाको परिचय

बझाङ जिल्लाको खप्तडछान्ना गाउँपालिका साविकको गडराय, पाटादेवल, कालुखेती, माझीगाउँ, लामातोला र पौवागढी गाउँ विकास समिति मिलेर बनेको छ जस अन्तर्गत सात वटा वडा विभाजन गरिएको छ। यस गाउँपालिकाको पूर्वमा बाजुरा जिल्लाको खप्तड छेडेदह गाउँपालिका, पश्चिममा बझाङकै थलारा गाउँपालिका, उत्तरमा जयपृथ्वी नगरपालिका र दक्षिणमा खप्तड राष्ट्रिय निकुञ्जको रमणीय क्षेत्रहरूले घेरिएको छ। यस गाउँपालिकाको कार्यालय पसलबगर घाटखोलामा रहेको छ।

क्षेत्रफलको हिसाबले ११३.५२ वर्गकिलोमिटर रहेको यस पालिकामा १३,४१९ जना व्यक्तिको बसोबास रहेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९)। खप्तडछान्ना गाउँपालिकाको वडा नं ७ सबैभन्दा ठूलो तथा धेरै जनसङ्ख्या भएको वडा हो भने वडा नं ३ सबैभन्दा सानो र सबैभन्दा कम जनसङ्ख्या रहेको वडा हो। समुन्द्री सतहबाट १,०४७ मिटर देखि ३,६२६ मिटरको उचाईसम्म फैलिएको यस गाउँपालिकामा उष्ण, समशीतोष्ण तथा शीतोष्ण प्रदेशीय हावापानी पाइन्छ। यस क्षेत्रको बीचभागमा नागबेली झै सयौं ससाना खोलानालाबाट बग्ने छान्ना गाड रहेको छ भने दायाँ बायाँ बस्तीमा खेतका फाँट, अग्लाहोचा पहाडी शृङ्खलाका काखमा विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ। जडारी गाड खप्तडछान्ना गाउँपालिकाको मुख्य नदि हो। जस अन्तर्गत विढीगाड, गोर्खाली गाड, सिउँडी गाड (पाटादेवल), धौली गाड (माझीगाउँ), नानी गाड (छात्रबस्टी), कुचे खोला (पौवागढी), देहली गाड (लामातोला), दुगडी गाड (गडराय) आदि खोलाहरू रहेका छन्।

**तालिका ४ :खप्तडछान्ना गाउँपालिकाको वडा अनुसार मुख्य वस्तीहरु**

| वडा नं | मुख्य बस्ती तथा टोलहरू |
|---|---|
| १ | गोठखोला, आडेकुना, गढीगाउँ, काटागाउँ, मायापाटा, लयाटोला, स्याउली, भाटबगर, खातीगाउँ, खोलाघर, गडीगाउँ, कडालगाउँ, ऐराडी, मसुराडी, कुच्चेखोला, |
| २ | बाङ्गापाटा, तल्लो ऐचेली, रुवानी, माथिल्लो ऐचेली, निमगाउँ, देहली, लामातोला, तल्ला बगर, दर बिसौना, चिन्डेगैरा, लादे, धमडा, पातिहाल्ना, कुडाकोट, चुण्डीकोट, फुङ्गेपानी, लिङ्गा, खैराडा, जिम्कोट, तोली |
| ३ | सिल्कवाडा, सुनारगाउँ, सिप्टीकोट, नुवाकोट, ढुङ्खेत, दारुगाउँ, बामिली, मेल्तडी, धडा |
| ४ | थलकाँडा, पासपखा, पानीखाल, पसलबगर, पुरानी, बाँसकटिया, माझीगाउँ, खत्रीवाडा, नेटाकाटिया, घट्टेबगर, विनायक, खोलेगडा, लामाढुङ्गा, घाटखोला |
| ५ | कालापानी, छात्रबस्टि, सुतारीगाउँ, मटुवा, बोराकाँडा, कालुखेती, ग्वालेकोट, दर्बाला, थला, बुंगतोला, छोटाखेत, पिठेतोला, बगर, ऐटेखाल, सुगुरखाल, रुम्लेकाँध |
| ६ | बयाना, बडाकाटी, पाडा, तिउने, पाटादेवल, बडाकोट, पुजारीगाउँ, डाँडामाडौं, भुइँखर्क, मछेनीपाताल, सिंगाडा, राजकोट, बजेडी, खालीगडा, भतिउन, माडीचौर, |

| | |
|---|---|
| ७ | सिरवा, पाटागाउँ, भुलवाडा, गडराय, बेडुपाटा, गोर्खाली, लामागडा, सिरवा, काँडातोला, खर्सु, लुलन, चौखुट्टे, बड्डारन, दिगर्जा, मष्टामाडौं, हितवाडा, थला, तोली, धर्तिवाडा, तिखाढुङ्गा, गाउँकाछाना, डिम्बर रुख, बाँसखुट्टे, डाँडाकोट |

स्रोतः वडा लापा तयारी गोष्ठी २०८१ तथा जि.आइ.एस. तथ्याङ्क

## २.१ अवस्थिति

बझाङ जिल्लाको खप्तडछान्ना गाउँपालिका पश्चिम सेती नदीको जलाधारमा अवस्थित छ। नगरपालिकामा भएका सबै खोला खोल्सीहरू पश्चिम सेती नदीमा गएर मिसिन्छन्। यस गाउँपालिका ८१°५'१५.४३" देखि ८१°१८'२७.४६" पूर्वी देशान्तर तथा २९°२४'३७.९९" देखि २९°३०'२०.२५" उत्तरी अक्षांशको बीचमा अवस्थित रहेको छ। त्यस्तै, समुन्द्री सतह देखि १,०४७ मिटर देखि ३,६२६ मिटर सम्मको उचाइमा फैलिएको यस पालिका सुदूरपश्चिम प्रदेशको मध्य पहाडी भौगोलिक क्षेत्रमा रहेको छ।




**चित्र ४: खप्तडछान्ना गाउँपालिकाको अवस्थिति नक्सा**

## २.२ सामाजिक अवस्था

खप्तडछान्ना गाउँपालिकामा धार्मिक तथा ऐतिहासिक मनोरम स्थलहरू उल्लेखनीय मात्रामा रहेका भएता पनि ती स्थलहरूको प्रचार प्रसार हुन नसकेका कारण सबैको जानकारीमा आउन सकेको छैन। यस पालिकामा खप्तड क्षेत्र, गुरेल झरना, कैलाश गुफा, थामलेक, लिङ्गापाटन, बिप्रा क्षेत्र, बामिली क्षेत्र, विनायक क्षेत्र, वगुडा भलाना, खालीगडा, कुँडौन, रौंलेखाद, बागदुला, तुनालेक, भँडारसैन, थलाचौर, ठूलाचौर, सुगरखाल, ग्वानी दरवला, बासुधारा तीर्थस्थल, काँडाकोट, खालदुरा,

ओखरपानी जस्ता धार्मिक तथा पर्यटकीय क्षेत्र रहेको छ। क्षेत्री, ब्राह्मण, दलित जातिको मिश्रित बसोबास रहेको यस पालिकामा मुख्य कामकाजी भाषा नेपाली भएता पनि स्थानीय मौलिक भाषा समेत बोलीचालीमा रहेको पाइन्छ। धार्मिक रूपमा हिन्दु धर्मावलम्बीहरूको उच्च बाहुल्य रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरूमा दशैं, तिहार, माघे संक्रान्ति, चैते दशैं, कृष्ण जन्माष्टमी, होली, शिवरात्री आदि रहेका छन्। धार्मिक तथा भाषिक रूपमा करिब एकरूपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन्। भेषभुषाका रूपमा पुरुषहरूले मुख्य रूपमा दौरा सुरुवाल, ढाका टोपी तथा कोट तथा धामीले पगडी बाँध्ने र महिलाले गुन्यू चोली र पटुकी बाँध्ने गर्दछन्। यस पालिकाको प्रमुख क्षेत्रमा धार्मिक, पर्यटकीय तथा ऐतिहासिक खप्तड क्षेत्र रहेको छ।

नेपालको अन्य पश्चिम भागमा जस्तै छाउपडी प्रथा अझै पनि केही रूपमा यहाँ पनि रहेको पाइन्छ। छाउ भएको समयमा छुट्टै छाप्रोमा बस्ने चलन केही रहेको तथा पूजाआजा गर्न नदिने, धार्मिक कार्यमा भाग लिन नदिने, दूध, दही नछुने, त्यसो गरे अपसगुन हुन्छ/भगवान रिसाउँछन् भन्ने परम्परागत धारणा अझै पनि विद्यमान छ। महिलाहरूको प्रजनन स्वास्थ्यसँग सम्बन्धित प्राकृतिक प्रकृयालाई समाजले अहिले पनि कलङ्कको रुपमा हेर्ने गरेको छ। स्वयम् महिलाहरूले पनि प्रजनन शिक्षाको कमीले गर्दा यसलाई सजिलो रुपमा लिन सकेका छैनन्।

## २.३ मानवीय अवस्था

### जनसङ्ख्या

खप्तडछान्ना गाउँपालिकामा कुल ३,१०२ घरधुरी रहेका छन् जहाँ १३,४१९ जनसङ्ख्या बसोबास गर्दछन् जसमध्ये ७,३९० महिला र ६,०२९ पुरुष रहेका छन्।

**तालिका ५: खप्तडछान्ना गाउँपालिकाको वडागत जनसङ्ख्या विवरण is caste wise disintegrated data available ?**

| वडा नं | घरधुरी | जनसङ्ख्या | | | औसत | लैङ्गिक |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | परिवार संख्या | अनुपात |
| १ | ३५५ | १५७१ | ७०९ | ८६२ | ४.४३ | ८२.२५ |
| २ | ३७५ | १६०८ | ७२२ | ८८६ | ४.२९ | ८१.४९ |
| ३ | ३७३ | १६३६ | ७११ | ९२५ | ४.३९ | ७६.८६ |
| ४ | ४४१ | १८५७ | ८२५ | १०३२ | ४.२१ | ७९.९४ |
| ५ | ५२६ | २१६५ | १०२० | ११४५ | ४.१२ | ८९.०८ |
| ६ | ४९० | १९६२ | ८३८ | ११२४ | ४.०० | ७४.५६ |
| ७ | ५४२ | २६२० | १२०४ | १४१६ | ४.८३ | ८५.०३ |
| जम्मा | ३१०२ | १३४१९ | ६०२९ | ७३९० | ४.३३ | ८१.५८ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

यस गाउँपालिकामा स्वास्थ्य सेवासँग सम्बन्धित (अनमी, अहेब, स्टाफ नर्स) ३९ जना, महिला स्वास्थ्य स्वयंसेविका ४५ जना, इन्जिनियर/ओभरसियर ४१ जना, सैनिक/पुलिस सेवामा संलग्न १५० जना, सूचना प्रविधि सम्बन्धित ५ जना प्राविधिक जनशक्ति रहेका छन्। त्यस्तै करिब २५० जना शिक्षक, कृषि तथा भेटनेरी प्राविधिक १९ जना, सिकर्मी करिब १५० जना, डकर्मी २५० जना, पक्की संरचना बनाउन जान्ने मिस्त्री ७६ जना तथा डढेलो नियन्त्रण तालिम प्राप्त ५ जना रहेका छन्। यसका साथै अन्य जीविकोपार्जन सम्बन्धी (कृषि, सिलाई बुनाई, तारजाली बुन्ने, फर्निचर बनाउने १५ जना, प्लम्बिंग १० जना, इलेक्ट्रीसियन, सवारी मर्मत ५ जना, सवारी चालक ३६ जना, डोजर चालक ७ जना, जलविद्युत अपरेटर १० जना) तालिम प्राप्त व्यक्तिहरू पनि रहेका छन् (स्रोतः वडा लापा तयारी गोष्ठी, २०८१)।

### धर्म तथा भाषा

खप्तडछान्ना गाउँपालिकामा मुख्य रूपमा हिन्दु धर्म मान्ने समुदाय रहेको छ भने यहाँका लगभग सबै जसो समुदाय हिन्दु धर्म (१३,४११) तथा यससँग सम्बन्धित चालचलन, रीतिरिवाज तथा संस्कृति मान्ने गरेका छन् भने क्रिस्चियन धर्म मान्ने ७ जना तथा बौद्ध धर्म मान्ने १ जना रहेका छन् (स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९)। त्यस्तै यस पालिकामा मातृभाषाको रूपमा सबैभन्दा बढी नेपाली (७,०६०), बझाङ्गी (६,१०४) तथा बाजुरेली (१०४) रहेका छन् (स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९)।

### जातजाति

खप्तडछान्ना गाउँपालिकामा विशेष गरी क्षेत्री, ब्राह्मण तथा दलित जातजातिको बसोबास रहेको पाइन्छ। यस पालिकामा सबैभन्दा धेरै क्षेत्री (७,८५२), ब्राह्मण (१,६२५), विश्वकर्मा (१,४४१), ठकुरी (१,२१०), मिजार (५४१), सन्यासी (४६५), परियार (२४१), नेवार (३६) र अन्य (८) जातजातिको बसोबास रहेको छ (स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९)।

## २.४ आर्थिक अवस्था

खप्तडछान्ना गाउँपालिकाको ६६.८% जनसङ्ख्या आर्थिक रूपमा सक्रिय रहेका छन् जसमा ६९.९% पुरुष तथा ६४.५% महिला रहेको देखिन्छ। यहाँको मुख्य पेशा कृषि रहेता पनि होटेल, पसल, सिलाई कटाइ, गाडी/ट्र्याक्टर/मोटरसाइकल बनाउने ग्यारेज, कुटानी पिसानी मिल, कुखुरा तथा माछापालन, तारजाली बुन्ने तथा घरेलु चाउमिन उद्योगहरु आर्थिक उपार्जन हुने स्रोतको रूपमा रहेका छन्। यस बाहेक दैनिक ज्याला मजदुरी, गिट्टी कुट्ने, ढुङ्गा/तारजाली पर्खाल लगाउने, सामान लोड/अनलोड गर्ने गरेर पनि स्थानियहरुले आर्थिक उपार्जन गर्दै आएका छन् ।

**तालिका ६: क्षेत्रगत आर्थिक क्रियाकलापमा संलग्न दस वर्ष भन्दा माथिको जनसङ्ख्या (%)**

| क्षेत्र | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| कृषि | ८०.७४ | ७१.५७ | ८७.५५ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत | ७.१० | ९.७९ | ५.११ |
| शिक्षा | ३.८५ | ६.७८ | १.६८ |

| | | | |
|---|---|---|---|
| निर्माण क्षेत्र | १.९३ | २.२० | १.७३ |
| अन्य | ३.२४ | ५.१५ | १.८२ |
| उत्पादनमुलक | १.४२ | १.९५ | १.०३ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ०.९६ | १.२२ | ०.७७ |
| प्रशासनिक र सुरक्षाकर्मीहरू | ०.७६ | १.३५ | ०.३३ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

**तालिका ७: खप्तडछान्ना गाउँपालिकामा हुने मुख्य बाली चक्र**

| क्षेत्र | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पाखो बारी | मकै, धान, मास, कोदो, मार्से आलु, तरकारी | | | | | | गहुँ, कोदो, जौ, आलु, | | | | | |
| | | | | | | | | | | | | |
| खेत | गहुँ, आलु | | धान | | | | | गहुँ, आलु, तोरी, जौ | | | | |
| | | | | | | | | | | | | |

स्रोतः स्थानीयसँग छलफल, २०८१

यहाँका मानिसहरूको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ। अन्नबालीमा मुख्य धान, मकै, कोदो, जौ, गहुँ, मार्से मुख्य प्रजाति छन् । तरकारीमा आलु, मुला, रायो, काउली, प्याज, लसुनको खेती हुने गरेको छ भने पशुपालनमा मुख्यतः गाई/गोरु, भैंसी, बाख्रा, भेडा, बंगुर, कुखुरा रहेका छन्। सिँचाइको सुविधा भएको स्थानहरूमा दुई बाली खेती हुने गरेको पाइन्छ भने सिँचाइको पर्याप्त सुविधा नभएको स्थान/पाखो बारीमा मिश्रित बाली खेती हुने तथा केही समय उक्त जग्गा बाँझो समेत रहने गरेको छ। यस भेगका उच्च स्थानहरूमा स्याउ, ओखर, सुन्तला, नास्पाती, आलुबखडा, आरु, अम्बा तथा तल्लो भेगमा आँप, मेवा, अङ्गुर खेतीका रुपमा पनि प्रवर्द्धन गर्न खोजिएको पाइन्छ भने च्याउ खेतीको पनि सुरुवात भएको पाइन्छ। यहाका मानिसहरु अधिकतम समय अन्नबाली उत्पादन र पशुपालनमा बिताउने भएता पनि यहाँका कृषि निर्वाहमुखी मात्र रहेको छ। आम्दानीको अन्य स्रोतको रुपमा यहाँका मानिसहरू भारत तथा अन्य जिल्लामा ज्याला मजदुरीको लागि जाने गरेका छन् भने केही मानिसहरुले व्यापार, व्यवसाय, नोकरी तथा उद्योग संचालन गरि बसेका छन्।

## २.५ शैक्षिक अवस्था

खप्तडछान्ना गाउँपालिकामा समग्र साक्षरता दर ६९.७% रहेको छ जसमा पुरुष साक्षरता दर ८५.४% छ भने महिला साक्षरता दर ५७.१% रहेको छ। यस पालिकामा प्राथमिक तहसम्मको शिक्षा हासिल गर्ने ३१.३%, माध्यमिक तह पढ्ने ४०.४%, एस.इ.इ. उत्तीर्ण गर्ने ४.३% छन् भने उच्च शिक्षा हासिल गर्ने १९% रहेको छ (स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९)।

विषयगत सङ्काय अनुसार गाउँपालिकामा १०+२ वा सो भन्दा माथि पढेको जनसङ्ख्याको सबैभन्दा धेरै (७१.९% महिला र ६३.२% पुरुष) शिक्षा सङ्काय अध्ययन गरेको देखिन्छ भने व्यवस्थापन,

मानविकी तथा समाजशास्त्र अध्ययन गर्ने जनसङ्ख्या धेरै रहेको छ। अन्य प्राविधिक विषय पढ्ने जनसङ्ख्या कम रहेको छ जसमा पनि विज्ञान प्रविधि तथा इन्जिनियरिङ विषय पढ्नेमा पुरुषको सङ्ख्या महिलाको तुलनामा बढी रहेको छ (स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९)।

शैक्षिक संस्थाहरू [प्रारम्भिक बाल कक्षा (३८ वटा), प्राथमिक विद्यालय १-५ (२२ वटा), आधारभूत विद्यालय १-८ (८ वटा), माध्यमिक विद्यालय १-१० (४ वटा), माध्यमिक विद्यालय १-१२ (४ वटा), क्याम्पस १ वटा र संस्थागत प्राथमिक विद्यालय (४ वटा) रहेका छन्।

## २.६ इन्धन तथा ऊर्जाको अवस्था

खप्तडछान्ना गाउँपालिकामा प्रायजसो सबै घरधुरी (९७.२%) ले खाना पकाउनको लागि दाउराको प्रयोग गर्छन् भने २.३% घर धुरीले एल.पी.जी. को प्रयोग गर्ने गरेको छन्। त्यस्तै, बत्ती बाल्ने ऊर्जाको स्रोतको रूपमा विद्युत प्रयोग गर्ने घरधुरी ९५.२% तथा सोलार प्रयोग गर्ने घरधुरी १.२% रहेको छ (स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९)।

## २.७ खानेपानी तथा सरसफाईको अवस्था

खप्तडछान्ना गाउँपालिकामा ७८.५% घरधुरीले खानेपानीको लागि सार्वजनिक धाराको प्रयोग गर्छन् भने १०.८% घरमा आफ्नै आँगनमा धारा रहेको छ। त्यस्तै १०.२% ले मुहानबाट पानी ल्याएर खानेपानीको जोहो गर्ने गरेका छन्। गाउँपालिकाको ५२.४% घरमा सेप्टिक टयाङ्की सहितको शौचालय तथा ४६.२% घरमा खाडल शौचालय रहेको छ भने २१ घरधुरीमा अझैपनि शौचालयको व्यवस्था रहेको छैन (स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९)।

## २.८ प्राकृतिक स्रोतको अवस्था

### २.८.१ वन सम्बन्धी विवरण

खप्तडछान्ना गाउँपालिकामा रहेका वन तथा मुख्य रूपमा ठिन्ग्रेसल्ला, बाँझ, उतिस, गोब्रेसल्ला, खोटेसल्ला, काफल, डिम्मर, टुनी, ओखर आदि विरुवाहरु पाइन्छन्। गैर काष्ठ वन पैदावरमा अमला, रीठा, सतुवा, कटुकी, झ्याउ, विष जरा, भ्रिंगीराज, लालीगुराँस, ओखर, झुलो, पाषणवेद, खिरौंला, टुना (लिस्सी), लोक्ता, च्याउ प्रचुर मात्रामा पाइन्छन् भने अतीस, , अल्लो, आरु, ओखर, आँप, अमला, असुरो, अरिण्डो, अपमार्गी, आकाशबेली, अयार, ऐसेडो, इसमगोल, उन्यू, ऐंसेलु, ऐंजेरु, कपास, कचुर, काफल, काप्रो, कालो कचुर, केतुकी, कोइरालो, कुकुरडाइनो, कुरिलो, कण्टकारी, कटुकी, करवीरे फुल, काकडी, काँस, कुश, काली निउरो, खिरो, खैर, सरिक, खोटे सल्लो, गुर्जो, गुच्ची च्याउ, गोब्रे सल्लो, गुराँस, गिठा, घण्टी फूल, गोलकाँक्री, व्राम्हणी, घिउकुमारी, चरीमरी, चिराइतो, चुत्रो, चमेली फूल, जटामसी, किर्मुडो, टुनी, टिम्मुर, तितेपाती, तुलसी, टुकी फूल, झुलो, ताराचुक, तेजपात, देवदार, बाघबेली, दाडीम, धूपजडी, सिमल, नागबेली, पिपल, भिडाइती, प्याउली, हत्ताजडी, पदमचाल, पैयुँ, पाँगर, बाँस, बकाइनो, बोझो, बायोजडी, कोला, बैंस, भाकामिलो, बाँको, मछाइनो, मलायो, भोजपत्र, भुतकेश, मेल, मजिठो, पुदिना, मसला, रिठा, रुइनो, मर्सि, बाँजखोटो, लाटेबाँझ, लेकलौंठ, भाँगामिलो, लाटे टिमुर, लालचन्दन, सिमल, सयपत्री, हजारी, सतुवा, सिउँडी, च्याउ, हरडो, मरडो, हलले आदि पाइन्छन्।

यस क्षेत्रमा चितुवा, रतुवा, स्याल, बाँदर, लङ्गुर, घोरल, मृग, मलसाँप्रो, न्याउरीमुसो, कस्तुरी मृग, भालु, हिउँचितुवा, बँदेल, फ्याउरो आदि स्तनधारी जन्तुहरू पाइन्छन्। त्यसैगरी, पानीहाँस, डाँफे, मुनाल, चिल, कालो गिद्ध, सेतो गिद्ध, भ्याकुर, ढुकुर, कालिज, च्याखुरो, वन कुखुरा, काफल पाक्यो, आदि चराहरू पाइन्छन् ।

यस पालिकामा २१ वटा सामुदायिक वन (महालिङ्ग बाठपाला, डाँडागाउँ शैलेश्वरी, भगवती सल्लेरी, नुवापानी वाच्पान्नेथलो, वान्ता, पालेपातल, लहरे, पारीमेला, टिकागढी महिला, वेडेभुवा, जगदम्बा, मुथिमेलो, विनायक, डोठेखोला, गजन्थलो, मष्टादेव, थालासल्लेरी, गर्वे, मैलाको मेला, मष्टा, गोर्खालोटे) हरु रहेका छन् (स्रोतः खप्तडछान्ना गुरुयोजना २०७९)।

## २.८.२ जलस्रोत विवरण

खप्तडछान्ना गाउँपालिकाको मुख्य जलाधार पश्चिम सेती नदि हो। गाउँपालिकामा रहेका मुख्य सहायक जलाधारहरुमा जडारी गाड मुख्य नदि हो जस अन्तर्गत विढी गाड, गोर्खाली गाड, सिउँडी गाड (पाटादेवल), धौली गाड (माझीगाउँ), नानी गाड (छात्रवस्टी), कुचे खोला (पौवागढी), देहली गाड (लामातोला), दुगडी गाड (गडराय), रवाखोला (माझीगाउँ), नानीगाड (पाटादेवल) खोलाहरु पर्दछन् जुन यस गाउँपालिकाको प्रमुख जलस्रोत हुन भने गोर्खाली झरना (गुरेल झरना), खापरदह महत्वपूर्ण स्रोतहरु हुन्। यि खोलाहरूको छेउछाउमा पर्ने वस्तिहरु पहिरो तथा बाढीको जोखिममा रहेका छन्। खोला तथा खोल्सीहरुको पानी खानेपानी, सिँचाई तथा लघु जलविद्युतको लागि प्रयोग गरिएको छ।

**तालिका ८: वडा अनुसार जलस्रोतको विवरण**

| वडा नं | नदी, खोला/खोल्सी, मुहान, कुवा | मुख्य प्रयोजन |
|---|---|---|
| १ | धौलीगाड, ठूलो खोला, काला खोला, कुच्चा खोला, पनेरा खोला,खारे खोला, देहली खोला, जडारी गाड | खानेपानी, लघु जलविद्युत तथा सिँचाई |
| २ | जडारी गाड, देहली खोला, रिठे खोला, कित्ताधारा खोला, बासुधारा मूलनमा मूल ,, चौडाय खोला, फुंगेपानी खोला, सेती नदी, थुको खोला | खानेपानी, पानीघट्ट तथा सिँचाई |
| ३ | बामिली गाड, भगाडी गाड, गडौनी गाड, मैथान खोला, नाडी खोला, सानेगाउँ गाड, धौली गाड | खानेपानी, पानीघट्ट तथा सिँचाई |
| ४ | खारखोला, धौलीगाड, नाडीगाड, ठुला खोला, घाट खोला, रिठे खोला, जडारी गाड, सुन्ते खोला, थुको खोला, मुहान (बामिली, चिनेभुष, बिलिबिन्त, घट्टेबगररबाखोला ,) | खानेपानी, पानीघट्ट तथा सिँचाई |
| ५ | गडौनी गाड, नानी गाड, धामी खोला, पनेरी खोला, घियापानी, आइतेखाल खोला, सानेगाउ गाड, जडारीगाड, बाह्रबिसे गाड, बाघमारे खोला, रिगौता खोला, माणू, पानी नाउला, बाडिका धारा, बैंसका धारा | खानेपानी, पानीघट्ट, लघु जलविद्युत तथा सिँचाई |

| | | |
|---|---|---|
| ६ | सिमरी गाड, नानी गाड, दुदिर मान्डु खोला, बाह्रबिसे खोला, जडारी गाड | खानेपानी, पानीघट्ट, लघु जलविद्युत तथा सिँचाई |
| ७ | सैनी गाड, टाडा खोला, घस्यौटो खोला, लामागडा गाड, दुगडा गाड, नानीगडी खोला, बिडी गाड, बदर्वा खोला, विनायक खोला, गोर्खाली खोला, थला खोला, छहरा खोला, बाह्रबिसे गाड, गुरेल झरना, जलकुण्ड, गुरेल मुहान, खर्सु मुहान, नैदे मुहान | खानेपानी, पानीघट्ट तथा सिँचाई |

स्रोतवडा लापा तयारी गोष्ठी :, २०८१

### २.८.३ भूउपयोग विवरण

खप्तडछान्ना गाउँपालिकाको मुख्य भूउपयोगमा खेतीयोग्य जमिन, वन जङ्गल, बाँझो जमिन, पानीले ढाकेको क्षेत्र, बगर, बुट्यान तथा घाँस भएको जमिन रहेको छ। गाउँपालिकाको भूउपयोग विवरण तालिका १० मा दिइएको छ। खप्तडछान्ना गाउँपालिकामा ८३० हेक्टर खेत र २,२९७ हेक्टर पाखो बारी रहेको छ (स्रोतः वार्षिक पुस्तिका, जिल्ला कृषि तथा पशुसेवा कार्यालय बझाङ २०७१/०७२)। गाउँपालिकामा ५६.६% वनजङ्गल, कृषि जमिन ३३.८९%, बुट्यान,घाँसे मैदान, चरिचरण क्षेत्र ९.३७%, खोलानाला/पानीले ढाकेको क्षेत्र तथा बगर ०.१११% तथा बस्ती ०.०३% रहेको छ (स्रोतः Forest Research and Training Centre, २०२२)।




**चित्र ५: खप्तडछान्ना गाउँपालिकाको भूउपयोग नक्सा**

स्रोत: Forest Research and Training Centre, २०२२ (Dataset)

## २.९ भौतिक पूर्वाधारको अवस्था

खप्तडछान्ना गाउँपालिकाको कार्यालय वडा नं. ३ पसलबगरमा रहेको छ। बझाङ जिल्लामा सदरमुकाम जोड्ने खोड्पे-चैनपूर सडक निर्माण पछि हाल विभिन्न स्थानीय क्षेत्र जोड्ने ग्रामीण सडक तथा दिपायल-चैनपूर-ताक्लाकोट सडक जस्तो रणनीतिक सडकहरू निर्माणाधीन रहेका छन। पौवागढी-नेटाधार-तोली-मोतुवा-गडराय सडक (२० कि.मि), थामलेक-गडराय-पाटादेवल-कालुखेती-माझीगाउँ-लामातोला-पौवागढी-लुयाटा-चैनपूर सडक (२० कि.मि.), गडराय-गोर्खाली सडक (१२ कि.मि.) यस गाउँपालिकाको मुख्य सडक संजाल हुन् भने पालिकाको सबै वडामा कच्ची सडक संजालले छोएको छ। जडारीगाड, घट्टेगाड, मौभेरा खातीगाउँ, ऐराडी, सिमलपानी, घट्टेवगर, पसलवगर, घाटखोला, भलायाघाट, कालुखेती, मैलागाउँ, उनानी, गडखेत, गडराय विडीगाड, नानीगाड, सिमलपानी, देहली ट्रस ब्रिज र लाटामाण्डौमा पक्की पुल रहेका छन् ।

यस गाउँपालिकामा १० वटा लघुजलविद्युत आयोजनाहरू [गडराय (१५ कि.वा.), सिउडिगाड (३५ कि.वा.), सुनाखानी (१७ कि.वा.), कालुखेती नानीगाढ (२५ कि.वा.), गडौनीगाड (२१ कि.वा.), माझिगाँउ नाडीखोला (२०.५ कि.वा.), भगाडीगाड खाखोला (२१ कि.वा.), लामातोला जडारीगाड (४२ कि.वा.), पौवागडी (२१ कि.वा.) र गढीगाउँ] रहेका छन्। त्यस्तै, १० वटा सिँचाई आयोजना [वामिली १५० हेक्टर, माझिगाँउ १६८ हेक्टर, गडौनगाड १५० हेक्टर, सिप्टीकोट ३० हेक्टर, गडराय ३० हेक्टर, पाटादेवल ३० हेक्टर, जिमकोट ४० हेक्टर, रावलडाँडा ४५ हेक्टर, पौवागडी ३५ हेक्टर, ओडगाउँ जिउला २५ हेक्टर] रहेको छ।

खप्तडछान्ना गाउँपालिकामा रहेको ५४.१% घर ढुङ्गा तथा स्लेटले छाएको छ भने ३३.४% घर जस्ता/टिनले छाएको छ। त्यस्तै, अझैपनि पराल तथा खरले छाएको घर ५.७% रहेको छ भने जम्मा ६.७% पक्की ढलान गरेको रहेको छ (स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९)।

यस क्षेत्रका अधिकांश घरहरू कतिपय सरकारी भवन बाहेक स्थानीय निर्माण सामाग्रीद्वारा निर्मित एवं परम्परागत छन्। हाल सडकको सुविधा भएका कारण सडकका छेउछाउका स्थान र अन्य ठाउँमा समेत आधुनिक प्रकारका तयार हुने गरेका छन्। यद्यपि भुकम्प प्रतिरोधी र भवनको मापदण्ड र नक्सा बमोजिम घर बनाउने प्रचलन भने पाईँदैन। हाल स्लेटको अभाव र बाहिरबाट निर्माण सामाग्री खरिद गर्न नसकिने हुनाले कर्कटपाताको छाना भएका घरहरूको सङ्ख्या बढ्दै गएको छ। घरको संरचनाहरू नयाँ बनाउँदा परम्परागत शैलीले निरन्तरता पाएको छैन।

## २.१० लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

समूहगत छलफल तथा अवलोकनबाट प्राप्त जानकारीको आधारमा खप्तडछान्ना गाउँपालिकामा जागिर, व्यापार जस्ता उत्पादनशील कार्यहरूमा पुरुषको सहभागीता महिलाको तुलनामा धेरै पाइएको छ भने खेतीपाती, घाँस दाउरा, पानी, भान्सा, केटाकेटीको रेखदेख जस्ता पुर्नउत्पादनशील तथा हेरचाह मूलक कार्यहरूमा महिलाहरूको सहभागिता धेरै पाइएको छ। त्यसैगरी सामाजिक तथा राजनैतिक क्रियाकलापहरूमा पनि महिलाहरूको संलग्नता पुरुषहरूको तुलनामा निकै कम छ।

त्यस्तै, समान कामको लागि पनि पुरुषलाई भन्दा महिलालाई कम ज्याला प्रदान गर्ने प्रचलन यहाँ पनि विद्यमान छ। नीतिगत तहमा आएका महिलामूखि नीतिहरू तथा विभिन्न निकायहरूबाट सञ्चालन भइरहेका सशक्तिकरणका क्रियाकलापहरूले गर्दा महिलाहरूको सचेतना स्तर बढ्दै गएता पनि समग्र समाजको महिलाहरु प्रतिको दृष्टिकोणमा खासै परिबर्तन आउन नसकेको र महिलाहरुको सामाजिक भूमिका परिबर्तन हुने गरि जनचेतनाका कार्यक्रमहरु संचालन खासै नभैराखेको हालको सन्दर्भमा भविष्यमा उत्पादनशील, सामाजिक तथा राजनैतिक क्रियाकलापहरुमा महिलाहरूको संलग्नता बढ्न सक्ने देखियता पनि महिलाहरुको कार्यबोझ घट्ने र महिला नेतृत्वले हालको अवस्थामा भोगिरहेको समस्याहरुमा खासै परिबर्तन आउने देखिदैन । गाउँपालिकाका सबै वडामा युवा संजाल, किशोरी संजाल तथा महिला संजाल रहेको छ जसको विभिन्न सामाजिक काममा सहभागिता हुने तथा वडा स्तरीय कार्यक्रममा सबै संजालबाट प्रतिनिधित्व हुने गरेको छ।

## २.११ संघसंस्थाहरुको अवस्था

यस गाउँपालिकामा सहभागीतात्मक विकासका लागी Integrated Development Society (IDS) Nepal, World Food Programme (WFP), Rural Education and Environment Development Center (REED), Action for Nepal, Early Grade Reading Program (EGRP), हेफर, ग्रीन तारा, Multipurpose Development Society (MPDS), युथ एलायन्स फर इन्भारोमेंट (YAE) जस्ता संस्थाले कार्य गरिरहेका छन्। यि सङ्घसंस्थाहरूले जलवायु अनुकूलन, प्रकोप न्यूनिकरण, जीवनस्तर सुधार, खानेपानी तथा सरसफाइ तथा स्वच्छता, बालपोषण, गरीबी निवारण, लैङ्गिक समानता तथा सुशासन, भौतिक पूर्वाधार निर्माण, महिला सशक्तीकरण जस्ता क्षेत्रहरूमा कार्य गर्दै आएका छन्।

**तालिका ९: खसडछान्ना गाउँपालिकामा कार्यरत सङ्घसंस्था तथा तिनीहरुले प्रदान गर्ने सेवा**

| सङ्घसंस्था | ठेगाना | विपद सँग सम्बन्धित सेवा प्रदान गर्ने सेवा | सेवा प्रदान गर्ने समय | | |
|---|---|---|---|---|---|
| | | | विपद पूर्व | विपद समयमा | विपद पछि |
| **खसडछान्ना गाउँपालिका** | पसलबगर, बझाङ ९८५८४८५६१६ | बहुप्रकोप नक्साङ्कन, विपद कोष, विपद सामग्री,, तथ्याङ्क तथा सूचना सङ्कलन अन्य निकायसँग समन्वय, पुनःस्थापनाको लागि राहत वितरण, पुनःनिर्माण | √ | √ | √ |
| **वडा कार्यालयहरू** | पौवागढी, लामातोला, नुवाकोट, माझीगाउँ, कालुखेती, पाटादेवल, गडराय | विपद सामग्री, तथ्याङ्क सङ्कलन अन्य निकायसँगै समन्वय, पुनः स्थापनाको लागि राहत वितरण पंजिकरण, सिफारिस दिने, जनचेतना र जीविकोपार्जन गर्ने कार्यक्रमहरू, सूचना प्रदान | √ | √ | √ |
| **नेपाल रेडक्रस सोसाइटी** | बझाङ राहत, उद्धार तथा रिफर | विपद सामग्री, नेपाल रेडक्रस सोसाइटी परिचालन, समन्वय, राहत वितरण राहत बाढ्ने समयमा महिला तथा | | √ | √ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | किशोरीहरुले भोग्न सक्ने समस्यालाई समेत ध्यानमा राखि राहत सामग्रीहरु उपलब्ध गराउनेछन । | | | |
| **स्वास्थ्य चौकी** | सबै वडा | आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापन, स्वास्थ्य सेवा प्रदान, विपद क्षेत्रमा स्वास्थ्य स्वयम् सेवक परिचालन, विपदको समयमा सुत्केरी तथा गर्भवती महिलाका लागि विशेष सेवा सञ्चालन | | √ | √ |
| **खोप केन्द्रहरू** | सबै वडा | बच्चाहरूलाई नियमित खोप सेवा | √ | √ | √ |
| **सामुदायिक वन उपभोक्ता समितिहरू** | सबै वडा | पहिरो सम्भावित क्षेत्रमा सोको रोकथामको लागि उपयुक्त प्रजातिहरुको वृक्षारोपण, पुनः स्थापनाको लागि काठ तथा दाउराको व्यवस्थापन, विपतमा परेका विपन्न वर्गलाई सा.व.को खाली जग्गामा आयमुलक कार्यको लागि कबुलियती वनको व्यवस्था, डढेलो व्यवस्थापन | √ | √ | √ |
| **विद्यालयहरू** | सबै वडा | विद्यार्थीलाई प्रकोप सम्बन्धी शिक्षा प्रदान, प्रभावित समुदायलाई आपत्कालिन बसोबास | √ | √ | √ |
| **आमा/महिला/ किशोरी समुह तथा युवा/बाल क्लब/संजाल** | सबै वडा | आकस्मिक बसोबासको लागि सेल्टर निर्माणमा सहयोग, स्वयंसेवा, खोज तथा उद्धार, स्वास्थ्य शिविरमा सहयोग, राहत वितरणमा सहजीकरण, विपदको समयमा महिला तथा किशोरी लक्षित राहत सामाग्री वितरण | √ | √ | √ |
| **जिल्ला प्रशासन कार्यालय** | चैनपुर, बझाङ | प्रकोप नक्साकन, विपद कोष सरकारी तथा गैर सरकारी संस्थालाई परिचालन, राहत वितरण | √ | √ | √ |
| **नेपाल प्रहरी** | छान्ना प्रहरी चौकी' | सूचना प्रवाह गर्ने, खोज तथा उद्दारमा सहयोग गर्ने, आकस्मिम बसोबास तथा सेल्टरमा हुनसक्ने सम्भावित यौनजन्य दुरव्र्यवहार रोक्न विशेष कार्यक्रम सञ्चालन गर्ने | | √ | √ |
| **बैक तथा वित्तीय संस्था** | पालिका | पुनः स्थापनाको लागि ऋण सहयोग ( महिला तथा विपन्न वर्गको लागि विशेष प्याकेजको घोषणा), विपदको समयमा आर्थिक सहयोग | | √ | √ |

| | | | | | |
|---|---|---|---|---|---|
| **संचार माध्यम/ रेडियो** | नेपाल | चेतनामुलक कार्यक्रम, सूचना प्रवाह, मौसम सम्बन्धि जानकारी प्रदान | √ | √ | √ |
| **IDS** | बालुवाटार, काठमाडौं | स्वास्थ्य पोषण र भौतिक संरचना निर्माण | √ | √ | √ |
| **WFP** | पाटनढोका, ललितपुर | विद्यालय क्षेत्रमा दिवा खाजा | √ | √ | √ |
| **REED नेपाल** | ज्वागल, ललितपुर | शिक्षक तालिम, विद्यालयमा अस्थायी टहरा निर्माण, स्वास्थ्य क्षेत्रमा काम | | | |
| **Action For Nepal** | बौद्ध, काठमाडौं | शिक्षक तालिम, विद्यालयमा अस्थायी टहरा निर्माण, स्वास्थ्य क्षेत्रमा काम | √ | | √ |
| **ग्रीन तारा** | बालुवाटार, काठमाडौं | महिनावारी, सरसफाई तथा स्वच्छता सम्बन्धि तालिम र जनचेतना, समुदाय र विद्यालयमा शौचालय निर्माण | √ | | √ |
| **EGRP** | | पाठ्यक्रम सम्बन्धि शिक्षकलाई तालिम, शैक्षिक सामग्री वितरण, विद्यालयमा बुक कर्नर निर्माण | √ | | √ |
| **हेफर** | हात्तीवन, ललितपुर | कृषि तथा पशुपालन सम्बन्धि तालिम प्रदान तथा सहयोग | √ | | √ |
| **MPDS** | डडेल्धुरा | विद्यालयमा तरकारी वितरण, कृषि सामग्री वितरण | √ | | √ |
| **युथ एलायन्स फर इन्भारोमेंट** | गैरीधारा, काठमाडौं | जोखिम तथा संकटासन्नता मुल्यांकन तयारी, क्षमता अभिवृद्धि, जलवायु सम्बन्धि तालिम | √ | | |

स्रोतः खसडछान्ना गाउँपालिका लापा तयारी गोष्ठी, २०८१

## २.१२ खसडछान्ना गाउँपालिकामा सुशासनको अवस्था

नेपाल सरकारको राष्ट्रिय नीति अनुसार सन् २०२० सम्म विद्युतीय सुशासन प्रणालीमा प्रवेश गरी सक्ने मूल मन्त्रका साथ यस खसडछान्ना गाउँपालिकाले Sub-National Treasury Regulatory Application (SuTRA) प्रणालीबाट लेखा स्रेस्ता राख्ने सुरुवात भएको छ। सूचना प्रविधिले सबैलाई सहज सेवा पुर्याउन वेबसाइट मार्फत सूचना उपलब्ध गराउने र अद्यावधिक गर्ने गरिएको छ। साथसाथै इन्टरनेट मार्फत सूचना तथा संचारको कार्यहरू अघि बढाउने लक्ष्य राखिएको छ। आर्थिक प्रशासनको पारदर्शिताका र जवाफदेहिताका लागि हरेक योजनाहरूमा नगरले सार्वजनिक सुनुवाई लाई प्राथमिकतामा राखेको छ भने बिस्तारै प्रत्येक वडाहरू र गाउँपालिकाले हरेक वर्ष सामाजिक लेखा परीक्षण तथा सार्वजनिक सुनुवाई कार्य पनि गर्दै आएको छ। स्थानीय अनुकूलन

कार्ययोजना तर्जुमा विधि गोष्ठीमा पालिकाका जनप्रतिनिधि, पालिकाको सूचना शाखा र कर्मचारीहरूसँग छलफलबाट गाउँपालिकाको सुशासनको अवस्था तलको तालिका अनुसार रहेको पाइयो।

**तालिका १०: खसडछाम्रा गाउँपालिकाको सुशासनको अवस्था**

| क्र.सं. | सस्थागत संरचना | विवरण |
|---|---|---|
| १ | कार्यविभाजन र नीतिगत व्यवस्था | मन्त्रालयको परिपत्र अनुसार कर्मचारीको व्यवस्था भएको |
| २ | पारदर्शिता/सूचनाको पहुँच | सूचना शाखा स्थापना गरिएको |
| ३ | योजना, कार्यन्वयन र अनुगमन संयन्त्र | योजना, कार्यान्वयन र अनुगमन संयन्त्र रहेको |
| ४ | प्रभावकारिता, मितव्ययीता | योजना कार्यान्वयन र अनुगमन संयन्त्र र आर्थिक प्रशासन शाखा रहेको |
| ५ | जलवायु परिवर्तन सम्बन्धि बजेट विनियोजन (आन्तरिक श्रोत) | केहि मात्रामा गरिएको |
| ६ | वित्तीय संयन्त्र | आर्थिक प्रशासन शाखा रहेको सो अन्तर्गत लेखा, प्रशासन, राजश्व र आन्तरिक लेखा परिक्षण शाखा रहेको |
| ७ | वातावरण, जलवायु परिवर्तन तथा विपद जोखिम व्यवस्थापन सम्बन्धि कार्यहरु | जलवायु परिवर्तन सम्बन्धि क्षमता विकास तालिमहरु गरिएको, वातावरण संरक्षण तथा विपद व्यवस्थापनको लागि छुट्टै इकाई रहेको |
| ८ | विषयगत क्षेत्रमा जलवायु परिवर्तन सम्बन्धि योजनाहरुको समायोजन | केहि मात्रामा गरिएको |

## २.१३ मौसम तथा जलवायुको अवस्था

खसडछाम्रा गाउँपालिकामा भौगोलिक तथा जलवायुको हिसाबले विविधता रहेको छ। सन् १९७६ देखि २००५ सम्मको औसत वार्षिक अधिकतम तापक्रम ११.२६°C देखि २४.८१°C सम्म रहेको छ। त्यस्तै, औसत वार्षिक न्यूनतम तापक्रम -१.९५°C देखि १२.६२°C सम्म रहेको छ भने औसत वार्षिक वर्षा ८९१.५ मि.मि. देखि १०१९.९ मि.मि. रहेको छ।

## २.१४ स्रोत तथा क्षमता विश्लेषण

खसडछाम्रा गाउँपालिकाको स्रोत तथा क्षमताको विश्लेषण गर्नको लागि पालिका भित्र रहेको विभिन्न प्राकृतिक स्रोत, भौतिक स्रोत तथा संरचनाहरू, आर्थिक उपार्जन हुने स्रोत, सङ्घसंस्था तथा समूहहरू, दक्ष तथा तालिम प्राप्त जनशक्तिहरू तथा मानवीय स्रोत, सामाजिक समूहहरू, सङ्घसंस्थाको पहिचान गरिएको छ। यस्ता स्रोतहरू भविष्यमा जलवायु परिवर्तनबाट परिरहेको प्रभाव तथा जलवायुजन्य

प्रकोपबाट हुन सक्ने क्षति न्यूनीकरण तथा क्षति भए पश्चात् पुनरुत्थान गर्नको लागि सहयोगी हुनेछ। त्यस्तै, जलवायु परिवर्तन तथा यसबाट सिर्जित प्रकोपबाट प्रभावित स्रोत तथा यससँग जुध्न सक्ने क्षमता विश्लेषण गर्नको लागि पनि गाउँपालिकामा रहेको भौतिक, आर्थिक, प्राकृतिक, मानवीय तथा सामाजिक स्रोतको पहिचान महत्वपूर्ण रहेको छ। यस पालिकामा जलवायुजन्य प्रकोपसँग जुध्नको लागि भौतिक स्रोतहरू तुलनात्मक रूपमा कमी रहेको देखियो। भौतिक स्रोतहरूमा सबै वडामा कच्ची सडक सञ्जाल रहेको भएता पनि खोला तथा खोल्सामा पक्की पुल नहुनाले बाढी आएको समयमा आवातजावतमा समस्या हुने गरेको छ। कुलो लाग्ने धेरै ठाउँमा सिँचाई कुलो पुगेको भएपनि पक्की सिँचाई नहर पर्याप्त नरहेको तथा मुहान संरक्षण नभएको अवस्था छ। त्यस्तै, सामुदायिक भवन, विद्यालय भवन, स्वास्थ्य चौकी भवन रहेको छ भने पक्की भवनको सङ्ख्या कम रहेको छ।

प्राकृतिक स्रोत अन्तर्गत वन, खोलानाला तथा मुहानहरू पर्याप्त रहेकोमा हाल भने मुहानमा पानीको मात्रा कमी हुँदै गएको छ। तर नदीजन्य निर्माण सामग्री भने पर्याप्त मात्रामा रहेको छ। यसका साथै वनमा जडीबुटीको मात्रा पनि घटेको छ। आर्थिक स्रोत अन्तर्गत कृषि तथा पशुपालन प्रमुख स्रोतको रूपमा रहेकोमा यस क्षेत्रलाइ जलवायुजन्य प्रकोपको प्रभावले धेरै असर गरेको छ। यस बाहेक लघुजलविद्युत, कुटानी पिसानी मिल, चाउमिन लगायत घरेलु उद्योग, वैदेशिक रोजगारबाट भित्रिने रेमिट्यान्स यस क्षेत्रकाप्रमुख आर्थिक स्रोतहरू रहेका छन् ।

पालिकामा रहेका मानवीय स्रोतहरूमा शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कृषि तथा पशु प्राविधिक, ओभरसियर/इन्जिनियर, सिकर्मी, डकर्मी, पक्की संरचना बनाउने मिस्त्री, ड्राइभर, डोजर अपरेटर, जलविद्युत अपरेटरहरू रहेका छन्। मानवीय स्रोतमा विपद् जोखिम उद्धार तालिम प्राप्त, डढेलो नियन्त्रण तथा आपतकालीन उद्धार सम्बन्धी तालिम लिएका जनशक्तिको कमी रहेको छ। त्यस्तै, सामाजिक स्रोत अन्तर्गत समूहहरू, युवा क्लब, किशोरी संजाल, महिला/आमा समूह, बाल क्लब, कृषि समूहहरू रहेका छन्। तर सामाजिक स्रोतको रूपमा पर्याप्त मात्रामा राहत तथा उद्धार सामग्री, राहत कोष, विपद् कोषहरू भने छैनन्।

पालिकामा विपद् व्यवस्थापन तथा सामाजिक सुरक्षा राहत कोष कार्यविधि २०७५ तयार भएको छ जसले विपद् व्यवस्थापन तथा सामाजिक सुरक्षा राहत कोषको परिकल्पना गरेको छ। जुन कोषबाट विपदको समयमा निम्न कार्यमा सहयोग गर्ने अवधारणा राखेको छ।

- आर्थिक अवस्था दयनीय भएका व्यक्ति बिरामी परी औषधोपचारका लागि अस्पताल ल्याउँदा र अस्पतालबाट लैजाँदा सहयोग गर्ने।
- प्राकृतिक प्रकोप वा दुर्घटनामा पर्नेहरुलाई उद्दार गर्न तथा यस्ता प्रकारका विपदबाट व्यक्ति वा परिवारमा हुन गएको धनजनको क्षतिपूर्तिवापत आर्थिक राहत उपलब्ध गराउने।

- प्राकृतिक प्रकोपको कारणबाट घाइते भएकाहरुको औषधोपचार गर्न तथा देहावसान भएका व्यक्तिको काजकिरिया वा सदगतका लागि मृतकका आफन्तलाई आर्थिक सहायता उपलब्ध गराउने।
- कमजोर आर्थिक अवस्था भएकालाई आर्थिक सहयोग उपलब्ध गराउने।
- प्राकृतिक प्रकोपमा परेका धनजनको समयमै खोज तथा उद्दार गर्न सामाग्री, औजार, उपकरण खरिद गर्ने।
- बाढी, पहिरो, आगलागि, नदी कटान जस्ता प्राकृतकि प्रकोपमा परेका जनतालाई राहत सामाग्री खरिद गरी वितरण गर्ने।

यसका साथै वडा अध्यक्षको संयोजकत्वमा वातावरण तथा विपद् व्यवस्थापन समिति गठन भएको छ जसमा संयोजक वडा नं १ का अध्यक्ष देवीभक्त जोशी, वडा नं २ का चन्द्रा देवी रोकाया, वडा नं ५ का अनिता देवी सिंह तथा वडा नं १ का भक्त बहादुर भण्डारी सदस्य रहेका छन् भने सत्य राज जोशी (कम्प्युटर अपरेटर) सदस्य सचिव रहेका छन्। खप्तडछान्ना गाउँपालिकामा रहेको स्रोतहरूको विस्तृत विवरण **अनुसूची २** मा दिइएको छ।

# परिच्छेद ३ः जलवायु परिवर्तन तथा प्रकोपको अवस्था तथा सङ्कटासन्नता विश्लेषण

## ३.१ तापक्रम तथा वर्षाको तथ्यांकहरुको विश्लेषण

खसडछान्ना गाउँपालिकाको सन् १९७६ देखि २००५ सम्मको औसत वार्षिक अधिकतम तापक्रम ११.२६°C देखि २४.८१°C सम्म रहेको छ भने न्यूनतम तापक्रम -१.९५°C देखि १२.६२°C सम्म रहेको छ। अधिकतम तापक्रम आधारभूत तथ्याङ्क देखि सन् २०६६ र २०९५ मा तापक्रम ५.५६% सम्म बढेर ३०.०१°C सम्म पुग्ने अनुमान गरिएको छ भने न्यूनतम तापक्रम ५.८४% सम्म बढ्ने अनुमान गरिएको छ।

**तालिका ११ः RCP$_{४.५}$ र RCP$_{८.५}$ अनुसार विभिन्न अवधिको ऐतिहासिक र अनुमानित वार्षिक औसत अधिकतम तथा न्यूनतम तापक्रम**

| अवधि | परिदृश्यहरू | अधिकतम तापक्रम (°C) | | | | न्यूनतम तापक्रम (°C) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परिवर्तन | | तापक्रम | | परिवर्तन | | तापक्रम | |
| | | कम | उच्च | कम | उच्च | कम | उच्च | कम | उच्च |
| १९७६-२००५ | CanESM | - | - | ११.२३ | २४.८१ | - | - | १.९६ | १२.६७ |
| | GFDL_ESM$_{२}$M | - | - | ११.२६ | २४.८१ | - | - | -१.९५ | १२.६२ |
| २०१६-२०४५ | RCP$_{४.५}$ CanESM$_{२}$ | १.५९ | १.७२ | १२.९५ | २६.३८ | १.७७ | १.९४ | -०.०२ | १४.४३ |
| | RCP$_{८.५}$ CanESM$_{२}$ | १.९४ | २.१० | १३.३३ | २६.७४ | २.०९ | २.३२ | ०.३६ | १४.७५ |
| | RCP$_{४.५}$ GFDL-ESM$_{२}$M | १.३६ | १.४४ | १२.७० | २६.१७ | ०.९८ | १.०१ | -०.९५ | १३.६० |
| | RCP$_{८.५}$ GFDL-ESM$_{२}$M | १.५९ | १.७८ | १३.०५ | २६.४० | १.२७ | १.४१ | -०.५४ | १३.८९ |
| २०३६-२०६५ | RCP$_{४.५}$ CanESM$_{२}$ | २.३८ | २.७१ | १३.९४ | २७.१७ | २.५९ | २.९४ | ०.९७ | १५.२४ |
| | RCP$_{८.५}$ CanESM$_{२}$ | ३.१६ | ३.४२ | १४.६४ | २७.९६ | ३.३९ | ३.६६ | १.६९ | १६.०५ |
| | RCP$_{४.५}$ GFDL_ESM$_{२}$M | १.९६ | २.१५ | १३.४१ | २६.७६ | १.३६ | १.५१ | -०.४४ | १३.९७ |
| | RCP$_{८.५}$ GFDL-ESM$_{२}$M | २.४२ | २.६९ | १३.९९ | २७.२४ | १.९१ | २.१२ | ०.१८ | १४.५३ |
| २०६६-२०९५ | RCP$_{४.५}$ CanESM$_{२}$ | २.७४ | ३.१२ | १४.३५ | २७.५२ | ३.०३ | ३.३७ | १.४१ | १५.६८ |
| | RCP$_{८.५}$ CanESM$_{२}$ | ५.२२ | ५.५६ | १६.७९ | ३०.०१ | ५.४८ | ५.८४ | ३.८८ | १८.१४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | RCP$_{४.५}$ GFDL-ESM$_{२}$M | २.३७ | २.४७ | १३.८२ | २७.१९ | १.६४ | १.८२ | -०.१२ | १४.२६ |
| | RCP$_{८.५}$ GFDL-ESM$_{२}$M | ४.१० | ४.४९ | १५.७८ | २८.९१ | ३.२५ | ३.५३ | १.५८ | १५.८६ |

https://climate-modelling.canada.ca/climatemodeldata/cgcm4/CanESM2/index.shtml

## वर्षा

खसडछान्ना गाउँपालिकाको १९७६ देखि २००५ को अवधिको लागि औसत वार्षिक वर्षा कममा ८९१.५ मि.मि. र बढीमा १०१९.९ मि.मि. रहेको छ। आधारभूत तथ्याङ्कबाट १२.६% देखि २२.८% सम्म वर्षामा परिवर्तन हुने अनुमान गरिएको छ।

**तालिका १२: RCP$_{४.५}$ र RCP$_{८.५}$ अनुसार ऐतिहासिक र अनुमानित वार्षिक औसत वर्षा**

| अवधि | परिदृश्यहरू | परिवर्तन | | वर्षा (मि.मि) | |
|---|---|---|---|---|---|
| | | कम | उच्च | कम | उच्च |
| १९७६-२००५ | CanESM | - | - | ८९१.५ | १०१९.९ |
| | GFDL_ESM$_{२}$M | - | - | ८९५.८ | १०१६.३ |
| २०१६-२०४५ | RCP$_{४.५}$CanESM$_{२}$ | ८.६ | १०.४ | ९८३.२ | ११०७.७ |
| | RCP$_{८.५}$CanESM$_{२}$ | २१.६ | २२.८ | १०९३.७ | १२४१.० |
| | RCP$_{४.५}$GFDL-ESM$_{२}$M | -१२.६ | -११.४ | ७९२.७ | ८८८.५ |
| | RCP$_{८.५}$GFDL-ESM$_{२}$M | ७.६ | ८.६ | ९७१.४ | १०९५.७ |
| २०३६—२०६५ | RCP$_{४.५}$CanESM$_{२}$ | १७.० | १७.७ | १०४९.० | ११९३.१ |
| | RCP$_{८.५}$CanESM$_{२}$ | १२.४ | १३.४ | १०११.० | ११४५.८ |
| | RCP$_{४.५}$GFDL-ESM$_{२}$M | -०.६ | ०.६ | ९०१.२ | १०१०.१ |
| | RCP$_{८.५}$GFDL-ESM$_{२}$M | ५.२ | ७.२ | ९५९.७ | १०६८.८ |
| २०६६-२०९५ | RCP$_{४.५}$CanESM$_{२}$ | १०.० | १०.७ | ९८६.५ | ११२२.४ |
| | RCP$_{८.५}$CanESM$_{२}$ | १५.५ | १६.५ | १०३८.६ | ११७८.१ |
| | RCP$_{४.५}$GFDL-ESM$_{२}$M | ६.० | ८.४ | ९७०.४ | १०७७.० |
| | RCP$_{८.५}$GFDL-ESM$_{२}$M | ६.७ | ९.८ | ९८२.५ | १०८३.५ |

https://climate-modelling.canada.ca/climatemodeldata/cgcm4/CanESM2/index.shtml

## ३.२ खसडछान्ना गाउँपालिकामा घटेका जलवायुजन्य प्रकोपको पहिचान

खसडछान्ना गाउँपालिकामा घटेका जलवायुजन्य प्रकोपहरूमा पहिरो, बाढी, खडेरी, हावाहुरी, कृषि रोग, असिनापानी, पशु रोग, आगलागी/वन डढेलो, चटयाङ्ग, हिमपात, मिचाहा प्रजाति, तुषारो रहेका छन् जसले गर्दा स्थानीयमा परेको प्रमुख समस्या र समस्याको कारक तालिका १३ मा प्रस्तुत गरिएको छ।

**तालिका १३: खसडछान्ना गाउँपालिकामा घटेका जलवायुजन्य प्रकोपहरुको पहिचान**

| प्रकोप | प्रमुख समस्या | समस्याको कारक |
|---|---|---|
| **पहिरो** | घर चेपिनु तथा मानवीय क्षति, कृषि जमिनको क्षति, भौतिक पूर्वाधारमा क्षति, वनजङ्गल क्षति, सेवा पहुँच अवरुद्ध, पशु चौपाया क्षति, पानीको मुहान पुरिनु | कमजोर भू-धरातल, अधिक वर्षा, विद्यमान पहिरो व्यवस्थापन नभएको, अव्यवस्थित सडक कटान |
| **बाढी** | जमिन कटान, घर/बस्ति बगाएको तथा जोखिम, मानवीय क्षति, पशु बस्तु बगाउने, आवतजावतमा कठिनाइ, भौतिक पूर्वाधारमा क्षति, खेती बाली पुर्ने, सिँचाई तथा खानेपानी मुहान तथा पाइपलाइन र नहर बगाउने, विद्यालय तथा स्वास्थ्य चौकी आवतजावतमा समस्या, घट्ट तथा लघु जलविद्युत बगाउनु | एकैचोटी धेरै वर्षा, कमजोर भूगर्भ, माथिल्लो क्षेत्रमा पहिरो जानु, ठुलो जलाधार क्षेत्र तथा धेरैवटा खोला भएकोले |
| **खडेरी** | कृषि उत्पादनमा कमी, वनजङ्गल सुक्ने, पानीको मुहानमा कमी तथा पानीको मात्रा कमी भइ खानेपानी तथा सिँचाईमा समस्या, रोग किराको प्रकोप बढ्ने | जलवायु परिवर्तनसँगै तापक्रम बढ्नु, पानी पर्ने मात्रा तथा समयमा परिवर्तन हुनु, पाखो बारीमा सिँचाई व्यवस्था नहुनु तथा सिँचाई कुलो बाढी तथा पहिरोले क्षति हुनु |
| **हावाहुरी** | घर, विद्यालय तथा स्वास्थ्य चौकीको छाना उडाएको, क्षति, कृषिबाली तथा फलफूलमा क्षति, वनमा रुखबिरुवा ढल्ने | कमजोर भौतिक संरचना, टिनको छानो |
| **बालीमा रोग किरा** | खाद्य बालीको नोक्सान तथा उत्पादनमा कमी, खाद्य असुरक्षा | तापक्रम वृद्धि, रासायनिक मल तथा विषादी, गर्मी बढ्नु, खडेरी बढ्नु, सिँचाई अभाव |
| **असिनापानी** | धान र गहुँ बाली नष्ट, उत्पादनमा कमी, फलफुल खेतीमा क्षति, भौतिक पूर्वाधार क्षति तथा बाढी आउने गरेको | जलवायु परिवर्तन |
| **मिचाहा प्रजाति** | उत्पादन घटाउने, वनको गुणस्तरमा कमी, महिलाको कामको चापमा वृद्धि, घाँसपातमा कमी, धानको बिउमा क्षति | नयाँ झार देखिएसँगै जलवायु परिवर्तनले गर्दा फैलावटमा वृद्धि |
| **पशु रोग** | व्यावसायिक क्षति, आर्थिक क्षति, मानिसमा रोग फैलने सम्भावना वृद्धि | उचित व्यवस्थापनको कमी, औषधिको तथा पशु प्राविधिकको कमी |

| | | |
|---|---|---|
| **मानिसमा रोग** | मानवीय क्षति, आर्थिक बोझ थपिनु | जनचेतनाको कमी, लामखुट्टेको वृद्धि, खानेपानीको अशुद्धता |
| **चट्याङ्ग** | धनजनको क्षति, मानवीय क्षति (घाइते, अपाङ्ग तथा मृत्यु), पशु चौपाया क्षति, डढेलो | अर्थिंग नहुनु, जनचेतना नहुनु, आकस्मिक हुने घटना, मोबाइल टावर |
| **हिमपात** | गहुँ बाली क्षति, बिजुलीको तार चुडिनु, फलफुल तथा वनका अन्य रुखबिरुवा भाँचिनु | - |
| **डढेलो/ आगलागी** | वनजङ्गल सुक्ने तथा वन पैदावारमा कमी, वन्यजन्तुलाई क्षति, पानीको मुहान सुक्ने, पशु चौपाया क्षति तथा छानो जलेर नोक्सान हुनु | सुक्खा खडेरी तथा पानीको धारहरू सुक्नु, डढेलो सम्बन्धी जनचेतनाको कमी, वन व्यवस्थापन (झाडी फडान तथा सरसफाई) नहुनु, चट्याङ पर्नु |
| **तुषारो** | तरकारी बालीमा क्षति, फलफुलको बेर्नामा क्षति, बस्तुभाउलाई घाँस/सोत्तरको उपलब्धता कम हुनु | - |

स्रोतः वडा लापा तयारी गोष्ठी, २०८१

## ३.३ प्रकोपको ऐतिहासिक समय रेखा

खप्तडछान्ना गाउँपालिकामा विगतमा भएका विभिन्न जलवायुजन्य प्रकोपका घटनाक्रमहरूको प्रकृति र प्रभाव विश्लेषण गर्न विगत ३० वर्षदेखि हालसम्मको जलवायुजन्य प्रकोप, प्रभाव, प्रभावित समुदाय र त्यससँग जुध्न समुदाय तथा सङ्घसंस्थाले गरेका प्रयासहरूका साथै सो प्रकोपको असरहरूको भविष्यको परिदृष्यको बारेमा वडा स्तरमा जनप्रतिनिधिहरू, जेष्ठ नागरिक, बुद्धिजीवी तथा जानिफकारहरूको उपस्थितिमा समग्र विश्लेषण गरी सङ्कटासन्नताको समग्र अवस्था **अनुसूची १** मा उल्लेख गरिएको छ।

यस विश्लेषणबाट यहाँका समुदाय सबैभन्दा धेरै बाढी, पहिरो, खडेरी, कृषि रोग, पशु रोग, डढेलो, हावाहुरी, असिनापानी प्रभावित भएको देखिन्छ भने मानवमा रोग र चट्याङ्ग जस्ता प्रकोपहरु पटक पटक दोहोरिरहेको र यी प्रकोपहरुले सबै वडाहरुमा क्षति पुऱ्याएको देखिन्छ। प्रकोपहरु र यिनका असर तथा प्रभावहरुसँग जुध्न स्थानीय समुदायले समुदाय स्तरमा तथा स्थानीय सघ संस्थाहरुको सहयोगमा केही प्रयासहरु गर्ने गरेको देखिए पनि ती प्रयासहरु अपर्याप्त रहको देखिन्छ।

## ३.४ खप्तडछान्ना गाउँपालिकाको प्रकोप स्तरीकरण

खप्तडछान्ना गाउँपालिकाको प्रमुख प्रकोपको पहिचान गरेर प्रत्येक प्रकोपहरूको जोडागत तुलना गरी तुलनात्मक रूपमा बढी प्रभाव गर्ने तथा गर्दै आएको प्रकोप छानिएको छ। गाउँपालिकाले सामना गरिरहेको प्रमुख प्रकोपहरूको रूपमा पहिलो स्थानमा बाढी देखिएको छ भने त्यसपछिका प्रकोपहरूमा दोस्रोमा पहिरो, तेस्रोमा खडेरी, चौथोमा कृषि रोग, पाँचौमा पशु रोग र छैठौंमा डढेलो

रहेको छ। खसडछाान्ना गाउँपालिकाको जलवायुजन्य प्रकोपको जोडागत स्तरीकरण तालिका १४ मा प्रस्तुत गरिएको छ।

**तालिका १४: गाउँपालिकामा रहेको जलवायुजन्य प्रकोपको जोडागत स्तरीकरण**

| प्रकोपहरू | हिमपात | खडेरी | पहिरो | बाढी | असिनापानी | चट्याङ्ग | हावाहुरी | डढेलो | कृषिकिरा | पशु रोग | तुषारो |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हिमपात | | खडेरी | पहिरो | बाढी | असिनापानी | चट्याङ्ग | हावाहुरी | डढेलो | कृषिकिरा | पशु रोग | तुषारो |
| खडेरी | | | पहिरो | बाढी | खडेरी | खडेरी | खडेरी | डढेलो | खडेरी | खडेरी | खडेरी |
| पहिरो | | | | बाढी | असिनापानी | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| बाढी | | | | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| असिनापानी | | | | | | असिनापानी | असिनापानी | डढेलो | कृषिकिरा | पशु रोग | असिनापानी |
| चट्याङ्ग | | | | | | | हावाहुरी | डढेलो | कृषिकिरा | पशु रोग | चट्याङ्ग |
| हावाहुरी | | | | | | | | डढेलो | कृषिकिरा | पशु रोग | हावाहुरी |
| डढेलो | | | | | | | | | कृषिकिरा | पशु रोग | डढेलो |
| कृषि रोग | | | | | | | | | | कृषिकिरा | कृषिकिरा |
| पशु रोग | | | | | | | | | | | पशु रोग |
| तुषारो | | | | | | | | | | | |
| अङ्क | १ | ८ | ८ | ११ | ६ | २ | २ | ६ | ८ | ७ | २ |
| स्तर | एघारौं | तेस्रो | दोस्रो | पहिलो | सातौं | नवौं | आठौं | छैंठो | चौथो | पाँचौं | दसौं |

स्रोतः पालिका स्तरीय लापा तयारी गोष्ठी, २०८१

त्यस्तै वडा स्तरीय प्रकोप जोडा स्तरीकरणबाट वडा नं १, २, ४, ५ र ७ मा बाढी, वडा नं ३ मा पहिरो र वडा नं ६ मा खडेरी प्रमुख प्रकोपको रूपमा देखिएको छ। त्यसपछिका प्रकोपहरूमा कृषिमा रोग, डढेलो, असिनापानी, पशु रोग तथा हावाहुरी देखिएका छन्।

**तालिका १५: खसडछाान्ना गाउँपालिकाको वडागत मुख्य पाँच प्रकोपहरुको प्राथमिकीकरण**

| वडा नं | वडामा देखिएका प्रमुख पाँच जलवायुजन्य प्रकोपहरु |
|---|---|
| १ | बाढी, पहिरो, खडेरी, कृषिमा रोग र हावाहुरी |
| २ | बाढी, डढेलो, पहिरो, हावाहुरी, असिनापानी |
| ३ | पहिरो, खडेरी, असिनापानी, बाढी र हावाहुरी |
| ४ | बाढी, खडेरी, असिनापानी, कृषिमा रोग र पहिरो |
| ५ | बाढी, कृषि किरा, पहिरो, डढेलो, हावाहुरी |
| ६ | खडेरी, कृषि रोग, डढेलो, बाढी, असिनापानी |
| ७ | बाढी, पहिरो, खडेरी, कृषिमा रोग र पशु रोग |

स्रोतः वडा स्तरीय लापा तयारी गोष्ठी, २०८१

## ३.५ प्रकोप तथा मौसमी पात्रो

स्थानीय मौसम र मौसमी अवस्था तथा प्रकोपमा आएको परिवर्तन बारे जानकारी हासिल गर्न परिवर्तित प्रकोप तथा मौसमी पात्रो निर्माण गरिएको थियो। गाउँपालिका स्तरीय भेलामा जनप्रतिनिधिहरू, ज्येष्ठ नागरिक, बुद्धिजीवीहरू तथा विषयगत शाखा प्रमुखहरूसँगको छलफलबाट भएको जलवायु सम्बन्धी जानकारी विवरणका आधारमा तापक्रम, वर्षाको स्वरूप, बिरुवाको व्यवहार, प्रकोपको स्वरूप आदिमा आधारित प्रकोप तथा मौसमी पात्रो तयार गरिएको थियो। मौसमी पात्रो सम्बन्धी जानकारी हासिल गर्न विगतको करिब ३० वर्ष पहिले र हालको बारे तुलनात्मक अध्ययन गरी प्रकोप, तापक्रम, बाली आदि हुने समयमा परिवर्तन आए/नआएको चित्रण गरिएको थियो। यसै विधिको प्रयोग गरी समुदाय स्तरमा जलवायु परिवर्तनको कारणले बाली चक्र, वनस्पति प्रजातिहरूको जीवनचक्र/व्यवहार, प्रकोपको स्वरूप लगायत अन्य विभिन्न क्षेत्रहरूमा आएका/देखिएका परिवर्तनहरूको जानकारी समेत प्राप्त गरिएको थियो। खप्तडछान्ना गाउँपालिकामा तयार पारिएको परिवर्तित प्रकोप तथा मौसमी पात्रो तालिका १६ मा उल्लेख गरिएको छ।

**तालिका १६: खप्तडछान्ना गाउँपालिकाको प्रकोप तथा मौसमी पात्रो**

| सम्मुखताको क्षेत्र | सूचकहरू | समय | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम | गर्मीको दिन | प | | | | | | | | | | | | |
| | | ह | | | | | | | | | | | | |
| | जाडोको दिन | प | | | | | | | | | | | | |
| | | ह | | | | | | | | | | | | |
| वर्षा | मौसमी वर्षा | प | | | | | | | | | | | | |
| | | ह | | | | | | | | | | | | |
| | हिउँदे वर्षा | प | | | | | | | | | | | | |
| | | ह | | | | | | | | | | | | |
| | हिमपात | प | | | | | | | | | | | | |
| | | ह | | | | | | | | | | | | |




स्रोतः पालिका स्तरीय लापा तयारी गोष्ठी, २०८१ (प=पहिले, अ=अहिले)

## ३.६ बाली पात्रो

विगत ३० वर्ष देखि अहिले सम्मको परिवर्तित बाली पात्रो विश्लेषण गर्दा लगभग सबै बालीको लगाउने र भित्र्याउने समयमा फेरबदल भएको देखिन्छ। धान बीउ छर्ने समय २ हप्ता र रोपाइ गर्ने समय ३ हप्ता पछाडि सरेको छ भने भित्र्याउने समय पनि ३ हप्ता अगाडि सरेको छ। त्यसैगरी, मकै, कोदो, मास, गहुँ, आलु लगाउने समय पनि परिवर्तन भएको छ भने समग्र बाली पाक्न लाग्ने समय छोटिएको छ। सबै बालीहरूमा मौसमी खडेरी तथा नयाँ प्रजातिको कारणले गर्दा रोप्ने र भित्र्याउने समय नै परिवर्तित भएको छ।

**तालिका १७: खसडछ्यान्ना गाउँपालिकाको बाली पात्रो**




स्रोत: पालिका स्तरीय लापा तयारी गोष्ठी, २०८१ (प=पहिले, अ=अहिले)

खसडछान्ना गाउँपालिकामा लगाइने रैथाने जातको गहुँ, भटमास, मार्सी धान, मार्से, जौ, मुसुरो, कोदो लगायतका बालीको उत्पादन घटेको छ भने नयाँ ठिमाहा जातका बालीहरू लगाउन थालिएको छ जसले गर्दा पनि बाली लगाउने र भित्र्याउने समय परिवर्तन भएको देखिन्छ।

## ३.७ सामाजिक स्रोत तथा सङ्कटासन्नता नक्सांकन

पालिका स्तरको जोखिम नक्सा बनाउन DEM, भूउपयोग, माटो पानी र पानीको विशेषताहरू, नदीको धारको गुणहरू र वर्षाको तथ्याङ्क प्रयोग गरेर ओपन सोर्स मल्टि हजार्ड टुल OpenLISEM प्रयोग गरि बाढीको विभिन्न पुनरागमन अवधिको बाढी जोखिम नक्सा तयार गरिएको थियो।




**चित्र ६: खसडछान्ना गाउँपालिकाको क) बाढी जोखिम नक्सा ख) पहिरो जोखिम नक्सा**

भिरालोपन, जमिनको झुकाव, भूविज्ञान, सडकबाट दूरी, नदीबाट दूरी, भूउपयोग, NDVI, माटो र वर्षाको विवरणहरू तथा पहिरोको स्थलगत अवलोकन र गुगल अर्थमा गरिएको विश्लेषणबाट गाउँपालिकाको पहिरो संवेदनशीलता पहिचान गरिएको छ। पहिरोको संवेदनशीलतालाई हेर्दा यस गाउँपालिकाको अधिकांश क्षेत्र निम्न तथा मध्यम संवेदनशील क्षेत्रमा रहेको छ भने खोला किनार तथा सडक रहेको क्षेत्रमा पहिरोको उच्च जोखिम देखिएको छ।




**चित्र ७: खप्तडछान्ना गाउँपालिकाको क) खडेरी ख) आगलागी जोखिम नक्सा**

वन तथा भूसंरक्षण विभाग, वन तथा वातावरण मन्त्रालय र Moderate Resolution Imaging Spectroradiometer (MODIS) डाटासेटहरूबाट डढेलोको स्थानहरू प्राप्त डढेलो तथा आगलागी जोखिम क्षेत्रहरू पहिचान गरिएको छ जसअनुसार खप्तडछान्ना गाउँपालिकामा सबैभन्दा बढी आगलागीका घटनाहरू वडा नम्बर २ मा देखिएका छन र त्यसपछि वडा नम्बर १ र ७ मा देखिएका छन्।

मौसमी पात्रो, ऐतिहासिक घटनाक्रमको समयरेखा विश्लेषणको माध्यमबाट यकिन गरिएका प्रमुख प्रकोपले प्रभावित पारेका क्षेत्रलाई खप्तडछान्ना गाउँपालिकाको नक्सामा चित्रित गर्न यो विधिको प्रयोग गरिएको छ। सहभागितामूलक तरिकाले तयार गरिएको स्रोत नक्सामा जलवायुजन्य प्रमुख प्रकोप दोहोरिन सक्ने स्थान र प्रभावित हुन सक्ने बस्ती तथा समुदाय तथा गाउँपालिकामा रहेका स्रोतहरू डिजिटाइज्ड गरी देखाइएको छ।




चित्र ८: खसडछान्ना गाउँपालिकाको स्रोत तथा जोखिमको डिजिटाइज्ड नक्सा

## ३.८ जोखिमको रुपरेखा

खप्तडछान्ना गाउँपालिका क्षेत्रमा हाल विद्यमान प्रकोपहरू, ती प्रकोपहरूबाट भइरहेका र भविष्यमा हुन सक्ने समस्याको अवस्था तथा प्रकोपबाट सङ्कटासन्न समुदायहरूको विश्लेषण गरिएको छ।

**तालिका १८: खप्तडछान्ना गाउँपालिकाको जोखिमको रुपरेखा**

| प्रकोप | हालको जोखिमको अवस्था | हालको संकटासन्नता | भविष्यमा हुन सक्ने जोखिमको प्रभाव |
|---|---|---|---|
| पहिरो | सानो सानो हुँदै पहिरोले ठुलो रुप लिएको, माथिल्लो भागमा जमिन चिरा परेकोले पहिरो निरन्तर गइरहेको, उत्पादनयोग्य जमिन कटानी गर्दै गएको, उर्बर माटो बगाइ लगेको, बेसीमा भएका खेतमा थेग्रान जम्मा गरेको, बाटो र बस्तीका घर पनि बगाउन सक्ने अवस्था आएको, तल्लो भेगका बस्ती पुरीन सक्ने र माथिल्लो भेगका बस्ती झर्न सक्ने संभावना बढेको, बाटोमा क्षति तथा खोला थुनिने समस्या रहेको, पानीको स्रोत पुर्ने गरेको छ। | महिला, बालबालिका, बृद्धबृद्धा (ज्येष्ठ नागरिक), गर्भवती महिला, कृषक<br><br>देहली, जिम्कोट | पहिरोले बाटो, खेतीयोग्य जमिन, बस्ती नै बगाएर धनजनको क्षति गर्न सक्ने, बस्ती स्थानान्तरण गर्नुपर्ने अवस्था आउने, अवैज्ञानिक तरिकाले सडक निर्माण, भिरालो क्षेत्रमा भइरहेको पूर्वाधार विकास र भूउपयोगमा आएको परितर्वनले गर्दा भविष्यमा अस्वभाविक पहिरोको घटना बढ्ने र पानीको स्रोत पुरिनाले महिलाको कार्य बोझ बढ्ने देखिन्छ। |
| बाढी | बाढीले घरखेत नै बगाउने गरको, मानिस पशुपंक्षी तथा धनजनको क्षति गराउने गरको, पुल, सडक तथा अन्य भौतिक पूर्वाधार क्षति हुने गरेको, लघु जलविद्युतको इन्टेक बगेको, पानीको स्रोत तथा मुहान बगेको तथा पुरेको तथा सिँचाई कुलो, मुहान बगाउने गरेको छ। | बालबालिका, वयस्क, महिला, एकल व्यक्ति, वृद्ध, खोला नजिक बसोबास गर्ने बस्ती | पानी पर्ने तरिकामा फेरवदल आउनुका साथै माथिल्लो क्षेत्रमा अस्वभाविक पहिरोले बाढीका घटनाहरु बढ्ने, जडारीगाड नजिकको खेती कटान हुने देखिन्छ, पानीको स्रोत बगाउनाले महिलाको कार्य बोझ बढ्नेछ, तमैल सडकमा बाढीले क्षति गर्नाले स्वास्थ्य तथा अन्य सेवाको लागि सदरमुकामसम्मको पहुँच अवरुद्ध हुनेछ। |

| | | | |
|---|---|---|---|
| खडेरी | वनजंगलहरुमा धेरै सुख्खापन भएर आगलागीका घटनाहरु बढेका, पानीका मुहानहरु सुक्दै गएका, खानेपानीको अभाव, सिँचाइको पर्याप्त सुविधा नभएको ठाँउमा खेतीपाती गर्न कठिनाई भई उत्पादनमा कमी आएको र बोटबिरुवामा वर्षेनी विभिन्न किसिमका रोग किरा बढ्ने गरेको, पशुपंक्षी र मानवलाई पनि सरसफाइको कमीले हुने एवं संक्रामक रोग लाग्ने क्रम बढेको, खानेपानी, कृषि र अन्नमा बढी समय र खर्च बढेको, सिँचाई कुलोमा पानीको उपलब्धतामा कमी आएको, हरियो घाँसको अभाव, चरण क्षेत्र घटेको | बालबालिका, वयस्क, महिला, वृद्ध, अपांगता भएका, कृषक, बिरामी, दलित समुदाय | खेतीयोग्य जमिनको कमी भई खाद्यान्न संकट हुन सक्ने, भोकमरी, कुपोषण, महामारी फैलन सक्ने, पानीका मूलहरु सुकी खानेपानीको चरम अभाव हुन सक्ने, वस्ती बसाइ सराइ पनि हुन सक्ने, वनजंगलमा सुख्खापन भई वन्यजन्तुको वासस्थान नाश हुन सक्ने, डढेलोको घटना बढ्न सक्ने तथा वन पैदावारको कमी हुन सक्ने, जडिबुटीको कमी हुने जस्ता समस्या देखिन सक्नेछ। |
| असिनापानी | अन्न बाली तथा तरकारी बालीमा क्षति, पाकेका बाली झार्ने, कहिलेकाहीँ बीउको लागि पनि जोगाउन नसकेको दृष्टान्त, खाद्य संकट, मानिस एवम् पशुपंक्षीलाई क्षति पुर्याउन सक्ने, धेरै असिनापानीले बाढी निम्त्याएको तथा अन्नबाली पुरै क्षति गरेको तथा पशुचौपायालाई पनि क्षति गर्ने गरेको छ भने वन्यजन्तुलाई पनि हानी गर्ने गरेको छ। | महिला, बालबालिका, कृषक तथा वन्यजन्तु | असिना पानीको बारम्बारतालाई हेर्दा भविष्यमा असिनापानीको समस्या बढ्दै जाने देखिन्छ जसले गर्दा खाद्य बाली, तरकारी बाली र फलफुलको क्षति हुने, खाद्यान्नको उत्पादनमा र गुणस्तरमा ह्रास आउने देखिन्छ। |
| पशुपंक्षीमा रोग | पशुपंक्षीमा रोगका कारण एक देखि बथानमा मृत्यु हुन गरेको, कुखुरामा नयाँ रोगहरु देखा परेको, दूध तथा मासु उपलब्धता घटेको, गाई भैंसी मरेर आर्थिक जोखिम बढ्ने गरेको छ। | कृषक, बालबालिका, युवा, वयस्क, वृद्ध, महिला | पशुपालनमा मानिसको चाहना हराउन सक्ने, पशुपंक्षीबाट मानिसमा संक्रामक रोगहरु सर्न सक्ने, स्थानीय जातका पशु चौपाया लोप हुन सक्ने देखिन्छ। |

| | | | |
|---|---|---|---|
| कृषिमा रोग | धान तथा गहुँमा खैरो, गोबारो, पतेरो, कालो लाग्ने, सिन्दुरे तथा किराहरुको प्रकोप बढेको, तरकारीमा नयाँ रोगहरु देखा परेको, मकैमा फौजी किराको प्रकोप बढेको, मास तथा कोसे बालीमा किराको प्रकोप बढेकोले उत्पादन हुन छोडेको, फलफूलमा किराको प्रकोप बढेको छ। | कृषक, बालबालिका, वयस्क, महिला, युवा, वृद्ध | खेतीपातीमा युवा पुस्ताको आकर्षण घट्न सक्ने, हरेक वर्ष खाद्यान्नको अभाव झेल्नु पर्ने, खाद्यान्न संकट पर्न सक्ने, भोकमरी कुपोषणका घटना बढ्न सक्ने देखिन्छ भने कृषि क्षेत्र बाँझो भै कृषि उत्पादन कमी हुने देखिन्छ। |
| हावाहुरी | घर छाना उडाउने, जनधनको क्षति भएको, अन्न बाली नाश गर्ने गरेको, फलफुलका फल फुल झार्ने र साना बिरुवा ढाल्ने गरको | महिला, बालबालिका, कृषक, मानिस | हावाहुरीले जस्तापाता उडाउने, घर भत्काउन सक्ने, कृषि तथा खालि जग्गामा रहेका रुख बिरुवा ढल्न गइ जनधनको क्षति हुन सक्ने, कृषि बालीमा नोक्सान हुने सम्भावना रहेको छ। |
| मानिसमा रोग | डेंगु बिरामिहरु देखिने गरेको, लामखुट्टे बाट सर्ने रोगको प्रकोप देखिएको, नयाँ रोगहरुबाट धेरै संख्यामा मानिसहरुलाई ज्वरो आउने, घाटि दुखे, रुघा खोकीका बिरामी बढेको, गरेको, भाइरल ज्वरोको बारम्बरता बढेको छ। | बालबालिका, युवा, वयस्क, महिला, एकल व्यक्ति, वृद्ध, दीर्घरोगी | नयाँ नयाँ संक्रमण समुदाय स्तरमा फैलिई, संक्रामक रोगको प्रकोपहरु बढ्ने, जंक फुडको धेरै प्रयोगको कारण नसर्ने रोग बढ्न सक्ने, स्वास्थ्य संस्थाको स्तरोन्नति तथा पहुँचले मृत्युदर कम हुने देखिन्छ। |
| चट्याङ | पशु चौपायामा क्षति, मानव जनजिवनको क्षति, विद्युतीय उपकरणहरु, सोलार प्यानलहरु, जेनरेटर तथा इन्भर्टर क्षति हुने गरेको छ। | बालबालिका, वृद्ध, महिला, विद्यार्थी, कृषक | ग्रामिण विद्युतीकरणसँगै अर्थिंग व्यवस्थाले चटयाङ्गको प्रभाव कम पर्नेछ। MCB को जडानको कारण विद्युतीय सामग्रीको क्षति कम हुनेछ। तर घरबाहिर काम गरिरहेको अवस्थामा चट्यांगको जोखिम रहिरहने छ भने अति बिपन्न घरधुरी रहेको अवस्थामा घरमा अर्थिंग समेत गर्न सम्भावना नरहेका घराधुरिहरु सधै जोखिममा रहनेछन । |

| | | | |
|---|---|---|---|
| डढेलो/आगलागी | वनपैदावर, जडीबुटी नाश भएका साथै मानिसलाई आवश्यक काठ दाउरा संकलन गर्न कठिनाई हुने गरेको एवं वनको विनाशले पानीका स्रोत सुक्ने र कहिलेकाँही बस्तीमा आई जनधन क्षति पनि गराउने गरको भने वन्यजन्तु क्षति हुने गरेको छ। | वन, वन नजिकको वस्ती, महिला, बालबालिका, विपन्न वर्ग | साना बिउबिरुवा नष्ट हुन सक्ने, दुर्लभ र लोपोन्मुख जीवको बासस्थान र जीवको अन्त्य हुन सक्ने तथा पानीको मुहान सुक्न सक्ने र खानेपानीको पाइप जलाउने सम्भावना रहेको छ। विभिन्न समुदायले बनमा रहेका जडिबुटी लगायत अन्य बन पैदावारमा आश्रित रहेकोमा सो श्रोतको नास हुन जाने । |

स्रोतः वडा स्तरीय लापा तयारी गोष्ठी, २०८१

## ३.९ प्रकोप तथा जोखिम विश्लेषण

समग्र गाउँपालिकाको भविष्यमा प्रकोप हुन सक्ने सम्भावना, असरको गम्भीरता र असरको सम्भावनाको आधारमा प्रकोपको प्रभावको स्तर, प्रकोप हुन सक्ने सम्भावना र प्रभाव पार्न सक्ने सम्भावनाहरूको स्तर लाई १ देखी ३ अङ्क भार दिई विश्लेषण गरिएको छ जसमा १ भन्नाले न्यून प्रभाव तथा गम्भीरता र ३ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा गम्भीरता भन्ने बुझिन्छ। यसरी प्रकोपको सम्भावना, प्रकोपबाट हुन सक्ने असर र असरको गम्भीरताको अङ्क भारलाई गुणाङ्क गरी प्रकोपको जोखिमको स्तर तय गरिएको थियो।

**तालिका १९: प्रकोप तथा जोखिम विश्लेषण**

| प्रकोप | असर तथा प्रभावहरू | असरको गम्भीरता | प्रकोप हुनसक्ने सम्भावना | असरको सम्भावना | कुल अङ्क |
|---|---|---|---|---|---|
| पहिरो | मानिसको मृत्यु | ३ | ३ | ३ | २७ |
| | खेतीयोग्य जमिन पुरेको | ३ | | ३ | २७ |
| | वनजंगलमा क्षति | २ | | ३ | १८ |
| | सडक, बाटोघाटो पुर्ने/भत्काउने | ३ | | २ | १८ |
| | सिँचाई कुलो पुर्ने | ३ | | २ | १८ |
| | चरण क्षेत्र कटानी/भू-क्षय | ३ | | ३ | २७ |
| | खानेपानीको पाइप बगाउने | ३ | | २ | १८ |
| | बस्ती बगाउने/घरधुरी क्षति | ३ | | ३ | २७ |
| | स्वास्थ्य संस्थाको पहुँच विच्छेद गर्ने | ३ | | २ | १८ |
| बाढी | खेतबारी बगाउने | ३ | ३ | ३ | २७ |
| | बालीनाली डुबान | ३ | | ३ | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | लघु जलविद्युतगृहमा क्षति | २ | | ३ | १८ |
| | पशुचौपाया बगाएको | २ | | २ | १२ |
| | मानिस घाइते तथा मृत्यु | ३ | | २ | १८ |
| | घर बस्ती जोखिम बढेको | ३ | | ३ | २७ |
| | सिँचाई कुलो भत्काउने तथा पुर्ने | २ | | ३ | १८ |
| | उर्वर शक्ति भएको माटो बगाउने | २ | | ३ | १८ |
| | सडक तथा बाटोघाटोमा क्षति | ३ | | ३ | २७ |
| | चरीचरण क्षेत्रमा असर | १ | | १ | ३ |
| | खानेपानीको मुहान बगाउने | ३ | | २ | १८ |
| | खानेपानीको पाइप बगाएको | २ | | ३ | १८ |
| | पिसानी घट्ट बगाएको | ३ | | ३ | २७ |
| | पक्की पुल बगाएको | ३ | | २ | १८ |
| | घरको छाना उडाउने | २ | | ३ | १२ |
| | विद्यालयको छानो उडाउने | ३ | | ३ | १८ |
| | फलफूलको फुल झारेको | २ | | ३ | १२ |
| हावाहुरी | बालीनाली नष्ट भएको | ३ | २ | ३ | १८ |
| | उत्पादनमा कमी भएको | २ | | ३ | १२ |
| | स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार क्षति | ३ | | ३ | १८ |
| | मानिसको मृत्यु | ३ | | २ | १२ |
| मानिसमा रोग | गाउँ नै बिरामी परेको | ३ | २ | २ | १२ |
| | स्वास्थ्य खर्च बढेको | ३ | | २ | १२ |
| | वनजंगल सुकेको | ३ | | ३ | २७ |
| | अन्न बाली उत्पादनमा कमी | ३ | | ३ | २७ |
| | भोकमरी | ३ | | २ | १८ |
| | बाली लगाउन नपाएको | ३ | | ३ | २७ |
| | घाँसपातको कमी | २ | | २ | १२ |
| खडेरी | रोग वृद्धि | ३ | ३ | ३ | २७ |
| | बालीनाली सुकेको | ३ | | ३ | २७ |
| | सिंचाइको पानी कमी | २ | | ३ | १८ |
| | पानीको मूल सुकेको | ३ | | ३ | २७ |
| | खानेपानीको अभाव | ३ | | ३ | २७ |
| | रोगकिराको प्रकोप बढेको | ३ | | ३ | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | कृषि कार्यमा कार्य बोझ बढ्ने | २ | | ३ | १८ |
| असिनापानी | फलफूलको फुल झारेको | २ | २ | ३ | १२ |
| | अन्न बालीमा क्षति गरेको | २ | | ३ | १२ |
| | खाद्य बाली नस्ट गरेको | ३ | | २ | १२ |
| | फलफूलको चिचिला झारेको | २ | | २ | ८ |
| | बाढी निम्त्याएर पूर्वाधारको क्षति | २ | | २ | ८ |
| डढेलो/ आगलागी | वनजंगल विनाश भएको | ३ | ३ | ३ | २७ |
| | वन्यजन्तु वासस्थान विनाश | ३ | | २ | १२ |
| | खानेपानीको पाइप डढेको | २ | | ३ | १८ |
| | खानेपानीको मुहान सुक्न लागेको | ३ | | ३ | २७ |
| | चरी चरण क्षेत्र विनाश | २ | | ३ | १८ |
| | मानिसको मृत्यु | ३ | | १ | ९ |
| चट्याङ्ग | विद्युतिय सामग्री बिग्रने | २ | ३ | २ | १२ |
| | मानिसको मृत्यु | ३ | | २ | १८ |
| | पशुचौपाया मृत्यु | २ | | २ | १२ |
| | वन डढेलो बढेको | २ | | १ | ६ |
| पशुपंक्षी/ कृषिमा रोगकिरा | घरपालुवा पशुचौपाया क्षति | ३ | ३ | ३ | २७ |
| | खाद्यान्न उत्पादनमा कमी | ३ | | ३ | २७ |
| | आर्थिक नोक्सानी | ३ | | ३ | २७ |
| | मान्छेमा संक्रामक रोग सरेको | ३ | | ३ | २७ |
| | भोकमरी परेको | ३ | | १ | ९ |
| | पशु चौपायामा रोग लाग्ने | ३ | | ३ | २७ |
| | कृषि औसधि उपचारमा खर्च बढेको | २ | | ३ | १८ |

## ३.१० संकटासन्न वर्ग तथा समुदाय पहिचान

जलवायुजन्य प्रकोपले सिर्जना गरेका असरहरू विश्लेषण गरी उमेर समूह, लिङ्ग, सामाजिक स्तर, वर्ग र जातजाति अनुसार पर्ने र पारेको प्रभावहरूमा र ती प्रभावहरू कुन समूहमा बढि असर गर्छन् भन्ने सवालहरूमा छलफल गरि सबै भन्दा उच्च असर पार्ने लाई ३, मध्यमलाई २ र न्यून असर गर्नेलाई १ अङ्क दिएको थियो। जसको आधारमा खसडछान्ना गाउँपालिकामा प्रकोपको सङ्कटासन्न वर्ग तथा समुह पहिचान गरी तालिका २० मा प्रस्तुत गरिएको छ।

**तालिका २०: प्रकोपको संकटासन्न वर्ग तथा समुदाय पहिचान**

| प्रकोप | प्रकोपको सङ्कटासन्न वर्ग | | | | |
|---|---|---|---|---|---|
| | उमेर समूह | लिङ्ग | आर्थिक स्तर | सामाजिक स्तर | जातजाति |

| | बालबालिका | युवा | वयस्क | वृद्ध | महिला | पुरुष | अति विपन्न | विपन्न | मध्यम वर्ग | सम्पन्न वर्ग | अपांगता भएका व्यक्ति | एकल महिला | दलित | क्षेत्री | ब्राह्मण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | १ | ३ | ३ | ३ | २ | २ |
| बाढी | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | १ | ३ | ३ | ३ | २ | २ |
| खडेरी | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | ३ | २ | २ |
| असिनापानी | ३ | २ | २ | २ | ३ | ३ | ३ | २ | १ | १ | ३ | ३ | ३ | २ | २ |
| पशुमा रोग | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | १ | ३ | ३ | ३ | ३ |
| बालीमा रोगकिरा | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | १ | ३ | ३ | ३ | ३ |
| मिचाहा प्रजाति | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | ३ | ३ | ३ |
| हावाहुरी | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | २ | २ | २ |
| मानिसमा रोग | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | ३ | ३ | ३ |
| चटयाङ्ग | ३ | २ | २ | ३ | २ | २ | २ | २ | २ | २ | ३ | २ | २ | २ | २ |
| आगलागी/ डढेलो | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | ३ | २ | २ |

स्रोतः वडा स्तरीय लापा तयारी गोष्ठी, २०८१

खसडछान्ना गाउँपालिकामा जलवायु परिवर्तनबाट प्रभावित समूह, लिङ्ग तथा समुदायको विश्लेषण गर्दा जलवायु परिवर्तन र जलवायुजन्य प्रकोपहरू (पहिरो, बाढी, खडेरी, कृषिमा रोग, हावाहुरी, पशुमा रोग, चटयाङ्ग आदि) बाट सबैभन्दा बढी बालबालिका, महिला, अति विपन्न वर्ग तथा जातजातिको आधारमा दलित तथा सामाजिक स्तरको हिसाबले एकल महिला र फरक क्षमता भएका व्यक्तिहरू उच्च सङ्कटासन्न रहेको देखिएको छ। यी प्रकोप तथा जोखिमहरूबाट अन्य वर्ग समुदाय प्रभावित भएता पनि उनीहरूसँग ती प्रकोपहरूको सामना गर्न सक्ने क्षमता तुलनात्मक रूपमा उच्च रहेको देखिन्छ।

### ३.११ वडा संकटासन्नता स्तर निर्धारण, वडाभित्रको जोखिम बस्तीहरूको पहिचान तथा वडा जोखिम स्तरीकरण

खसडछान्ना गाउँपालिका भित्र रहेका ७ वटै वडाहरू जलवायुजन्य प्रकोप तथा जोखिमको कुन स्तरमा रहेको छ भनेर निर्धारण गरिएको छ। वडा जोखिम तथा संकटासन्नता स्तर निर्धारण गर्नको लागि बसोबास, भौतिक पूर्वाधार, सामाजिक पूर्वाधार, वातावरणीय सेवा, कृषि, विपद् जोखिम व्यवस्थापन, वन तथा जैविक विविधता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, खानेपानी, तथा सरसफाइ,

पर्यटन, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, पूर्वाधार, ग्रामीण बस्ती र जीविकोपार्जन क्षेत्रका सूचकहरूलाई समावेश गरी विश्लेषण गरिएको छ।

वडाभित्र घटेका जलवायुजन्य प्रकोपको बारम्बारता, प्रकोपले ल्याएको असर, असरसँगको सम्मुखता, प्रकोपबाट अनुकूलित हुन सक्ने क्षमता, सडक तथा स्वास्थ्य लगायतका पूर्वाधारको पहुँच तथा तालिम प्राप्त जनशक्ति तथा मानवीय संसाधनको अवस्थालाई आधार बनाएर वडा सङ्कटासन्नताको स्तर निर्धारण स्तरीकरण गरिएको छ। सबैखाले जलवायुजन्य प्रकोपहरूको असर पारिरहेको तथा वडाभित्र स्रोत तथा क्षमता कम भएको साथै सडक तथा स्वास्थ्य लगायतका पूर्वाधारको तथा सेवा प्रदायक निकायहरूबाट टाढा भएको वडालाई उच्च जोखिम; सबैखाले जलवायुजन्य प्रकोपहरूको असर परिरहेको भएता पनि स्वास्थ्य चौकी, प्रहरी चौकी/बिट, सडक तथा अन्य पूर्वाधारको पहुँच तथा तालिम प्राप्त जनशक्तिहरू भएको वडालाई मध्यम जोखिम र तुलनात्मक रूपमा अन्य वडाहरू भन्दा स्थान विशेष हुन सक्ने प्रकोप (पहिरो, बाढी, चट्याङ्ग, आगलागी/वन डढेलो) हरूको असर कम भएको र स्रोत र क्षमता बढी भएको वडालाई न्यून जोखिम रहेको वडाको रूपमा स्तरीकरण गरिएको छ।

**तालिका २१: खसडछान्ना गाउँपालिकाको बाढी तथा पहिरो जोखिम बस्तिहरु**

| वडा नं | जोखिम बस्ती | | | |
|---|---|---|---|---|
| | बाढी | पहिरो | खडेरी | आगलागी |
| १ | भाटबगर, भाटगाउँ, खोलाघर, गढीगाउँ, कडालगाउँ, गोठखोला, ऐराडी, खातीगाउँ, कार्कीगाउँ, मसुराडी लयाटोला, आडेकुना, मायापाटा, काटागाउँ | गोठखोला, लयाटोला, भाटबगर | वडाको सबै क्षेत्र | स्याउली |
| २ | तल्ला बगर, देहली | देहली, ऐचेली, तल्लाबगर, जिम्कोट, रुवानी, बाङ्गापाटा, फूलबारी, निमगाउँ, लामातोला | वडाको सबै क्षेत्र | दर बिसौना, चिन्देगैरा, लादे, धमडा, पातिहाल्ना, कुडाकोट, चुण्डीकोट, फुङ्गेपानी, लिङ्गा, खैराडा |
| ३ | दारुगाउँ | सिल्कबडा, सुनारगाउँ, सिप्टीकोट, नुवाकोट, ढुङ्गखेत | वडाको सबै क्षेत्र | |

| | | | | |
|---|---|---|---|---|
| ४ | थलकाँडा, पासपखा, पानीखाल, पसलबगर, पुरानी, बाँसकटिया, माझीगाउँ | घाटखोला, पसलबगर, छेलेबगर, स्वाडी, ओखडावाडा, ढुङ्गेनीचौर, सार्की टोल, खोलाबस्ती, नेटाकाटीया, बाँसकटिया, सुकापाटी | वडाको सबै क्षेत्र | पसलबगर |
| ५ | कालुखेती | कालापानी, छात्रबस्टी, सुतारीगाउँ, मतुवा, बोराकाँडा | वडाको सबै क्षेत्र | |
| ६ | बडाकोट | बयाना, बडाकाटी, पाडा, तिउने, पाटादेवल, बडाकोट, पुजारीगाउँ | वडाको सबै क्षेत्र | |
| ७ | सिरवा | सिरवा, पाटागाउँ, भुलवाडा, गडराय, बेदुपाटा, गोर्खाली, लामागडा | वडाको सबै क्षेत्र | दिगर्जा, लामागडा |

स्रोतः वडा स्तरीय लापा तयारी गोष्ठी, २०८१

सङ्कटासन्नता तथा जोखिमको हिसाबले खप्तडछान्ना गाउँपालिकाको वडा नं ३ र ४ उच्च; वडा नं २, ५ र ६ मध्यम; तथा वडा नं १ र ७ न्यून स्तरमा रहेका छन्। पालिकाको प्रत्येक वडामा बाढी र पहिरोको उच्च जोखिम रहेको देख्न सकिन्छ।




**चित्र ९: खप्तडछान्ना गाउँपालिकाको जोखिम तथा संकटासन्नता नक्सा**

## ३.१२ पारिस्थितिकीय प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण

खप्तडछान्ना गाउँपालिकामा जलवायु परिवर्तनका प्रभावहरू तथा सम्भावित जोखिमहरूले वनको अवस्था तथा जैविक विविधता, खोलानाला, पानीका मुहान र कृषि पारिस्थितिकीय प्रणालीमा पारिरहेको असर मूल्याङ्कन गर्नको लागि समूहमा छलफल र स्थानीयसँग अन्तरक्रियाबाट जानकारी सङ्कलन गरी प्रकोपहरूको प्रभाव तथा असरलाई उच्च (३), मध्यम (२) तथा न्यून (१) वर्गमा विभाजन गरी पानीका स्रोतहरूमा रहेका वनस्पति र जीवजन्तुमा परिवर्तन, पानीको गुणस्तरमा परिवर्तन, पारिस्थितिकीय प्रणालीको संयोजन, वन प्रजातिमा परिवर्तन, जीवजन्तुका प्रजातिमा परिवर्तन, वनको अवस्था, संयोजन तथा पारिस्थितिकीय प्रणालीको सेवामा परेको परिवर्तनलाई आधार मानी विश्लेषण गरिएको छ।

### तालिका २२: पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

| प्रकोप/प्रभाव | पहिरो | बाढी | खडेरी | असिनापानी | मिचाहा प्रजाति | कृषिमा रोग | हावाहुरी | आगलागी | पशु रोग |
|---|---|---|---|---|---|---|---|---|---|
| **वन पारिस्थितिकीय प्रणाली** | | | | | | | | | |
| वन प्रजातिमा परिवर्तन | १ | १ | २ | १ | २ | - | १ | ३ | - |
| जीवजन्तु प्रजातिमा परिवर्तन | १ | १ | २ | १ | १ | - | १ | १ | - |
| वनको अवस्था/ गुणस्तर | ३ | २ | ३ | १ | ३ | १ | २ | ३ | - |
| संयोजन (forest composition) | २ | १ | २ | १ | २ | - | १ | २ | - |
| पारिस्थितिकीय प्रणालीको सेवामा परिवर्तन | २ | २ | ३ | १ | ३ | २ | १ | ३ | - |
| जम्मा | ९ | ७ | १२ | ५ | ११ | ३ | ६ | १२ | - |
| **कृषि पारिस्थितिकीय प्रणाली** | | | | | | | | | |
| खेती प्रणालीमा परिवर्तन | २ | १ | २ | १ | १ | २ | १ | १ | १ |
| खेतमा बसोबास गर्ने जीवजन्तुमा परिवर्तन | १ | १ | २ | १ | २ | २ | १ | १ | १ |
| कृषि उत्पादन/ गुणस्तर | ३ | २ | ३ | ३ | ३ | ३ | १ | २ | १ |
| संयोजन | १ | १ | ३ | १ | २ | २ | १ | १ | १ |
| पारिस्थितिकीय प्रणालीको सेवामा परिवर्तन | २ | २ | ३ | २ | २ | ३ | १ | १ | १ |
| जम्मा | ९ | ७ | १३ | ८ | १० | १२ | ५ | ६ | ५ |
| **जलीय पारिस्थितिकीय प्रणाली** | | | | | | | | | |
| जलीय वनस्पतिमा परिवर्तन | १ | २ | २ | १ | २ | १ | १ | १ | १ |
| पानीको अवस्था/ गुणस्तर | २ | ३ | ३ | १ | १ | १ | १ | १ | १ |
| जलीय जीवजन्तुमा परिवर्तन | २ | २ | ३ | १ | १ | २ | १ | २ | २ |
| संयोजन | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| पारिस्थितिकीय प्रणालीको सेवामा परिवर्तन | ३ | ३ | ३ | १ | १ | १ | १ | २ | १ |
| **जम्मा** | ९ | ११ | १२ | ५ | ६ | ६ | ५ | ७ | ६ |

स्रोतः वडा लापा तयारी गोष्ठी, २०८१

हालका वर्षहरूमा जलवायु परिवर्तनका कारण स्थानीय वन प्रजातिहरू जस्तै जडिबुटी, वन्यजन्तुहरूको सङ्ख्या घट्दै गएको छ भने मिचाहा प्रजातिहरू जस्तै कुरी, चरीमारो, पानी झार, वनमारा जस्ता प्रजातिहरू बढ्दै गएका छन्। जलवायुजन्य प्रकोपहरू बढ्दै जाँदा वनको अवस्था र गुणस्तरमा असर गर्दछ, जसले गर्दा वनबाट प्राप्त हुने सेवा र सुविधामा समेत असर गर्दछ। वन तथा कृषि पारिस्थितिकीय प्रणालीमा खडेरी, मिचाहा प्रजाति र आगलागीले सबैभन्दा धेरै प्रभाव परिरहेको छ। यस्तो परिवर्तनले गर्दा कुनै एक प्रजातिको जनसङ्ख्या बढ्ने र कुनै प्रजातिहरू लोप हुने अवस्थामा पुग्छन्। कृषि पारिस्थितिकीय प्रणालीमा खडेरी, कृषिमा रोगकीरा, पहिरो/भू-क्षयले धेरै प्रभाव परेको देखिन्छ भने जलवायुजन्य जोखिमको कारण कृषिजन्य उत्पादन र कृषि

पारिस्थितिकीय प्रणालीको सेवामा अधिक प्रभाव परेको छ। त्यस्तै, जलीय पारिस्थितिकीय प्रणालीमा खडेरी, बाढी, पहिरो तथा आगलागीको धेरै प्रभाव परेको देखिन्छ भने जलवायुजन्य जोखिमको कारण पानीको अवस्था तथा गुणस्तर कमी भएको र जलीय पारिस्थितिकीय प्रणालीको सेवामा अधिक प्रभाव पारेको छ। त्यस्तै पहिले धेरै पाउने माछाको प्रजाति तथा सङ्ख्या अहिले कम भएको छ।

राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण २०२२ को तथ्याङ्क अनुसार मिचाहा प्रजातिको प्रभाव सबैभन्दा धेरै कृषि क्षेत्रमा परेको देखिन्छ जसमा बुट्यानको प्रभाव १०.९% वनमा, ५.७% चरण क्षेत्रमा तथा ८१% कृषि क्षेत्रमा परेको अवस्था रहेको छ। त्यस्तै जलीय मिचाहा झारले वनमा ७.३%, कृषिमा ३०.७% र अन्य क्षेत्र (जलीय पारिस्थितिकीय प्रणाली) मा ६१.५% प्रभाव पारेको देखिन्छ। मिचाहा प्रजातिको कारणले आम्दानी घटेको, टिम्बर/काठको नोक्सानी, घाँसपात क्षति, डालेघाँसमा कमी, सोत्तरको कमी, तथा पशु र मानिसहरूको स्वास्थ्यमा पनि प्रभाव परेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२४)।

स्थानीय स्तरमा मिचाहा प्रजातिको नियन्त्रणको लागि काट्ने/ फाड्ने कार्य सबैभन्दा धेरै रहेको छ भने केहि स्थानमा आगो लगाउने र रसायन छर्केर नियन्त्रणको कार्यहरू पनि गर्दै आएका छन् भने अझै पनि जलीय मिचाहा झारको व्यवस्थापनको लागि केही पनि उपाय अवलम्बन नगर्ने धेरै रहेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२४)।

**तालिका २३ः पारिस्थितिकीय प्रणालीहरुको तुलनात्मक जोखिम विश्लेषण**

| पारिस्थितिकीय प्रणाली | वनस्पतिमा परिवर्तन | जीवजन्तुमा परिवर्तन | अवस्था/ गुणस्तर | संयोजन | सेवामा परिवर्तन | जम्मा | औंdd सत |
|---|---|---|---|---|---|---|---|
| वन पारिस्थितिकीय प्रणाली | १.५७ | १.१४ | २.२५ | १.५७ | २.१३ | ८.६६ | १.७३ |
| कृषि पारिस्थितिकीय प्रणाली | १.३३ | १.३३ | २.३३ | १.४४ | १.८9 | ८.३३ | १.६७ |
| जलीय पारिस्थितिकीय प्रणाली | १.३3 | १.५६ | १.७८ | १ | १.७८ | ७.४४ | १.४९ |

खसडछान्ना गाउँपालिकामा रहेको पारिस्थितिकीय प्रणालीहरूको तुलनात्मक जोखिम विश्लेषण गर्दा वनजङ्गल पारिस्थितिकीय प्रणाली सबैभन्दा धेरै जोखिम रहेको देखिन्छ। वनजङ्गल पारिस्थितिकीय प्रणाली रहेको छ। वनजङ्गल पारिस्थितिकीय प्रणालीको पनि अवस्था र गुणस्तरमा धेरै प्रभाव परेको छ भने पारिस्थितिकीय प्रणाली सेवामा पनि परिवर्तन भएको देखिन्छ। वनजङ्गल पारिस्थितिकीय प्रणालीको सेवामा सबैभन्दा धेरै परिवर्तन भएको छ। जसको मुख्य प्रभावको रूपमा वन पैदावारहरूको कमी, वन्यजन्तुको कमी हुनुका साथै जडीबुटी समेत पहिलाको भन्दा कम पाउन थालेको छ। त्यस्तै, दोस्रो स्थानमा कृषि पारिस्थितिकीय प्रणालीको अवस्था र गुणस्तरमा धेरै प्रभाव परेको छ भने पारिस्थितिकीय प्रणाली सेवामा पनि प्रभाव परेको देखिन्छ। कृषि पारिस्थितिकीय

प्रणालीमा परेको मुख्य प्रभावहरूमा उत्पादनमा कमी हुनु, गुणस्तर घट्नु, नयाँ प्रजातिको बाली फल्न थाल्नु इत्यादि रहेका छन्। त्यस्तै जलीय पारिस्थितिकीय प्रणालीको पनि गुणस्तर र सेवामा धेरै प्रभाव परेको छ।

जलवायुजन्य जोखिमले वनजङ्गल, कृषि तथा जलीय पारिस्थितिकीय प्रणालीको अवस्था र गुणस्तरमा सबैभन्दा बढी प्रभाव परेको देखिन्छ । वनजङ्गलको गुणस्तर ह्रास हुँदा वन पैदावारको कमी हुनेछ जसले वन पैदावार सङ्कलनको लागि धेरै समय खर्च गर्नुपर्ने हुन्छ। त्यस्तै पहिरो, खडेरी, मिचाहा प्रजातिको कारणले गर्दा कृषि पारिस्थितिकीय प्रणालीको पनि गुणस्तर र सेवामा प्रभाव पर्ने गर्दछ । यसैगरी, जलीय पारिस्थितिकीय प्रणालीको पनि गुणस्तर र सेवामा परिवर्तन हुनेछ। जसको कारण घरायसी कार्यमा संलग्न हुने व्यक्तिहरु बिशेषगरि महिलाहरुको कार्य बोझ बढ्नका साथै व्यक्तिहरुको पोषण तथा स्वास्थ्यमा समेत प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ। उत्पादनमा कमी हुने हुनाले सन्तुलित आहार तथा पोषणको कमी हुने तथा कृषिमा आधारित जीविकोपार्जनको स्रोतहरूमा नकारात्मक असर पर्ने हुन्छ। खाद्य तथा पोषणको कमीले बालबालिका, सुत्केरी तथा गर्भवती महिला तथा अन्य सङ्कटासन्न वर्गमा पर्ने असरको मात्रा अझ बाढी हुनेछ।यसैगरी, जलीय पारिस्थितिकीय प्रणालीको पनि गुणस्तर र सेवामा हुने परिवर्तनले पानीको मुहान सुक्ने तथा मुहानमा पानीको मात्रा घटनाले पानी व्यवस्थापनको लागि धेरै समय छुट्याउनु पर्ने तथा सङ्कलनको लागि टाढा जानुपर्ने अवस्था सिर्जना हुन सक्नेछ। साथै, पानीको स्रोतमा बाढी/पहिरोको कारणले फोहोर हुने हुँदा संक्रामक रोग फैलने तथा व्यक्तिगत सरसफाईको लागि पानी अभाव हुँदा स्वास्थ्यमा समस्या सिर्जना हुनेछ।

जसको प्रत्यक्ष असर कार्य बोझ बढ्ने,

# परिच्छेद ४: विषयगत क्षेत्र तथा जीविकोपार्जनका स्रोतमा पारेको प्रभाव, अनुकूलन कार्यहरुको विश्लेषण

## ४.१ विषयगत क्षेत्रमा पारेको प्रभाव

परिमार्जित स्थानीय अनुकूलन कार्ययोजनाको खाका २०७६ ले दस वटा विषयगत क्षेत्र र यस विधिबाट खसडछाना गाउँपालिकामा विगत ३० वर्षमा जलवायुमा देखिएको परिवर्तनले विभिन्न क्षेत्रगत प्रभाव तथा हालको अवस्था र भविष्यको अनुमान प्रस्तुत गरिएको छ। पहिलेको अवस्थाबाट वर्तमान अवस्थामा भएको परिवर्तन र भविष्यमा पार्न सक्ने नकारात्मक असरको चित्रण गरिएको छ। जसले जलवायु परिवर्तनको असरबाट अनुकूलन हुन गर्नुपर्ने कामहरूको प्राथमिकीकरण र लेखाजोखा गर्न मद्दत गरेको छ।

**तालिका २४: विषयगत क्षेत्रमा परेको प्रभाव तथा भविष्य अनुमान**

| ३० वर्ष अगाडिको अवस्था | हालसम्म महसुस गरेको प्रभाव | भविष्यको अनुमान | संकटासन्न वर्गमा पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| **कृषि तथा खाद्य सुरक्षा** | | | |
| वर्षाको पानीमा भर पर्नु पर्ने हुन्थ्यो। सिँचाईको सुविधा थिएन। दलहन प्रशस्त मात्रामा उत्पादन हुन्थ्यो, प्राङ्गारिक मलको प्रयोग थियो, रैथाने बीउ (कोदो, मार्से, गहुँ, मकै, फापर, मार्सी धान) उब्जनी हुन्थ्यो, स्थानीय उत्पादनहरूमा मात्र पहुँच थियो। पशुपालनमा लोकप्रियता थियो। धेरैजसो मानिस कृषिमा मात्र आबद्ध थिए। | खाद्यन्न बालीसँगै नगदेबाली तथा फलफूल खेती प्रवर्द्धन गर्ने प्रयास भएको छ। खेतीयोग्य जमिन बाढीले गर्दा बाँझो भएको, भटमास, गहत, मास, अरहर, सिमि कम मात्रामा उत्पादन हुन थालेको छ, बोझो लोप हुँदै गएको छ, युरिया लगाएत रासायनिक मलको प्रयोग बढ्न थालेको छ, उन्नत जातको बीउ (खुमल ४, जोडीकरण आदि) प्रयोग हुन थालेको, पशुपालनमा लोकप्रियता कम हुँदै गएको, अझै पनि केही रैथाने जातको पशु पालिँदै आएको छ। धेरै स्थानहरुमा सिँचाई सुविधा पुगेको | भू-क्षमता अनुसारको भू-उपयोग सम्बन्धि प्राविधिक तालिम पाएका हुनेछन्। खडेरी थेग्ने बाली वितरण भएको हुनेछ। भिरालो ठाउँमा पनि गह्रागह्रा बनाएर खेती गर्ने चलन बढ्नेछ। तरकारी तथा फलफुल संकलन केन्द्र, व्यावसायिक खेती सुरु भएको हुनेछ। पशु तथा कृषि बिमा सबैले गरेका हुनेछन्। गोठसुधारका कार्यक्रमहरु संचालनमा हुनेछन्। कृषि उत्पादनमा प्रविधि प्रयोग भएको | दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावट बढ्नेछ। सुनौला हजार दिनका आमाहरु सुरक्षीत पोषण नपाएर कमजोर हुन सक्नेछन्। बच्चाहरु कुपोषित हुन सक्नेछन्। सन्तुलित आहारको कमी हुन् सक्नेछन्। |

| | | | |
|---|---|---|---|
| कृषि प्रविधि र ज्ञानको कमी, उन्नत जातका बिउ बिजन थिएन, परिश्रम अनुसार उत्पादन कमी थियो, अन्न गेडागुडीमा पौष्टिकता बढी थियो, पशुपालन धेरै गरिन्थ्यो, पशु रोगले विकराल रूप लिन्थ्यो, दूध, दही, घ्यू बिक्री वितरण गरिन्नथ्यो, घरपालुवा बस्तु फुकुवा चरी चरण गरिन्थ्यो, खुल्ला चरिचरण थियो। नाउलोमा लाइन लागेर पानी भर्नु पर्ने बाध्यता रहेको थियो। | छ। कृषि समूह र कृषि सहकारीका सदस्यहरुको क्षमता विकास, सशक्तिकरण भएको छ। कृषिमा काम गर्ने मानिस घट्दै गएका छन्। प्रांगारिक मलको प्रयोग कम र रासायनिक मलको प्रयोग बढी हुने गरेको, सिंचाइको व्यवस्था अझै पूर्ण रूपले नभएको, स्थानीय पशुपालनमा कमी, बाढी पहिरोले कृषि जमिन कमी भएको, पशु उत्पादन बिक्री हुन थालेको छ तर मूल्य एकरूपता छैन, पशुरोग रोकथाम नभएको अवस्था छ। जङ्गली जनावरले अन्नबाली धेरै क्षति गर्न थालेको, मानिसले जग्गा बाँझो राख्न थालेका छन्, मार्सी, थापाचिनी, हंसराज, जाउली धन, बङ्गी गहुँ, औली गहुँ, फापर जस्ता प्रजाति लोप हुँदै गएको छ। | हुनेछ। थोपा सिँचाई विस्तार हुनेछ। उन्नत जातका बीउ प्रयोग हुनेछ, माटो परीक्षण गरिएको हुनेछ, बेमौसमी खेती हुनेछ, पशु उत्पादनको बजार र मूल्य समायोजन हुनेछ। व्यावसायिक पशु तथा कुखुरापालन सुरु हुनेछ। कृषि सामान आयात भन्दा निर्यात हुने अवस्था आउनेछ, कृषि जमिनको क्षति रोकथाम हुनेछ। पुरानो रैथाने बिउ संरक्षण भएको हुनेछ। | |
| **वन, जैविक विविधता तथा जलाधार संरक्षण** | | | |
| पर्याप्त वन पैदावार, जैविक विविधता थियो। दारकाठ राम्रो थियो, पर्याप्त मात्रामा बिरुवा, जडीबुटी पाइन्थ्यो। वन व्यवस्थापन थिएन, वन हेरालुको व्यवस्था थिएन, कन्दमुल प्रसस्त | वन, जैविक विविधता तथा जलाधार सम्बन्धी अध्ययन भएको छैन्। वन डढेलो धेरै भएको कारण वन पैदावार कमी भएको छ। फर्निचर उद्योगको विकास भएको छ। वन व्यवस्थापन तालिम तथा सोको लागि आवश्यक सामाग्रीहरु | राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको प्रवर्द्धन भएको हुनेछ। वन व्यवस्थापन हुनेछ। उपभोक्ताहरुले माथिल्लो तथा तल्लो तटिय क्षेत्रहरुको अन्तर सम्बन्ध | रोजगारीका सिलसिलाका पुरुषहरु घरमा नहुँदा काठ, दाउरा, घास संकलन गर्न जाने महिलाहरु वन्यजन्तुसँगको द्वन्द्वको |

| | | | |
|---|---|---|---|
| मात्रामा पाइन्थ्यो, वन उपभोक्ता समिति थिएन, वन सम्बन्धी कार्यक्रम थिएन। खुल्ला चोरीशिकारी हुने गरेको थियो। थुप्रै वन्यजन्तु जस्तै भालु, लंगुर बाँदर, रतुवा, गोहोरो देखिने गरेको थियो। गैरकाष्ठ वन पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको विकास भएको थिएन्। काठ घरेलु फर्निचर बनाउन मात्र प्रयोग हुन्थ्यो। | सामुदायिक वन उपभोक्ता समितिलाई वितरण गरिएको छ। माथिल्लो तथा तल्लो तटिय क्षेत्रहरुको अन्तर सम्बन्ध र सहकार्य सहितको जलाधार व्यवस्थापनको ज्ञानको कमी छ, जंगली जनावरले सताएर दुख दिन थालेको, वनमा जडीबुटी कम पाइने, पानीको मुहान सुक्दै गएको, वन विनाश सम्बन्धी अझै पनि ज्ञानको कमी रहेको छ, कन्दमुल कम पाइन थालेको छ, पुराना केही बिरुवा तथा जनावर लोप भएको र नया झाडी बुट्यान देखिन थालेको छ। | र सहकार्य सहितको जलाधार व्यवस्थापन सम्बन्धि प्राविधिक तालिम पाएका हुनेछन्। व्यावसायिक जडीबुटी उत्पादन हुनेछन्, वन विज्ञान सम्बन्धी दक्ष जनशक्ति हुनेछन्, नयाँ जातका रूखविरुवा वृक्षारोपण हुनेछन्, लोप भएका तथा हुन लागेका जनावर संरक्षण हुनेछन्। जङ्गल संरक्षण भएर पानीको मुहान संरक्षण भएको हुनेछन् | जोखिम रहेको हुन्छ। अहिलेको जस्तै आगलागीको घटना बढ्दै गए वन पैदावार लिन टाढा जानु पर्ने हुन सक्छ। |
| **जलस्रोत तथा ऊर्जा** | | | |
| टुकी/दियालो बाल्ने गरेको, खाना पकाउन सबै परिवारहरुले दाउरा गर्ने गरेको, वैकल्पिक ऊर्जा सम्बन्धि ज्ञान नभएको, पानीको उपयोग पिउने, पशुचौपायालाई दिने, सिँचाईको साथै घट्ट संचालन प्रयोजनका लागि हुने गरेको थियो। मुहान ठाउँठाउँमा फुट्ने गर्दथ्यो तथा जलको प्रशस्त | धेरै स्थानमा राष्ट्रिय प्रशारण लाइन पुगेको छ तथा लघु जलविद्युत संचालनमा आएपछि बिजुली बत्ति आउने गरेको छ तर ठूलो क्षमताको विद्युतीय उपकरण संचालन गर्न समस्या रहेको छ। खाना पकाउन अधिकाशं परिवार दाउरा र बजार क्षेत्रमा केही परिवारहरु एल.पि.जि ग्यास प्रयोग गर्दैछन्। जलको बहुउपयोग हुने गरेको छ र माग पनि बढ्दो छ। अव्यवस्थित सडक निर्माण तथा | खसडछान्ना गाउँपालिका पूर्ण रूपमा राष्ट्रिय प्रसारण लाइनबाट विद्युतीकरण हुनेछ। वैकल्पिक ऊर्जा सम्बन्धि तालिम संचालन भई प्रयोगमा आएको हुनेछ। एल.पि.जि ग्यास प्रयोग अधिक हुनेछ। पानीको बहुउपयोग हुने र साना उद्योग कलकारखानाका लागि माग पनि बढ्दो हुनेछ र प्रति व्यक्ति पानीको माग बढ्ने छ। धुवाँरहित सुधारिएको | खाना पकाउन अधिकाशं परिवारले दाउराको प्रयोग गर्ने हुँदा र स्वच्छ ऊर्जाको प्रयोग नहुँदा महिला, दुधे बालबालिका र वृद्धवृद्धाहरुमा श्वासप्रश्वासको जोखिम अधिक रहेको छ। रोजगारीका सिलसिलाका |

| | | | |
|---|---|---|---|
| मात्रामा उपलब्धता थियो। पानी बोकेर धाउनुपर्ने अवस्था थियो। परम्परागत चुलोको प्रयोग थियो।प्रसस्त मात्रामा गाईबस्तु आहाल खेल्ने पोखरीहरु रहेकोले पानीको पुनर्भरण हुने गरेको थियो | अत्याधिक खडेरी तथा पहिलेका गाईबस्तु आहाल खेल्ने पोखरीहरुको प्रयोग कम हुनाले पानीका मुहान सुकेका छन्।टोलटोलमा खानेपानी पाईप मार्फत् वितरण भएको छ भने सुधारिएको चुलो केही ठाउँमा प्रयोग हुन थालेको छ। | चुलोको प्रयोग बढेको हुनेछ। लघुजलविद्युत आयोजना हरुको नहरमा बाढी तथा पहिरोको क्षति हुने सम्भावना रहन्छ। पानीको मुहान संरक्षण भएको हुनेछ। | पुरुषहरु घरमा नहुँदा दाउरा संकलनमा गर्न जाने महिलाहरु वन्यजन्तुसँगको द्वन्द्वको जोखिममा रहेको हुन्छ। |
| **स्वास्थ्य, खानेपानी तथा सरसफाई** | | | |
| रुढीवादी अन्धविश्वासमा आधारित उपचार पद्धति थियो। धामीझाँक्रीले स्थानीय जडिबुटी प्रयोग गर्दथे। आपत्कालीन स्वास्थ्य सेवा संचालनका लागि संचार, सवारी केही थिएन। शौचालयको व्यस्था नहुदा खुल्ला शौच गर्ने अवस्था थियो। साबुन पानीले हात धुने चलन थिएन। घर र पशुका गोठ खोर नजिकै हुन्थे। असुरक्षीत महिनावारी र असुरक्षीत गर्भधान हुने अवस्था थियो। स्वास्थ्य सम्बन्धी जनचेतनाको कमी थियो, बालबालिकाको मृत्युदर बढी | प्राथमिक उपचार सम्वन्धी तालिम पाएका छन्। चर्पीको प्रयोग हुन्छ। स्वास्थ्य संस्था सञ्चालनमा छ। प्राथमिक स्वास्थ्य केन्द्र तथा प्रसुती गृह संचालनमा छन्। बिरामीलाई स्वास्थ्य चौकी पुऱ्याउन स्ट्रेचरको व्यवस्था छ। आवश्यक औषधिहरुको केही मात्रामा व्यवस्था छ। घरायसी तहमा पानी शुद्धिकरण गर्ने विधिको जानकारी भएको छ। विद्यालयमा किशोरी मैत्री शौचालय बन्ने क्रम सुरु भएको छ। सुरक्षीत महिनावारी प्याडको प्रयोग बढ्दो छ। स्वास्थ्य चौकी तथा मेडिकल जाने पहुँच छ, खोप लगाउने गरेकाले मृत्युदर कम भएको छ, स्वास्थ्यकर्मीको सल्लाह अनुसार उपचार गरिने, महिलाहरूमा आङ खस्ने समस्या कमी | मानव महामारी साथै पुश तथा बालीको महामारी प्रकोप क्षेत्रका लागि महामारी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ। लिङ्ग, उमेर र अपाङ्गताका आधारमा महामारी जोखिमयुक्त क्षेत्रहरूमा भू-सूचना प्रविधि समेत प्रयोग गरी सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ। सार्वजनिक शौचालय निर्माण भएको हुनेछ। स्वास्थ्य संस्थामा पर्याप्त औषधि व्यवस्थापन भएको हुनेछ। सबै वडामा बर्थिंग सेन्टर स्थापना र संचालन भएको | किशोरी मैत्री शौचालय नभएका विद्यालयमा महिनावारीको समयमा अप्ठेरो पर्ने गरेको छ। त्यस्तै कतिपय किशोरी मैत्री शौचालय भएका विद्यालयका शौचालयमा पानीको आपुर्ति सहज छैन्। स्वास्थ्य संस्थाको पहुँचले महिला तथा बालबालिकाको स्वास्थ्य स्थिति सुधार हुने देखिन्छ। |

| | | | |
|---|---|---|---|
| थियो, स्वास्थ्य चौकीहरू थिएनन्। वैद्य, जडिबुटी र झारफुकबाट उपचार गर्ने पद्धति रहेको थियो । कुवाको पानी शुद्धिकरण नगरी पिउने तथा व्यक्तिगत सरसफाईमा कमि थियो। | भएको छ। खानेपानी शुद्धीकरण केहि मात्रामा गर्न थालेको छ। | हुनेछ। स्वास्थ्य केन्द्रदेखि टाढा रहेको टोलमा गाउँघर क्लिनिक मार्फत सामान्य औषधि तथा परिवार नियोजनको साधनको उपलब्धता प्रकोपको समयमा पनि हुनेछ। आधुनिक खानपानले नसर्ने रोग बढ्ने देखिन्छ। | |
| **स्थानीय ग्रामीण बस्ती** | | | |
| ग्रामिण बस्ती तथा भौतिक पूर्वाधारहरूको विकास ज्येष्ठ नागरीक र आदिवासीहरूको वर्षौं देखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासका आधारमा आवश्यकता अनुसार स्रोतको पहुँचका आधारमा हुने गर्दथे। ढुङ्गा, स्लेट तथा खरको छानो थियो। | भौतिक पूर्वाधारहरूको योजना सहित निर्देशित जग्गा विकास कार्यक्रम, जग्गा एकीकरण कार्यक्रम, घडेरी तथा सेवा सुविधा कार्यक्रम विकास गर्न सकिएको छैन्। अव्यवस्थित सहरीकरणको सुरु भएको छ। वातावरण प्रदूषण सुरु भएको छ। टिनको छानोको प्रयोग हुन थालेको छ। | भौतिक पूर्वाधारहरूको योजना सहित निर्देशित जग्गा विकास कार्यक्रम, जग्गा एकीकरण कार्यक्रम, घडेरी तथा सेवा सुविधा कार्यक्रम विकासमा पहल भएको हुनेछ। महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गमैत्री पुर्वाधार विकासका विनियमको निर्माण भएको हुनेछ। वायु, जल तथा जमिनको प्रदूषण बढ्दै जान सक्नेछ। | महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, संकटान्मुख समुदायहरू, सम्पूर्ण सरोकारवालाको मुद्धा समेटिने गरी स्थानीय ग्रामिण तथा शहरी बस्ती निर्माण हुनुपर्दछ। |
| **जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद जोखिम न्यूनीकरण** | | | |
| सरकारी कार्यालयहरू, सामुदायिक भवनहरू, विद्यालयहरू, स्वास्थ्य चौकीहरू र आश्रय स्थलहरू बालबालिका, बृद्धबृद्धा तथा अपाङ्ग | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूका कार्यक्रम र नीति निर्माणमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग र संकटउन्मुख समुदायको पहुँच, | सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा निकासी मार्ग र भेला हुने स्थान छुट्याई रेखाङ्कन र सिमाङ्कन भएको हुनेछ। स्थानीय विद्यालयहरुका विपद् | दलित, महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, संकटउन्मुख समुदायहरू र सम्पूर्ण |

| | | | |
|---|---|---|---|
| मैत्री थिएनन्। खाद्य असुरक्षाको चुनौतिलाई सम्वोधन गर्न कृषि बीमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बिउ भण्डारहरू थिएनन्। विपद्का समयमा ढुकुटी, अैंचोपैचो गर्ने चलन थियो। स्थानीयहरूको वर्षौ देखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासका आधारमा खोज उद्धार हुने गरेको थियो। | प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने प्रयास भएको छ। बाढी जोखिम न्यूनीकरणका लागि संरचनागत प्रविधि अवलम्बन गर्दै बस्ती क्षेत्रलाई लक्षित गरी तटबन्ध तथा तारजाली निर्माण भएको छ। गाउँपालिकाको जलवायु परिवर्तन अनुकूलन कार्ययोजना तयार हुने क्रममा छ। सरकारी कार्यालयहरू, सामुदायिक भवनहरू, विद्यालयहरू, स्वास्थ्य चौकीहरू र आश्रयस्थलहरू बालबालिका, बृद्धबृद्धा तथा अपाङ्ग मैत्री छैनन्। विद्यालयहरुका विपद् जोखिम व्यवस्थापन योजना तयार भएको छैनन्। आपत्कालिन उद्धार सामग्रीको व्यवस्था छैन। महिला, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष खाद्यान्न, औषधि, सरसफाईका सामान तथा सहायक उपकरणहरू पर्याप्त मात्रामा भण्डारण भएको छैनन्। बहुप्रकोप जोखिम आँकलन तथा नक्शाङ्कन भएको छ तर बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनहरू गरी त्यस्ता | जोखिम व्यवस्थापन योजना तयार भएको हुनेछ। कृषिमा बढदो विपद् (बाढी, पहिरो, खडेरी, रोगकिरा) जोखिम र खाद्य असुरक्षाको चुनौतिलाई सम्वोधन गर्न कृषि बीमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बिउ भण्डारहरूको स्थापना भएको हुनेछ। आपत्कालिन उद्धार सामाग्रीहरू तथा उपकरणहरू (लाइफ ज्याकेट, दमकल, एम्बुलेन्स, स्ट्रेचर आदि) सहित पेय तथा खाद्य सामाग्रीहरू, बीउबिजन, पशुपन्छीका दानाहरू पर्याप्त मात्रामा भण्डारण भएको हुनेछ तथा आपत्कालिन राहत कोष संचालन भएको हुनेछ। महिला, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष खाद्यान्न, औषधि, सरसफाईका सामान तथा सहायक उपकरणहरू पर्याप्त मात्रामा भण्डारण भएको हुनेछ। जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धि | सरोकारवालाहरूका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने। समाजका सीमान्तकृत समूह, महिला, अपाङ्ग, बाल-बालिका तथा वृद्ध-वृद्धाहरूजस्ता अति संकटउन्मुख समूहका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमहरूको विकास गरी संचालन गर्नुपर्ने देखिन्छ। |

| | | | |
|---|---|---|---|
| | जोखिम समेट्न गरी स्थानीय ऐन कानुन, नीति नियम तयार भएको छैन्। | तालिम तथा स्थानीय शैक्षिक कार्यक्रमको पाठ्यक्रममा समावेश गर्न पहल भएको हुनेछ। जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापनका लागि वैकल्पिक तथा सृजनशील आर्थिक साधनहरू जस्तै पूर्वानुमानमा आधारित लगानी, साना लगानी, लघु ऋण, बीमा प्रवर्द्धन भएको हुनेछ। विपद् प्रभावित व्यक्ति तथा समुदायहरूलाई लघुवित्त, ससर्त नगद स्थानान्तरण आदिको व्यवस्था स्थापित भएको हुनेछ। | |
| **उद्योग, यातायात तथा भौतिक पूर्वाधार** | | | |
| ज्येष्ठ नागरीक र आदिवासीहरूको वर्षौं देखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासका आधारमा भौतिक पूर्वाधार बन्ने गरेको थियो। उद्योग, यातायात तथा भौतिक पूर्वाधार खासै विकास भएको थिएन, स्थानीयहरु हिँडेर यात्रा गर्ने गरेका थिए। भौतिक पूर्वाधार निर्माण कार्य कम हुन्थे, | सरकारी कार्यालयहरू, सामुदायिक भवनहरू, विद्यालयहरू, अस्पतालहरू र आश्रयस्थलहरू बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गमैत्री छैनन्। पालिका भित्र रहेका सडक मार्गहरु लगाएत अन्य भौतिक पूर्वाधार निर्माणमा वातावरण संरक्षण नियमावली २०७७ ले निर्दिष्ट गरेका वातावरणीय अध्ययनहरु नभएको पाईन्छ। निर्माण कार्यमा मेसिनको प्रयोग बढेको छ, यातायातको सुविधा रहेको छ जसको कारण | पालिका भित्र रहेका सडक मार्गहरुको आपतकालिन रणनीतिक महत्व पहिचान गरी तिनको जोखिम र विपद् सहनशीलताको मुल्यांकन गरी प्रवलीकरण गरिएको हुनेछ। वैकल्पिक मार्गको स्पष्ट पहिचान, प्राथमिकीकरण र निर्माण भएको हुनेछ। पूर्वाधार योजना डिजाइन र निर्माणका लागि विद्यमान मापदण्डहरू र मानकहरू, योजना | लैङ्गिक हिंसा, बालमजदुरी जस्ता जोखिमहरु उद्योग, यातायातमा तथा भौतिक पूर्वाधार विकासका क्रममा देखिन सक्छ। |

| | | | |
|---|---|---|---|
| श्रमिकहरू प्रयोग हुन्थे, मेसिनको प्रयोग थिएन। जुनसुकै ठाउँ जाँदा हिंडेर जानुपर्दा समयको बढी खर्च हुन्थ्यो, बाटोघाटो अप्ठ्यारो थियो जसको कारण ज्यान जाने सम्भावना थियो। तेल पेल्ने कोल र कुटानिको लागि ओखल र पिसानीको लागि पानीघट्ट, ढिकी, जाँतो यातायातको लागि घोडा, कन्डी, डोकाको प्रयोग हुन्थ्यो। | समयको बचत भएको छ, संचार सुविधा रहेको छ जसको कारण ज्यान बचाउन सहज भएको छ। रेडिमड कपडाको प्रयोग गरिन्छ। सडक तथा गोरेटो बाटोमा बाढी र पहिरो प्रकोपको जोखिम अत्याधिक रहेको छ। | मापदण्डको पालना भएको हुनेछ। स्थानीय स्रोतमा आधारित घरेलु उद्योग संचालन भएको हुनेछ। बाटोघाटोको स्तर वृद्धि भएको हुनेछ। सडकमा बायो-इन्जिनियरिंग प्रविधि प्रयोग गरी बाढी र पहिरो प्रकोपको जोखिम न्यूनीकरण भएको हुनेछ। | |
| **पर्यटन एवं प्राकृतिक तथा साँस्कृतिक सम्पदा** | | | |
| स्थानीय पर्यटनको पनि खासै प्रबर्धन भएको थिएन। भुवाचाली खेल्ने प्रचलन धेरै थियो, बिशु पर्व सबै वडा/वडामा मनाउने चलन थियो। भोक्तली (देउडा लगाउने) गरिन्थ्यो। पुतला खेल्ने गरिन्थ्यो। | सामाजिक संजालको प्रयोगकर्ताहरुको वृद्धिले स्थानीय मेला/महोत्सव बढेको छ। पर्यटनमा थप टेवा पुगेको छ भने भुवाचाली, बिशु, भोक्तली तथा पुतला खेल्ने चलनमा कमि आएको छ । | पर्यटन एंव प्राकृतिक तथा सांस्कृतिक सम्पदाको प्रवर्द्धन हुनेछ। इन्टरनेटको पहुँचले गर्दा भुवाचाली, बिशु, भोक्तली तथा पुतला खेल्ने चलन हराउन सक्ने सम्भावना रहेको छ। पर्यापर्यटन वृद्धि भएको हुनेछ भने स्थानीय होमस्टे व्यवस्थित रुपमा संचालन भएको हुनेछ। | स्थानीय मेलापर्वमा महिला तथा किशोरीमाथिको सम्भावित यौनजन्य अपराध कर्मको जोखिम रहने हुन्छ। |
| **लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन** | | | |
| लैङ्गिक समानता तथा सामाजिक समावेशिता विभेद थियो। कृषि | कृषि बाहेकका जीविकोपार्जनका स्रोतहरुको पहिचान भएको छ। अझै पनि महिला र | लैङ्गिक समानता तथा सामाजिक समावेशिताको पुर्ण सुनिश्चितता हुनेछ। | महिला तथा किशोरीमाथिको |

| | | | |
|---|---|---|---|
| तथा पशुपालनमा आधारित जीविकोपार्जन थियो। | पुरुषमा कामको विभेद रहेको तथा सामाजिक समावेशिता न्यून रहेको छ। पालिकामा हुने विकास निर्माणको काममा सुशासनको केही अवधारणा पालना भएता पनि पूर्ण रूपमा पालना भएको छैन। पुरुषहरू बाहिर काममा जाने भएकोले महिलाको घरेलु तथा कृषि सम्बन्धी कार्य बोझ बढेको छ। अझै पनि दलित समुदायले सार्वजनिक स्रोतहरू (पानी, मन्दिर लगायत) मा पहुँच अन्तिममा हुने गरेको तथा सामाजिक भेदभाव विद्यमान रहेको छ। | गर्भवती, सुत्केरी आमा, नवजात शिशु, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बिरामी, ज्येष्ठ नागरिकको आवश्यकीय हेरचाहको भएको हुनेछ। प्रभावितको समतामूलक पहुँच स्थापना र सामुदायिक पुनर्निर्माण, स्रोत संरक्षण एवं सेवा सञ्चालनमा बृद्धि भएको हुनेछ। व्यापार, उद्योगमा आधारित जीविकोपार्जनका स्रोतहरुको पहिचान भएको हुनेछ। | सम्भावित यौनजन्य आक्रमणजस्ता अपराध कर्मको जोखिम रहने हुन्छ। व्यापार, उद्योगमा आधारित जीविकोपार्जनका स्रोतहरुमा महिला, दलितको पहुँच कम हुन सक्नेछ। |
| **जनचेतना अभिवृद्धि, क्षमता विकास तथा अनुगमन** | | | |
| जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापनका सवालमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास जस्ता कार्यक्रमहरु हुँदैन, समुदायमा आधारित, तालिम प्राप्त, पूर्व अभ्यासशील स्वयंसेवकहरू थिएनन्। | निर्वाचित जनप्रतिनिधि, विषयगत निकायका सम्पर्क व्यक्ति, विपद जोखिम व्यवस्थापन क्षेत्रमा कार्यरत संघ संस्थाहरूलाई जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन ऐन, नियम, नीति, रणनीतिक कार्ययोजना बारे अभिमुखिकरण भएको छ। जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धमा सचेतना जगाउने कार्यक्रमहरूको विकास तथा संचालन गर्नका लागि समुदायमा आधारित संघ | संकटउन्मुख लक्षित समुदायहरू (महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, दलित, विपन्न) को लागि पूर्वसूचना प्रणालीबारे जानकारीमूलक सामाग्रीहरूको तयारी हुनेछ। विद्यालयका पाठयक्रममा जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी पाठयक्रम निर्माण गरी अध्ययन, अध्यापनलाई संस्थागत भएको हुनेछ। जलवायुजन्य प्रकोप | दलित तथा जनजाति, महिलाहरुले यस्ता जनचेतना अभिवृद्धि तथा क्षमता विकास कार्यक्रममा प्रतिनिधित्व गर्ने अवसर कम पाउन सक्ने संभावना हुन्छ। |

| | | | |
|---|---|---|---|
| | संस्था, गैरसरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरूसँग सहकार्य भएको छ।<br>जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धी चेतना तथा प्रशिक्षणका लागि विस्तृत पालिका स्तरको कार्यक्रमको विकास गरी संचालन भएको छ।<br>वन तथा वन्यजन्तु संरक्षण सम्बन्धि कानुनहरुको सचेतिकरण तथा क्षमता अभिवृद्धिका विशेष कार्यक्रमहरू संचालन भएको छैन। | न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रमहरू भएको हुनेछ। विद्यार्थी, अविभावक, शिक्षक, वन तथा वन्यजन्तु संरक्षण सम्बन्धि कानुनहरुको सचेतिकरण तथा क्षमता अभिवृद्धिका विशेष कार्यक्रमहरू संचालन भएको हुनेछ। समुदायमा आधारित, तालिम प्राप्त, पूर्व अभ्यासशील स्वयंसेवकहरूको प्रथम उद्धारक संयन्त्रको विकास र क्षमता अभिवृद्धि भएको हुनेछ। | |

स्रोतः वडा लापा तयारी गोष्ठी, २०८१

### ४.२ जीविकोपार्जनका स्रोतहरू माथिको प्रभाव विश्लेषण

प्राकृतिक, भौतिक, सामाजिक, मानवीय र आर्थिक सम्पत्तिको हिसाबले यस पालिकाको क्षमता कमी हुनुका साथै यी क्षेत्रको विस्तार र संरक्षणमा काम गर्ने सङ्घसंस्थाहरू न्यून रहेको पाइयो। खसडछान्ना गाउँपालिकामा जीविकोपार्जनको प्राकृतिक स्रोतहरूमा वन तथा वन्यजन्तुमा सबैभन्दा धेरै प्रभाव पर्ने देखिन्छ भने दोस्रो स्थानमा पानीको स्रोत तथा जडीबुटीमा प्रभाव परेको छ। त्यस्तै भौतिक स्रोतहरूमा पर्ने प्रभावमा खानेपानी पहिलो स्थानमा छ भने, विद्युत, घरगोठ, सञ्चार दोस्रो स्थानमा देखिएको छ। जीविकोपार्जनको आर्थिक स्रोतमा भने कृषि तथा पशुपालनमा सबैभन्दा धेरै प्रभाव पर्दछ। सामाजिक स्रोतहरूमा भने विद्यालय तथा स्वास्थ्य चौकी, सामुदायिक भवन तथा वन तथा कृषि समूहहरूलाई प्रकोपको प्रभाव धेरै पर्ने देखिन्छ।

**तालिका २५जीविकोपार्जनका स्रोतहरूमा प्रभाव विश्लेषण :**

| जीविकोपार्जनका स्रोतहरू | हालको अवस्था र गुणस्तर | भविष्यको अवस्था र गुणस्तरको अनुमान | स्तर (१–३) |
|---|---|---|---|
| **प्राकृतिक** | सल्ला, गुराँस, ओखर, बाँझ, टुनी जस्ता रुखहरु त्यस्तै चुत्रो, टिमुर, बोझो, पाषनबेद, कुरिलो पाइने गरेको छ। स्याल, फ्याउरो, रतुवा, भालु, घोरल, बाँदर, गोहोरो जस्ता पाइने वासस्थान भएको जंगल तुलनात्मक रुपमा पातलिँदै गएको, पानीका प्राकुतिक मूलहरु सुक्दै गएको, पानी पर्ने प्रवृत्तिमा फरकपन हुनाले खोलामा कहिले पानीको बहाव एक्कासी बढ्ने र कहिले पानीको मात्रा कम हुने गरेको, खडेरीको कारण जमिनमा सुख्खापन बढ्दै गएको र प्राकृतिक सुख्खा पहिरोका घटना बढेको छ। वनजङ्गलमा घाँसपातको समस्या देखिएको छ। वन डढेलोको प्रवृत्ति बढेर वन पैदावारको कमी भएको छ। | सामुदायिक वनले कडीकडाउ नगर्ने हो भने वनजंगलको क्षेत्रसँगै वन्यजन्तु, वन पैदावर र जडीबुटीका प्रकार र संख्यामा कमी आउन सक्ने, प्राकृतिक प्रकोपबाट वन क्षेत्र प्रभावित हुने तथा क्षेत्रफल घट्ने (पहिरो, बाढी, डढेलो, खडेरी), मिचाहा झारहरु अत्याधिक मात्रामा देखा पर्न सक्ने, पानीका मूलहरु अझै सुक्न गइ पानीका हाहाकार हुन सक्ने, पर्ती बाँझो जग्गा तथा खाली ठाउँमा वृक्षारोपण गरी यसको गुणस्तर सुधार्न सकिने, जडिबुटी संकलन केन्द्रको स्थापना गरी रोजगारीको सृजना गर्न सकिने, व्यवस्थित तटबन्ध व्यवस्था भएमा जमिनको गुणस्तर बढ्दै जानेछ, जंगल र जलाधारको संरक्षण गरेमा खानेपानी, सिँचाईको सुविधा हुन सक्छ। | ३ |
| **भौतिक** | सबै वडामा कच्ची सडकको पहुँच पुगेको र बिस्तारै स्तरउन्नती गर्ने योजना, वातावरणीय पक्षलाई ध्यान नदिइ बनाइएका थुप्रै सडक खण्डले पहिरो निम्त्याएको, सिँचाई कुलोहरू संचालनमा आएका तर कुलोको अवस्था नाजुक रहेको छ भने मुहानहरुमा लगातार बाढी र पहिरोले क्षति गर्दै आएको छ। | सडक स्तरोन्नति तथा कालोपत्रे हुनेछ। सडक छेउमा रूखविरुवा हुनेछ, भल निकासको व्यवस्था हुनेछ, कुलो कुलेसा र नहर बन्दै छन् भविष्यमा राम्रो र गुणस्तर हुनेछन्, स्वच्छ खानेपानीको बिस्तार हुनेछ, सरकारी भवनले गुणस्तरीय सेवा प्रदान गर्ने, अस्पताल संचालन हुनेछ भने स्वास्थ्य संस्थाले पनि गुणस्तरीय | ३ |

| | | | |
|---|---|---|---|
| | लघुजलविद्युत आयोजनाले विद्युत प्रदान गरेको तर थोरै क्षमताको विद्युत भएकाले सामान्य खपत हुने उपकरण मात्र संचालन हुने र सहायक ऊर्जाको स्रोतको रुपमा व्यक्तिगत सोलार प्यानल प्रयोग केहि मात्रामा रहेको छ भने धेरै स्थानमा राष्ट्रिय प्रशारण लाइन जडान भएको छ। सडकमा नाला/ढल निकास व्यवस्थित नभएको कारणले पहिरो तथा भुक्षयको जोखिम रहेको र बढ्दै गएको अवस्था छ। खानेपानी सबै ठाँउमा नपुगेको तथा खानेपानीको मुहान कम हुने र सुक्ने प्रवृत्ति वृद्धि भएको छ भने मुहान बगाउने र पुर्ने गरेको छ। हरेक वडामा वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवन, विद्यालय र गाउँपालिकामा एउटै मात्र क्याम्पस रहेको, झोलुगें पुलहरुले पालिकाका विभिन्न ठाँउहरु जोडिएको छ। | हुने र ठुलो रोगको उपचार हुने, भविष्यमा विद्यालयको गुणस्तर बढ्दै जाने उच्च तहका क्याम्पसमा विविध विद्याहरु संचालन भई गुणस्तरीय शिक्षाको अवसर प्राप्त हुनेछ। पक्की पुलहरु निर्माण हुनेछ। विस्तारै शहरीकरणको कारणले यातायात, उद्योग, रोजगारीका अवसर खुल्नेछन्। संचार, सुचना प्रविधिको विकास हुनेछ। ठोस फोहोरमैला सँगसँगै प्रदूषण पनि वृद्धि हुनेछ। | |
| **सामाजिक** | वडा कार्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी रहेको तर अपेक्षित सेवाहरु प्रदान गर्न नसकेको, हरेक वडामा आमा, कृषक, बचत समूह, बाल क्लब, युवा संजाल, महिला संजाल रहेको छ। हरेक वडामा स्थानीय मठमन्दिर, भुवाचाली पर्व, विशु पर्व, पुतला नाच, देउडा खेल्ने परम्परा रहेको छ। | सरकारी र सामाजिक सेवा केन्द्रको गुणस्तर र प्रभावकारीता बढ्न सक्नेछ। दक्ष प्राविधिक तथा सामाग्री थपिएको हुनेछ। सांस्कृतिक पर्व, मेला, भेषभुषा, नाचको संरक्षण गरी सांस्कृतिक पर्यटनको विकास हुन सक्ने देखिन्छ। एम्बुलेन्सको व्यवस्था भएको हुनेछ। | ३ |

| | | | |
|---|---|---|---|
| मानवीय | सिकर्मी, डकर्मी, सिलाइ कटाइ, जाली बुनाइ, स्वास्थ्यकर्मी, कृषि तथा पशु प्राविधिक, इन्जिनियर तथा ओभरसियर, मिस्त्री, सवारी चालक लगाएत दक्ष जनशक्ति केही मात्रामा रहेको छ। खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति न्यून, जलवायु परिवर्तनमा सचेतना एवं ज्ञानको अवस्था केही शिक्षित वर्ग सम्म मात्र रहेको छ। | जनसंख्या सँगसँगै साक्षरता पनि बढ्नेछ र दक्ष जनशक्तिहरू तयार हुनेछन्। महिला सशक्तिकरण अभियान तथा सिपमूलक तालिम संचालन भै क्षमता विकास कार्यक्रम भएको हुनेछ। सेवामुलक र व्यवसायिक कृषिमा लाग्ने संख्या वृद्धि भई बाहिर जाने युवाको संख्यामा कमी आउनेछ। दक्ष जनशक्ति स्थानीय स्तरमै उपलब्ध हुनेछन्। | २ |
| आर्थिक | काष्ठ फर्निचर उद्योग, चाउमिन उद्योग, पिसानी मिलहरु सञ्चालनमा रहेको, प्राइम बैक, लघु वित्त संस्थाहरू, रेमिट्यान्स, तथा सहकारी संस्था रहेकाले बचत गर्न तथा ऋण लिन सजिलो छ। केहि मात्रामा व्यावसायिक बाख्रा, माछा, कुखुरा, तरकारी तथा फलफुल खेति रहेको छ। नदीजन्य निर्माण सामग्री पालिकामा प्रसस्त रहेको छ भने स्लेट खानी पनि रहेको छ। | जडीबुटी प्रशोधन केन्द्र, साबुन, कुटानी पिसानी, फलफुल प्रसोधन उद्योग संचालन हुनेछ। स्थानीयहरूको सीप क्षमता अभिवृद्धि भएर स्वरोजगारीको सिर्जना हुनेछ। बचत समूहहरूको बचतमा वृद्धि भएको हुनेछ। नदीजन्य निर्माण सामग्रीको प्रयोग भै स्थानीय विकासको काम तिब्र भएको हुनेछ। व्यावसायिक पशुपालन तथा कृषि गर्नेको संख्या वृद्धि भएको हुनेछ। | १ |

## ४.३ अनुकूलन कार्यहरूको परिकल्पना, पहिचान तथा प्राथमिकीकरण

### ४.३.१ उच्च अनुकूलन क्षमताको परिकल्पना

वडा स्तरमा विद्यमान अवस्था र प्रणालीको चित्रण गरि उच्च अनुकूलन क्षमताका परिदृष्यहरूको परिकल्पना गरिएको छ र विभिन्न विषयगत क्षेत्रमा गरेका परिकल्पनाहरू निम्न अनुसार छन्।

- स्थानीयबासीहरूमा जलवायु परिवर्तनको बारेमा चेतना अभिवृद्धि भई यसको असरसँग विभिन्न विषयगत क्षेत्रमा अनुकूलित हुने क्षमता विकास भएको हुनेछ। जलवायुजन्य प्रकोपबाट हुने क्षति न्यून हुनेछ भने जीविकोपार्जन सहज हुनेछ। सामाजिक हिसाबले पछाडी पारिएका समुदायको समेत अनुकुलनका कार्यक्रमहरुमा पहुच पुगेको हुनेछ .

- सिँचाई कुलोको मर्मत तथा स्तरोन्नति, सरल तथा जलवायु अनुकूलित सिँचाई प्रविधिको प्रयोगले सिंचाइको उपलब्धतामा वृद्धि र उपलब्ध पानीको सदुपयोग भई कृषि उत्पादनमा वृद्धि हुनुका साथै स्थानीय जनताको आय आर्जनमा टेवा पुगेको हुनेछ।
- खानेपानीको मुहानको संरक्षणबाट पानीको उपलब्धता वृद्धि भएको हुनेछ भने स्वच्छ पिउने पानी तथा सरसफाईको कारण स्थानीय समुदायको स्वास्थ्यमा सुधार आएको हुनेछ।
- विभिन्न भौतिक पूर्वाधार जस्तै सडक, सिँचाई प्रणाली, खानेपानी, अस्पताल, विद्यालय, सार्वजनिक शौचालयको निर्माण भएको हुनेछ र सामजिक हिसाबले पछाडी पारिएका सम्पूर्ण समुदायको सहज पहुच पुगेको हुनेछ।
- जलवायु परिवर्तनका कारण हुने संक्रामक रोगहरू (VBDs, पानी, हावा र खाद्यजन्य रोगहरू) सङ्क्रमण कम भएको हुनेछ।
- उपयुक्त उन्नत जातको कृषि बाली, जलवायु अनुकूलित प्रविधिको प्रयोगका कारण कृषि उत्पादनमा वृद्धि भई जीविकोपार्जन सहज तथा महिलाको कार्यबोझ घटाउनमा टेवा पुग्नेछ।
- पशु तथा कृषिमा देखा पर्ने रोगको असर कमी भई कृषि उत्पादनमा वृद्धि हुनाले खाद्य सुरक्षा बढ्नेछ।
- हाते ट्र्याक्टर तथा मिनी टिलर, थ्रेसर मेशिन र मकै छोडाउने मेशिन, कुटानी पिसानी मिलको उपलब्धताले महिलाको कार्यबोझ तथा स्वास्थ्य समस्यामा कमी आएको हुनेछ।
- जलवायु परिवर्तनको प्रभावहरूसँग अनुकूलित हुन तथा समग्र वातावरण तथा पर्यावरणीय प्रणालीको दिगो विकास गर्न जडारीगाड जलाधार क्षेत्रका माथिल्लो तथा तल्लो तटीय क्षेत्रहरूबीच सहकार्यको सुरुवात भएको हुनेछ।

### ४.३.२ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन कार्यहरूको पहिचान

विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनका असरहरूको सामना गरी परिवर्तित अवस्थामा जीवनयापन गर्न सक्ने अवस्थाको सृजना गर्न स्थानीय परिस्थिति अनुसार अल्पकालीन र दीर्घकालीन अनुकूलनका रणनीतिहरूको अवलम्बन गर्न सकिन्छ। सुदूरपश्चिम प्रदेशको हिमाली क्षेत्रमा कृषिमा आधारित अनुकूलन उपायहरूमा रासायनिक विषादी प्रयोगमा वृद्धि (४९.३%), उन्नत जातको बिउ प्रयोग (४७.२%), मिचाहा प्रजातिको नियन्त्रण (४०.७%), पशु औषधि उपचार (३६%), आधुनिक कृषिको सुरुवात (२९.६%), स्थानीय तह र कृषि कार्यालयहरूबाट सेवा लिने (२४.८%), कृषि बाली लगाउने समय परिवर्तन (२१.३%), जैविक मलको मात्र प्रयोग (२१.२%), नयाँ कृषि लगाउने तरिकाको प्रयोग (१७.९%), मिल्ने बाली लाउने (१७.३%), जमिन बाँझो राख्ने (१४.७%), सिँचाई प्रणाली थप (१२.५%), पानी तथा जमिन संरक्षण (१२%), नयाँ जातको बिरुवा लगाउने (हाइब्रिड) (११.५%), जलवायु अनुकूलन तालिम (९.८%), जलवायु प्रकोपको न्यूनीकरण (८.६%), उन्नत तथा फरक जातको पशुपालन (६%), माटोको गुणस्तर सुधार गर्ने (४.५%) गर्ने गरेका देखिएका छन् (राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण, २०२२) भने विगत ५ वर्षमा कृषि कर्म बाहेकको जलवायु अनुकूलन उपायहरूमा कृषि बाहेकको काम शुरु गर्ने (२७.१%), खानपान परिवर्तन (३३.७%), अस्थायी आन्तरिक बसाइसराइ (२८.४%), सडक/पूर्वाधार स्तरोन्नति

(१८.१%), समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापनमा सरिक (१४.२%) र जलवायुजन्य प्रकोप सम्बन्धी तालिम (५.९%) लिने गरेको देखिएको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१)।

**तालिका २६: प्रकोपले प्रभाव परेको जीविकोपार्जनको स्रोत र अनुकूलन उपायहरुको विश्लेषण**

| जलवायु उत्पन्न प्रकोपहरू | प्रभावित जीविकोपार्जनका स्रोतहरू | समुदायले अपनाएका जुध्ने उपायहरू | के ती उपायहरूले काम गरेका छन् ? | के ती उपायहरू दिगो छन् ? | वैकल्पिक अनुकूलनका उपायहरू तथा विपद जोखिम न्यूनीकरण |
|---|---|---|---|---|---|
| **पहिरो** | प्राकृतिक, भौतिक, आर्थिक, सामाजिक तथा मानवीय स्रोत | वृक्षारोपण, सुक्खा पर्खालहरू लगाएर पहिरो रोकथामको प्रयास भएका, मुहान मर्मत | केही काम गरेका छन्। | केही छन्। | PCC, RCC तटबन्धन, सडकमा ढल कुलो निर्माण, वृक्षारोपण, बायो-इन्जिनियरिंग पद्धतिद्वारा पहिरो नियन्त्रण, ग्यबियन पर्खाल |
| **बाढी** | प्राकृतिक, भौतिक, आर्थिक, सामाजिक तथा मानवीय स्रोत | सुक्खा तटबन्धन निर्माण, सिँचाई मर्मत, वृक्षारोपण, खाद्यान्न खरिद गरि आपूर्ति गरेको | केही काम गरेका छन्। | छैनन् | बृहत तटबन्धन, वृक्षारोपण, पक्की सिँचाई कुलो, झोलुङ्गे पुल तथा ट्रसपुल निर्माण, विद्युतीय कुटानी पिसानी मिल संचालन, मुहान संरक्षण |
| **खडेरी** | आर्थिक स्रोत, प्राकृतिक स्रोत | सिँचाई कुलो बनाएर पानी लगाएको, टाढाको पानीको मुहानबाट पानी ल्याएर खाएको, खानेपानीका मुहानहरूको संरक्षण, बाली लगाउने समय तथा जात परिवर्तन गरेको खाद्यान्न किनेर खाएको, पानीको मुहान मर्मत | कहिले गरेका छन् | केही छन् | सिंचाइको लागि दिगो आयोजना व्यवस्था गर्ने, खडेरी प्रतिरोधी बिउ बिजनको व्यवस्थापन, संरक्षण पोखरी तथा सिँचाई पोखरी निर्माण, थोपा तथा फिरफिरे सिँचाई प्रवर्द्धन गर्ने, मुहान संरक्षण तथा वृक्षारोपण, कम पानीमा हुने बाली प्रवर्द्धन गर्ने, रिचार्ज पोखरी निर्माण |

| | | | | | |
|---|---|---|---|---|---|
| **आगोलागी/ डढेलो** | प्राकृतिक स्रोत, आर्थिक स्रोत, सामाजिक स्रोत | समुदायको प्रयासमा निभाउने र नियन्त्रणमा लिने प्रयास भएको, खानेपानी मर्मत सम्भार | केही छन्। | छैनन्। | वृक्षारोपण गर्ने, जनचेतनामूलक कार्यक्रम गर्ने, पोखरी निर्माण गर्ने, अग्निरेखा निर्माण गर्ने तथा अग्नि नियन्त्रण तालिम प्रदान गर्ने, अग्नि नियन्त्रण सामग्री वितरण गर्ने, |
| **हावाहुरी** | भौतिक स्रोत, आर्थिक स्रोत तथा प्राकृतिक स्रोत | भौतिक पूर्वाधारहरूको पुनःमर्मत भएका, भँचेको वन पैदावर, अन्न बाली सदुपयोग गरिएका | केही छन्। | छैनन्। | पक्की सामुदायिक भवनको व्यवस्था, काठ र माटोको छानो भएको घर बनाउन प्रोत्साहन दिने, Agroforestry प्रवर्द्धन गर्ने |
स्वास्थ्य, खानेपानी तथा सरसफाइ क्षेत्रमा अनुकूलन हुनको लागि मुख्य रूपमा मुहान संरक्षण, खानेपानीको ट्याङ्की तथा वितरण प्रणाली मर्मत तथा निर्माण, स्वास्थ्य संस्थामा सामाग्रीहरूको व्यवस्थापन, धारा तथा कुवा निर्माण, स्वास्थ्य जनचेतना कार्यक्रम, फोहोरमैला व्यवस्थापनको तालिम, सार्वजनिक शौचालय लगायतका योजनाहरू समेटिएका छन्। यस सम्बन्धी योजनाहरू कार्यान्वयनको लागि सम्भावित सहयोगी निकायमा खप्तडछान्ना गाउँपालिका आफै तथा स्वास्थ्य शाखा, जिल्ला जनस्वास्थ्य कार्यालय, प्रदेश खानेपानी मन्त्रालय, सङ्घीय खानेपानी मन्त्रालय, स्वास्थ्य मन्त्रालय, गैह्र सरकारी संस्थाहरू (ADPC, Youth Alliance for Environment, ग्रीन तारा, Action for Nepal) हुन सक्नेछन्।

## ५. स्थानीय ग्रामीण बस्ती

| क्र.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | इकाई | परिमाण | इकाई लागत (हजारमा) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | |
| १ | नेटाधार देखि माइका थानसम्म गोरेटो बाटो निर्माण | १ | | मिटर | १ | ५०० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० |
| २ | गडीगाउँ देखि छडीभेल सम्म गोरेटो बाटो निर्माण | १ | | कि.मि. | २ | ५०० | | ० | | ० | १ | ५०० | १ | ५०० | | ० | १००० |

| क्र.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | इकाई | परिमाण | इकाई लागत (हजारमा) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | |
| ३ | माझीगाउँ देखि सेतीपंचमीसम्म खानेपानीको ढल निकास | ४ | ५०० | मिटर | २०० | ३.५ | २०० | ७०० | | ० | | ० | | ० | | ० | ७०० |
| ४ | कालुखेती भल निकास | ५ | | मिटर | १०० | ३.५ | १०० | ३५० | | ० | | ० | | ० | | ० | ३५० |
| ५ | मतुवा-सिलडाँडा देखि बर्मा सम्म भल निकास | ५ | ८० | मिटर | २०० | ३.५ | | ० | २०० | ७०० | | ० | | ० | | ० | ७०० |
| ६ | हितवाडा देखि चाडे खेत सम्म भल निकास | ५ | ५० | मिटर | २०० | ३.५ | | ० | | ० | २०० | ७०० | | ० | | ० | ७०० |
| ७ | सुतारी गाउँ माहाडी देखि तल्ला वाडा सम्म भल निकास | ५ | ४० | मिटर | २०० | ३.५ | | ० | | ० | | ० | | ० | २०० | ७०० | ७०० |
| ८ | गढीगाउँमा खानेपानीको निकासको | १ | | मिटर | २०० | ३.५ | | ० | २०० | ७०० | | ० | | ० | | ० | ७०० |

| क.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | इकाई | परिमाण | इकाई लागत (हजारमा) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | |
| | लागि ढल निकास | | | | | | | | | | | | | | | | |
| ९ | जोखिमयुक्त बस्ति स्थानान्तरणको लागि बसोबासयोग्य स्थान पहिचान अध्ययन | पालिका | | पटक | १ | ५०० | | ० | | ० | | ० | १ | ५०० | | | |
| १० | स्याल तोला माडी खेत ढल निकास | ५ | १५० | मि. | ८०० | ३.५ | ० | ० | ० | ० | ० | ० | ४०० | १४०० | ४०० | १४०० | २८०० |
| ११ | रमेश आग्री आफर हुदै अदालारोड सम्म ढल निकास | ७ | १५० | मिटर | ५०० | ३.५ | ० | ० | ० | ० | १५० | ५२५ | | ० | | ० | ५२५ |
| १२ | बयाना ढल निकास | ६ | २०० | मिटर | १२०० | ३.५ | ० | ० | ० | ० | ० | ० | ६०० | २१०० | ६०० | २१०० | ४२०० |
| **जम्मा** | | | | | | | | १,५५० | | १,४०० | | १,७२५ | | ३,१०० | | २,८०० | १०,५७५ |

स्थानीय ग्रामीण तथा सहरी बस्ती क्षेत्रमा अनुकूलन हुनको लागि मुख्य रूपमा बस्ती स्थानान्तरण, सडक छेउ भल निकास तथा वृक्षारोपण, गोरेटो बाटो निर्माण तथा स्तरोन्नति एकीकृत बस्ती निर्माणको लागि स्थान पहिचान लगायतका योजनाहरू समेटिएका छन्। यस सम्बन्धी योजनाहरू कार्यान्वयनको लागि सम्भावित सहयोगी निकायमा खसडछाान्रा गाउँपालिका आफै, प्रदेश सरकार, सङ्घीय सरकार, जिल्ला पूर्वाधार विकास समिति हुन सक्नेछन्।

## ६. जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम न्यूनीकरण

| क्र.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | परिमाण | इकाई | इकाई लागत (हजार) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | |
| १ | स्वास्थ्य चौकी भवन वरपर तटबन्धन निर्माण | १ | | घनमिटर | १०० | १० | १०० | १००० | | ० | | ० | | ० | | ० | १००० |
| २ | आडेखोला-देखि गढीगाउँसम्म तटबन्धन | १ | | घनमिटर | ४०० | १० | ० | ० | १०० | १००० | १०० | १००० | १०० | १००० | १०० | १००० | ४००० |
| ३ | कालीपच्छ्याइ-चराकादेवल तटबन्धन | १ | ३० | घनमिटर | ४०० | १० | | ० | १०० | १००० | १०० | १००० | १०० | १००० | १०० | १००० | ४००० |
| ४ | चराकादेवल-सिमकाखेल तटबन्धन | १ | ५० | घनमिटर | ८०० | १० | २०० | २००० | २०० | २००० | २०० | २००० | २०० | २००० | | ० | ८००० |
| ५ | बकान्डा-मष्टाकाथान तटबन्धन | १ | ३० | घनमिटर | २५० | १० | १०० | १००० | १५० | १५०० | | ० | | ० | | ० | २५०० |
| ६ | पुल-खैराडा बस्ति तटबन्धन | १ | १६ | घनमिटर | १६० | १० | | ० | | ० | १६० | १६०० | | ० | | ० | १६०० |
| ७ | कुचेखोला-खालिगडा तटबन्धन | १ | १५ | घनमिटर | ४०० | १० | | ० | १०० | १००० | १०० | १००० | १०० | १००० | १०० | १००० | ४००० |
| ८ | भडारीभ्वा-घट्टेसम्म तटबन्धन | १ | ७० | घनमिटर | ३०० | १० | | ० | | ० | १०० | १००० | १०० | १००० | १०० | १००० | ३००० |
| ९ | घट्टे-गडीगाउँ-चोटिया तटबन्धन | १ | ७० | घनमिटर | ३०० | १० | | ० | | ० | १०० | १००० | १०० | १००० | १०० | १००० | ३००० |
| १० | चोटिया-सिमतेलपारा तटबन्धन | १ | ८० | घनमिटर | ३०० | १० | | ० | | ० | १०० | १००० | १०० | १००० | १०० | १००० | ३००० |
| ११ | सिम्लागोदा बस्ति तटबन्ध | १ | ८ | घनमिटर | २५० | १० | १५० | १५०० | १०० | १००० | | ० | | ० | | ० | २५०० |
| १२ | ऐंचेली बगरमा जडारी खोला तटबन्धन | २ | | घनमिटर | ५०० | १० | १०० | १००० | १०० | १००० | १०० | १००० | १०० | १००० | १०० | १००० | ५००० |
| १३ | ढुंखेत-दारुगाउँ बस्ति बचाऊ तटबन्धन | ३ | ९० | घनमिटर | ५०० | १० | | ० | | ० | १०० | १००० | २०० | २००० | २०० | २००० | ५००० |
| १४ | पहिरो क्षेत्रमा वृक्षारोपण (तोलागाडा, थाप्लाकोट, धाराखोला, बुडिको टालो, धिर्धिरपानी) | ३ | | वटा | ५०० | ०.२ | ५०० | १०० | | ० | | ० | | ० | | ० | १०० |
| १५ | भंगडा तटबन्धन | ३ | २० | घनमिटर | ५० | १० | ५० | ५०० | | ० | | ० | | ० | | ० | ५०० |

| क्र.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | परिमाण | इकाई | इकाई लागत (हजार) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | |
| १६ | नुवाकोट बस्तीमा ग्याबियन जाली तटबन्धन | ३ | २० | घनमिटर | ३०० | १० | १५० | १५०० | १५० | १५०० | | ० | | ० | | ० | ३००० |
| १७ | थाप्लाकोट बस्ती तटबन्धन | ३ | ३० | घनमिटर | ३५० | १० | | ० | १५० | १५०० | २०० | २००० | | ० | | ० | ३५०० |
| १८ | सिप्टीकोट साउनेगाउँ बायोइन्जिनियरिंग | ३ | २५ | मिटर | १०० | १५ | ५० | ७५० | ५० | ७५० | | ० | | ० | | ० | १५०० |
| १९ | भाँडेखोला तटबन्धन | ३ | १५० | घनमिटर | २५० | १० | | ० | | ० | | ० | १५० | १५०० | १५० | १५०० | ३००० |
| २० | थाप्रेश्वर सा.व. नुवाकोट बस्ति ग्यबियन जाली | ३ | २० | घनमिटर | ५० | १० | | ० | | ० | ५० | ५०० | | ० | | ० | ५०० |
| २१ | बामेलिमा कृषि भुमि संरक्षण गर्न तटबन्धन | ४ | ६०० | घनमिटर | १०० | १० | ५० | ५०० | ५० | ५०० | | ० | | ० | | ० | १००० |
| २२ | स्वाडी बस्ति तटबन्धन | ४ | २५० | घनमिटर | २५० | १० | १०० | १००० | १०० | १००० | ५० | ५०० | | ० | | ० | २५०० |
| २३ | घाटखोला देखि छेलेबगर तटबन्धन | ४ | ५०० | घनमिटर | ५०० | १० | १०० | १००० | १०० | १००० | १०० | १००० | १०० | १००० | १०० | १००० | ५००० |
| २४ | खोला टोल तटबन्धन | ४ | २०० | घनमिटर | ३०० | १० | | ० | | ० | १०० | १००० | १०० | १००० | १०० | १००० | ३००० |
| २५ | सुनार गाउँ बस्ति बचाऊ तटबन्धन | ४ | ४० | घनमिटर | ५० | १० | ५० | ५०० | | ० | | ० | | ० | | ० | ५०० |
| २६ | खसड मा.वि. देखि वडा कार्यालय सम्म तटबन्धन | ५ | | मिटर | १०० | १० | | ० | ५० | ५०० | ५० | ५०० | | ० | | ० | १००० |
| २७ | पिठातोला बस्ति तटबन्धन | ५ | | मिटर | १०० | १० | | ० | | ० | | ० | १०० | १००० | | ० | १००० |
| २८ | धामिखोला तटबन्धन सुतारीगाउँ | ५ | | मिटर | २०० | १० | ५० | ५०० | ५० | ५०० | ५० | ५०० | ५० | ५०० | | ० | २००० |
| २९ | कालुखेती-खोचा-कालापानी बस्ति पहिरो नियन्त्रणको तटबन्धन | ५ | २० | घनमिटर | २७० | १० | | ० | ५० | ५०० | ५० | ५०० | ५० | ५०० | १२० | १२०० | २७०० |
| ३० | छात्रबस्टि सडक खण्डमा पहिरो नियन्त्रण गर्न बायोइन्जिनियरिंग | ५ | १५० | मिटर | ३०० | १५ | ५० | ७५० | ५० | ७५० | ५० | ७५० | ५० | ७५० | १०० | १५०० | ४५०० |

| क्र.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | परिमाण | इकाई | इकाई लागत (हजार) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | |
| ३१ | वडा भवन र स्वास्थ्य चौकी नजिक तटबन्धन | ५ | १५० | घनमिटर | ७० | १० | ७० | ७०० | | ० | | ० | | ० | | ० | ७०० |
| ३२ | मुतुवा र पिठातोलामा अर्थिंग व्यवस्थापन | ५ | २०० | स्थान | २ | २० | २ | ४० | | ० | | ० | | ० | | ० | ४० |
| ३३ | काफलतोलामा ग्यबियन जाली | ५ | १ | घनमिटर | १० | ३ | १० | ३० | | ० | | ० | | ० | | ० | ३० |
| ३४ | दुदिरमाडौंको डिल देखि माडी चौर सम्म तटबन्धन | ६ | | मिटर | १६० | १० | | ० | | ० | ६० | ६०० | १०० | १००० | | ० | १६०० |
| ३५ | सिरमाडु तटबन्धन | ६ | | मिटर | १५० | १० | | ० | | ० | | ० | १०० | १००० | ५० | ५०० | १५०० |
| ३६ | चिप्देगाडा तिउने कोसेली खेत र बस्तीी क्षेत्रमा वृक्षारोपण | ६ | | हेक्टर | २ | ५० | | ० | २ | १०० | | ० | | ० | | ० | १०० |
| ३७ | धामीतोलामा तटबन्धन | ६ | | घनमिटर | २०० | १० | | ० | ५० | ५०० | ५० | ५०० | ५० | ५०० | ५० | ५०० | २००० |
| ३८ | मछानीपाताल वृक्षारोपण र तटबन्धन | ६ | | स्थान | १ | २५० | | ० | | ० | | ० | | ० | १ | २५० | २५० |
| ३९ | खडिखेत वृक्षारोपण र तटबन्धन | ६ | | स्थान | १ | २५० | | ० | | ० | | ० | | ० | १ | २५० | २५० |
| ४० | घट्टेखेत वृक्षारोपण र तटबन्धन | ६ | २० | घनमिटर | २०० | ११ | ५० | ५५० | ५० | ५५० | ५० | ५५० | ५० | ५५० | | ० | २२०० |
| ४१ | तिउनेडाँडा पहिरो बायोइन्जिनियरिंग | ६ | | मिटर | ३० | १५ | ३० | ४५० | | ० | | ० | | ० | | ० | ४५० |
| ४२ | राजकोट पहिरो बायोइन्जिनियरिंग | ६ | ३० | मिटर | ५० | १५ | | ० | ५० | ७५० | | ० | | ० | | ० | ७५० |
| ४३ | कोसेडीखेत पहिरो बायोइन्जिनियरिंग | ६ | ७० | मिटर | ५० | १५ | | ० | | ० | ५० | ७५० | | ० | | ० | ७५० |
| ४४ | भट्टीउन पहिरो बायोइन्जिनियरिंग | ६ | २० | मिटर | १०० | १५ | | ० | | ० | | ० | ५० | ७५० | ५० | ७५० | १५०० |
| ४५ | वयाना पहिरो बायोइन्जिनियरिंग | ६ | १५० | मिटर | ७५ | १५ | | ० | | ० | | ० | | ० | ७५ | ११२५ | ११२५ |
| ४६ | पाटादेवल स्वास्थ्य चौकी पहिरो नियन्त्रण | ६ | | मिटर | १०० | १५ | | ० | | ० | ५० | ७५० | ५० | ७५० | | ० | १५०० |
| ४७ | बौतडी तटबन्ध निर्माण | ६ | ५० | मिटर | २०० | १० | | ० | | ० | | ० | १०० | १००० | १०० | १००० | २००० |

| क्र.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | परिमाण | इकाई | इकाई लागत (हजार) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | परिमाण | लागत | |
| ४८ | कुकुडीखेत तटबन्धन | ७ | ५० | मिटर | ५० | १० | | ० | ५० | ५०० | | ० | | ० | | ० | ५०० |
| ४९ | दगाडा तटबन्धन (सेराखेत) | ७ | २० | मिटर | ५० | १० | | ० | | ० | ५० | ५०० | | ० | | ० | ५०० |
| ५० | लामागडा चौसाल फुटापहिरो तटबन्धन (घर जोखिम) | ७ | ३० | मिटर | ३० | १० | | ० | | ० | ३० | ३०० | | ० | | ० | ३०० |
| ५१ | महेश्वरी मा.वि. तटबन्धन | ७ | ५०० | मिटर | ५० | १० | ५० | ५०० | | ० | | ० | | ० | | ० | ५०० |
| ५२ | लामागडा तटबन्धन | ७ | ५० | मिटर | २५ | १० | | ० | २५ | २५० | | ० | | ० | | ० | २५० |
| ५३ | विपद तथा अनुकुलन कोष' स्थापना | पालिका | | पटक | १ | २००० | १ | २००० | | ० | | ० | | ० | | ० | २००० |
| ५४ | विपद व्यवस्थापन सामाग्री खरिद तथा व्यवस्थापन | सबै | | सेट | ७ | ५०० | | ० | ७ | ३५०० | | ० | | ० | | ० | ३५०० |
| ५५ | वडा स्तरीय विपद जोखिम व्यवस्थापन तालिम | सबै | | पटक | ७ | ५० | ७ | ३५० | | ० | | ० | | ० | | ० | ३५० |
| ५६ | जुकेखोला-गैरागडा-सिमखेत तटबन्धन | ४ | ५० | घनमिटर | १८० | १० | | ० | | ० | | ० | ८० | ८०० | १०० | १००० | १८०० |
| ५७ | स्वास्थ्य चौकी भवनमा अर्थिंग | ६ | | वटा | १ | १५ | १ | १५ | | ० | | ० | | ० | | ० | १५ |
| ५८ | बाढी पूर्वसुचना प्रणाली स्थापना | १ | | संख्या | १ | १५०० | १ | १५०० | | ० | | ० | | ० | | ० | १५०० |
| ५९ | गड्खेत सिँचाई कुलो मुहान तटबन्धन | ५ | | मिटर | ५० | १० | | ० | ५० | ५०० | | ० | | ० | | ० | ५०० |
| ६० | घटेगाड-पारी पहोरा-मायापाटा तटबन्धन | १ | ५०० | घनमिटर | १००० | १० | २०० | २००० | २०० | २००० | २०० | २००० | २०० | २००० | २०० | २००० | १०००० |
| ६१ | खोलाघर पाडा बस्ति बचाऊ तटबन्धन | ५ | ५० | घनमिटर | ३०० | १० | ३०० | ३००० | | ० | | ० | | ० | | ० | ३००० |
| ६२ | आनाबगर कौसाडी तटबन्धन | २ | ५० | घनमिटर | १५० | १० | १५० | १५०० | | ० | | ० | | ० | २०० | २००० | ३५०० |
| ६३ | कोसेडीखेत तटबन्धन | ६ | १०० | घनमिटर | २०० | १० | | ० | | ० | | ० | | ० | २८० | २८०० | २८०० |
| ६४ | फार्पे बगर भङ्गाडा तटबन्धन | | ३० | घनमिटर | २८० | १० | | ० | | ० | | ० | २८० | २८०० | | ० | २८०० |
| ६५ | सुन्तेखोला सिमखेत तटबन्धन | | ५०० | घनमिटर | ५०० | १० | १०० | १००० | १०० | १००० | १०० | १००० | १०० | १००० | १०० | १००० | ५००० |

| क्र.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | परिमाण | इकाई | इकाई लागत (हजार) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | |
| ६६ | घडा बस्ति बचाऊ तटबन्धन | | ५० | घनमिटर | २३० | १० | २३० | २३०० | | ० | | ० | | ० | | ० | २३०० |
| ६७ | सिल्कावाडा बस्ति बचाऊ तटबन्धन | | १०० | घनमिटर | ५०० | १० | २५० | २५०० | | ० | २५० | २५०० | | ० | | ० | ५००० |
| जम्मा | | | | | | | | ३२०३५ | | २६६५० | | २८३०० | | २९४०० | | २८३७५ | १४४७६० |

जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम न्यूनीकरण क्षेत्रमा अनुकूलन हुनको लागि मुख्य रूपमा पहिरो तथा बाढी जोखिम क्षेत्रमा तटबन्धन तथा बायो-इन्जिनियरिङ, राहत तथा उद्धार सामग्री व्यवस्थापन, जलवायु विपद् कोष स्थापना, अर्थिङ स्थापना लगायतका योजनाहरू समेटिएका छन्। यस सम्बन्धी योजनाहरू कार्यान्वयनको लागि सम्भावित सहयोगी निकायमा खसडछाान्ना गाउँपालिका आफै, प्रदेश सरकार, सङ्घीय सरकार, भू तथा जलाधार व्यवस्थापन कार्यालय, जिल्ला समन्वय समिति, Asian Disaster Preparedness Center, YAE हुन सक्नेछन्।

## ७. उद्योग, यातायात तथा भौतिक पूर्वाधार

| क्र.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | इकाई | परिमाण | इकाई लागत (हजारमा) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | |
| १ | स्लेट उद्योग | १ | | वटा | १ | ५०० | | ० | १ | ५०० | | ० | | ० | | ० | ५०० |
| २ | अल्लो, भांगोबाट धागो उद्योग | १ | | वटा | १ | १५०० | | ० | | ० | १ | १५०० | | ० | | ० | १५०० |
| ३ | लोक्ताबाट नेपाली कागज उद्योग | १,२,३ | | वटा | ३ | ३०० | | ० | १ | ३०० | | ० | | ० | २ | ६०० | ९०० |
| ४ | ढटेलोबाट तेल उत्पादन मिल | पालिका | | वटा | १ | ५०० | | ० | | ० | | ० | १ | ५०० | | ० | ५०० |
| ५ | खोटोबाट मैन बत्ती उद्योग | १ | | वटा | २ | ५०० | | ० | १ | ५०० | | ० | | ० | १ | ५०० | १००० |
| ६ | कुटानी पिसानी मिल (नुवाकोट, लम्तडा, गडराय, लामागडा) | ३, ६, ७ | | वटा | ३ | ३०० | १ | ३०० | | ० | | ० | २ | ६०० | | ० | ९०० |
| ८ | कागती पेल्ने मेसिन | पालिका | | वटा | ५ | १०० | ५ | ५०० | | ० | | ० | | ० | | ० | ५०० |
| ९ | जाम, चाउमिन सस उद्योग | पालिका | | वटा | १ | ५०० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० |
| | | | | | | | | १३०० | | १३०० | | १५०० | | ११०० | | ११०० | ६३०० |

उद्योग, यातायात तथा भौतिक पूर्वाधार क्षेत्रमा अनुकूलन हुनको लागि मुख्य रूपमा स्थानीय स्रोतहरूमा आधारित घरेलु उद्योग सञ्चालनका योजनाहरू समेटिएका छन्। यस सम्बन्धी योजनाहरू कार्यान्वयनको लागि सम्भावित सहयोगी निकायमा खप्तडछान्ना गाउँपालिका आफै, प्रदेश सरकार, सङ्घीय सरकार हुन सक्नेछन्।

## ८. पर्यटन, प्राकृतिक तथा साँस्कृतिक सम्पदा

| क्र.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | इकाई | परिमाण | इकाई लागत (हजारमा) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | |
| १ | खप्तड पदमार्गमा सूचनापाटी व्यवस्था | ३ | | पटक | १ | २०० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० |
| २ | होमस्टे संचालन सम्बन्धि तालिम | १,२,३ | ३० | पटक | १ | ५० | | ० | १ | ५० | | ० | | ० | | ० | ५० |
| ३ | बाठेनाथ दोभान मसानघाट व्यवस्थापन | ४ | | स्थान | १ | १०० | | ० | | ० | १ | १०० | | ० | | ० | १०० |
| ४ | बामेली हुँदै माइकोथान पदमार्ग | ४ | | वटा | १ | ५०० | | ० | | ० | | ० | १ | ५०० | | ० | ५०० |
| ५ | खापरमाडौं मन्दिरको छाना निर्माण | ६ | | पटक | १ | २०० | | ० | | ० | | ० | | ० | १ | २०० | २०० |
| ६ | हरित पार्क निर्माण | पालिका | | स्थान | १ | १००० | | ० | १ | १००० | | ० | | ० | | ० | १००० |
| ७ | दुर्गा भवानी मन्दिर पद मार्ग निर्माण | ४ | २०० | मिटर | ५०० | | | २०० | | ५० | | १०० | | ५०० | | २०० | १०५० |
| जम्मा | | | | | | | | ४०० | | ११०० | | २०० | | १००० | | ४०० | ३१०० |

पर्यटन, प्राकृतिक तथा साँस्कृतिक सम्पदा क्षेत्रमा अनुकूलन हुनको लागि मुख्य रूपमा होमस्टे सञ्चालन सम्बन्धी तालिम, मसानघाट व्यवस्थापन, पदमार्ग निर्माण तथा हरित पार्क निर्माण लगायतका योजनाहरू समेटिएका छन्। यस सम्बन्धी योजनाहरू कार्यान्वयनको लागि सम्भावित सहयोगी निकायमा खप्तडछान्ना गाउँपालिका आफै, प्रदेश सरकार, सङ्घीय सरकार हुन सक्नेछन्।

## ९. लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन

| क्र.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | इकाई | परिमाण | इकाई लागत (हजारमा) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | |
| १ | लैङ्गिकता सम्बन्धि सचेतना सामग्री एफ.एम. रेडियोमा प्रचारप्रसार गर्ने | सबै | | संख्या | ५ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | २५० |
| २ | सिपमुलक तालिम (तारजाली बुन्ने, हावाहुरी प्रतिरोधी घर बनाउने, पक्कि संरचना बनाउने) | सबै | ७० | पटक | १ | ५०० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० |
| ३ | विपन्न तथा संकटासन्न महिलाहरुलाई होजियारी तथा सिलाई कटाई तालिम | सबै | २१ | पटक | १ | १००० | | ० | | ० | १ | १००० | | ० | | ० | १००० |
| ४ | सिस्नु/अल्लोको धागो बनाउने तालिम वितरण | सबै | २१ | पटक | १ | ३५० | | ० | १ | ३५० | | ० | | ० | | ० | ३५० |
| ५ | महिलाहरूलाई आल्चाको जाम बनाउने तालिम | सबै | २१ | पटक | १ | १५० | | ० | १ | १५० | | ० | | ० | | ० | १५० |
| ६ | महिला सिपविकासको लागि पार्लर तालिम | सबै | १४ | पटक | १ | ७५० | | ० | | ० | | ० | १ | ७५० | | ० | ७५० |
| ७ | पोषणयुक्त खानेकुरा उत्पादनको तालिम | सबै | ७० | पटक | १ | १०० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० |
| जम्मा | | | | | | | | ६५० | | ५५० | | १०५० | | ८०० | | ५० | ३१०० |

लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन क्षेत्रमा अनुकूलन हुनको लागि मुख्य रूपमा लैङ्गिक हिंसा न्यूनीकरण तथा समानता सम्बन्धी अभिमुखीकरण तथा सीपमुलक तालिम लगायतका योजनाहरू समेटिएका छन्। यस सम्बन्धी योजनाहरू कार्यान्वयनको लागि सम्भावित सहयोगी निकायमा खसडछान्ना गाउँपालिका आफै, गैह्र सरकारी संस्थाहरू हुन सक्नेछन्। लैंगिक हिँसा अन्त्य गर्नको लागी पालिकामा संयन्त्र लाइ चुस्त राख्नको लागि पहल गर्ने . लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक लेखापरीक्षणको प्रभावकारी कार्यान्बयन गर्ने, पालिकालाई संस्थागत हिसाबमा सम्बेदनशील बनाउने र सोहि अनुसार कार्यक्रमहरु को कार्यन्बयन गर्ने बाताबरण मिलाउने

## १०. जनचेतना अभिवृद्धि, क्षमता विकास तथा अनुगमन

| क.सं. | क्रियाकलाप | वडा | लक्षित घरधुरी | इकाई | परिमाण | इकाई लागत (हजारमा) | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | |
| १ | जलवायु परिवर्तन तथा विपद् सम्बन्धी समुदाय तथा विद्यालय स्तरीय तालिम | सबै | | पटक | १० | ५० | २ | १०० | २ | १०० | २ | १०० | २ | १०० | २ | १०० | ५०० |
| २ | जलवायु तथा विपद् सम्बन्धी चेतनामुलक भित्ते चित्र तथा जानकारी बोर्ड स्थापना | सबै | | स्थान | १४ | ३० | ७ | २१० | ७ | २१० | 0 | ० | 0 | ० | 0 | ० | ४२० |
| ३ | जलवायु परिवर्तन सम्बन्धी जानकारी समेत राखी स्थानीय पाठ्यक्रम तयारी | पालिका | | पटक | १ | ५०० | १ | ५०० | 0 | ० | 0 | ० | 0 | ० | 0 | ० | ५०० |
| ४ | जलवायु परिवर्तन सम्बन्धी पाठ्यपुस्तक निर्माण तथा छपाई | पालिका | | वटा | ५०० | २ | 0 | 0 | ५०० | १००० | 0 | 0 | 0 | 0 | 0 | 0 | १००० |
| ५ | जलवायु सूचना प्रसारण प्रणाली स्थापना (SMS, मोबाइल एप्स) | पालिका | | वटा | १ | १०० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० |
| **जम्मा** | | | | | | | | ९१० | | १३१० | | १०० | | १०० | | १०० | २५२० |

जनचेतना अभिवृद्धि, क्षमता विकास तथा अनुगमन क्षेत्रमा अनुकूलन हुनको लागि मुख्य रूपमा जलवायु परिवर्तन सम्बन्धी पाठ्यक्रम तयार तथा ICE सामग्री तयार तथा सचेतना, जलवायु सूचना प्रणाली स्थापना लगायतका योजनाहरू समेटिएका छन्। यस सम्बन्धी योजनाहरू कार्यान्वयनको लागि सम्भावित सहयोगी निकायमा खप्तडछान्ना गाउँपालिका आफै, प्रदेश सरकार, गैह्र सरकारी संस्थाहरू हुन सक्नेछन्।

# परिच्छेद ६: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण

जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनिकरणका सवालहरूलाई नीति, नियम, आवधिक योजनामा र वार्षिक योजना तर्जुमा मूलप्रवाहिकरण गर्न विभिन्न तहमा भएका तहगत संरचना, मन्त्रालय, स्थानीय सरकार र सरोकारवालाहरूको समन्वय हुनुपर्ने देखिन्छ।

स्थानीय योजना प्रक्रियामा छनौटमा परेका तर स्थानीय सरकारले लगानी गर्न नसक्ने, बहुवर्षे योजनाहरूलाई समेत प्रदेश र सघंबाट विनियोजन हुने बजेटहरूबाट व्यवस्थापन गर्ने साथै विभिन्न तहबाट नियमित अनुगमन तथा पृष्ठपोषण गरेमा बस्ती वा वडा स्तरमा समेत जलवायु र विपद् सम्बन्धी योजनाहरूले प्राथामिकता पाउनेछन्। योजना तथा विकासका नीतिहरूमा मूलप्रवाहीकरण र स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा मूलप्रवाहीकरण ६.१ र ६.२ अनुसार हुनेछ।

## ६.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण

जलवायु परिवर्तन सम्बन्धी स्थानीय सूचना, जोखिमको अवस्था, स्रोत साधनको उपलब्धता, गुणस्तर तथा त्यस माथिको पहुँच र अनुकूलन तथा जोखिम न्यूनीकरणको आवश्यकता पहिचानको आधारमा जलवायु परिवर्तनलाई खप्तडछान्ना गाउँपालिकाको आवधिक योजना तथा विकासका नीतिहरूमा मूलप्रवाहीकरण गरी जलवायु परिवर्तन व्यवस्थापनलाई संस्थागत गरिनेछ। जलवायु परिवर्तनको जोखिममा रहेका परिवार, समुदाय, वडा वा पालिकालाई आफ्ना अनुकूलन प्राथमिकताबारे प्रष्टसँग अभिव्यक्त गर्न र प्रभावकारी कार्यान्वयनका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रका स्रोत समेत परिचालन गरिनेछ। जलवायु परिवर्तन सम्बन्धी विश्लेषण, अनुकूलन र जोखिम न्यूनीकरणका रणनीतिहरू स्थानीय आवधिक योजना तथा दीर्घकालीन योजना तथा गुरुयोजनामा समेत समावेश गरिनेछ।

राष्ट्रिय तथा प्रादेशिक योजना आयोगहरूको आधार पत्र तथा आवधिक विकास योजनालाई प्रस्थान बिन्दु बनाएर जलवायु अनुकुलनका दीर्घकालीन लक्ष्य तथा सोचहरू आवधिक योजनामा समायोजन गरिनेछ। प्राविधिक रूपले कार्यान्वयन गर्न कठिन तथा धेरै स्रोत लाग्ने अनुकूलनका योजनाहरू बहुवर्षीय, दीर्घकालीन तथा आवधिक योजनामा समायोजन गरेर कार्यान्वयन गरिनेछ। स्थानीय तहहरूबीच वा स्थानीय तह, प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने प्रकृतिका जलवायु परिवर्तन अनुकूलनका योजनाहरू आवधिक योजनामा एकीकरण गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ। स्थानीय आवधिक योजना तथा विकासका नीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारी निकाय, गैरसरकारी सङ्घसंस्था, विकास साझेदार र निजी क्षेत्रका स्रोतहरूको परिचालन गर्न मार्गचित्र तथा खाका तयार गरिनेछ।

### ६.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा मूलप्रवाहीकरण

अनुकूलन योजनालाई विकास र विषयगत योजनामा साथै स्थानीय सेवा प्रदान गर्ने निजी तथा गैर सरकारी संस्थाहरूको योजना प्रक्रियामा समायोजन गर्नका लागि पालिकाका जनप्रतिनिधि, राजनीतिक दलहरू, अन्य सरोकारवालाहरू र एकीकृत योजना तर्जुमा समितिसँग यस अनुकूलन योजना तर्जुमा प्रक्रिया देखि नै छलफल र समन्वय गरिएको छ। यसरी नै पालिका स्तरमा अनुकूलन कार्ययोजनाका र प्रक्रियाको सम्बन्धमा प्रस्तुतीकरण गरी खसडछाप्ना गाउँपालिकाका सेवा प्रदायक निकायहरूसँग छलफल गरिएको छ। यस पालिकाको हरेक वडा स्तरका स्थानीय राजनीतिक दल, सामाजिक संस्थाहरू, सामुदायिक वन उपभोक्ता समूह, खानेपानी समुह, कृषक समुह, महिला समुह, बाल क्लब तथा युवा क्लब, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, शिक्षक तथा अन्य सरोकारवालाहरूसँग विस्तृत छलफल गरी तयार गरिएको अनुकूलन कार्ययोजना पालिकाबाट अनुमोदन भए पश्चात् लागू हुनेछ। यसरी नै पालिकाको वार्षिक योजनामा समावेश नभएका योजनाहरूलाई नियमित योजना तर्जुमा प्रक्रिया मार्फत जिल्ला समन्वय समिति तथा सम्बद्ध विषयगत कार्यालयहरू तथा अन्य सरोकारवाला निकायमा पनि पेश गरी मूलप्रवाहिकरणका लागि पहल हुनेछ। भविष्यमा गाउँपालिकाले तयार गर्ने आवधिक तथा वार्षिक योजना तथा रणनीतिहरूमा यस अनुकूलन योजनालाई उच्च प्राथमिकताका साथमा समायोजन गरिनेछ। यस योजनाका प्राथमिकताहरूलाई केन्द्रीय स्तरमा वन तथा वातावरण मन्त्रालय मार्फत राष्ट्रिय योजना आयोगबाट तथा प्रदेश स्तरमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत तयार गरिने राष्ट्रिय विकास योजनामा समायोजन गर्न समेत आवश्यक पहल गरिनेछ। अनुकूलन कार्ययोजना समायोजनका लागि निम्न अनुसार कार्यहरू समेत पहिचान गरिएका छन्।

#### ६.२.१ तत्काल गर्नुपर्ने

योजनाका बारेमा सचेतना जागरण गर्ने र अपनत्वको विकास गर्ने खालका क्षमता विकासका क्रियाकलापहरू तत्काल गर्नु पर्दछ। यसका लागी स्थानीय अनुकूलन कार्ययोजनामा प्राथमिकतामा परेका क्रियाकलापहरू गाउँपालिका आफैले र सम्बन्धित विषयगत तथा अन्य सरोकारवालाहरू मार्फत तत्काल कार्यान्वयन गर्नु पर्दछ।

### ६.२.२ योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नुपर्ने

**तालिका २८: योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नुपर्ने**

| योजना तर्जुमाको स्तर | आवश्यक तयारी | जिम्मेवारी |
|---|---|---|
| **टोल बस्ती स्तर** | यस योजना बमोजिम आ-आफ्नो टोल बस्तीमा प्राथमिकतामा परेका योजनाहरु निर्धारित ढाँचामा पेश गर्ने। | सम्बन्धित टोल बस्तीबाट पालिकामा प्रतिनिधित्व गर्ने व्यक्ति (गाउँपालिका सदस्य) वा प्रभावित समुदाय वा सम्बन्धित बिषयगत क्षेत्रको व्यक्ति |
| **वडा स्तर** | वडा स्तरमा गर्नुपर्ने कार्यहरु, विभिन्न वडासँग सम्बन्धित कार्यक्रम भए सबैसँग समन्वय गर्नुपर्ने | वडा अध्यक्ष, सचिब वा तोकिएको व्यक्ति, वडा समितिका सदस्यहरु |
| **गाउँपालिका स्तरमा** | गाउँ परिषदबाट अनुमोदन गराउन पहल गर्ने। | कार्यपालिका सदस्यहरु, वन, वातावरण तथा विपद् व्यवस्थापन इकाईका सदस्यहरु राजनितिक दलका प्रतिनिधि |
| **बिषयगत क्षेत्रका योजनाहरु** | वनसँग सम्बन्धित योजनाहरु सामुदायिक वन उपभोक्ता समूहको साधारणसभा पूर्व नै कार्यसमितिमा पेश, माथिल्लो स्तरमा लैजानु पर्ने योजना भएपनि सम्बन्धित निकायको तल्लो तह (जस्तै: डिभिजन वन कार्यालय) को सिफारिस सेक्टर स्तरको योजना तर्जुमा प्रक्रियामा योजना पेश | सम्बन्धित बिषयगत क्षेत्रसँग सम्बन्धित तथा अनुभवी व्यक्ति भएमा राम्रो |
| **विभिन्न परियोजनाहरु** | परियोजनाका तल्लो तहका योजना तर्जुमा प्रक्रियामा वा सोझै परियोजनाको पायकको कार्यालयमा निर्धारित ढाँचामा कार्यक्रम पेश | परियोजनाका स्थानीय सामाजिक परिचालक तथा कर्मचारी मार्फत गर्दा राम्रो |

# परिच्छेद ७: अनुकूलन कार्यहरुको अनुगमन तथा मूल्याङ्कन योजना

## ७.१ योजना प्रक्रियामा स्थानीय अनुकूलन कार्ययोजनाको समायोजन

स्थानीय अनुकूलन कार्ययोजनालाई विकास र विषयगत योजनामा साथै स्थानीय सेवा प्रदान गर्ने सरकारी, निजी तथा गैर सरकारी संस्थाहरूको योजना प्रक्रियामा समायोजन गर्नका लागि पालिका स्तरमा अनुकूलन कार्ययोजना र प्रक्रियाको सम्बन्धमा प्रस्तुतीकरण गरी सेवा प्रदायक निकायहरूसँग छलफल गरी प्राथमिकतालाई स्थानीय विकास योजनामा समायोजन गरेर नगर परिषदमा निर्णय गरी कार्यान्वयन गरिनेछ। यसरी नै गाउँपालिकाले तयार गर्ने वार्षिक योजनामा समावेश नभएका योजनाहरूलाई वडा मार्फत गाउँपालिका र विषयगत कार्यालयहरूमा पठाई एकीकृत हुनेछ। यसरी नै खसडछान्ना गाउँपालिका भित्र काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूमा विषयगत कार्यालयहरूको योजनामा पहिचान भएका अनुकूलन कार्यलाई समावेश गरी एकीकृत योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यसरी नै यस गाउँपालिकामा तयार हुने आवधिक योजनामा यस अनुकूलन कार्ययोजनालाई उच्च प्राथमिकताका साथमा समायोजन गरिनेछ।

## ७.२ अनुकूलन कार्यहरुको तर्जुमा र कार्यान्वयन

अनुकूलन योजनाको तर्जुमा तथा कार्यान्वयनको नेतृत्व गाउँपालिकाले गर्नेछ। पालिकाले योजना तर्जुमा र कार्यान्वयन बाहेक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य, समुदायमा आधारित अनुकूलन कार्यक्रम, पारस्थितिकीय प्रणाली र विषयगत क्षेत्रसँग सम्बन्धी योजनामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरू पनि आफ्नो योजनामा समायोजन गरिनेछ। जोखिम तथा संकटासन्नता र यसका अन्तरनिहित कारणहरू व्यक्ति, घरधुरी र समुदाय स्तरमा फरक फरक हुने भएका कारण स्थानीय योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तनबाट बढी प्रभावित महिला तथा सङ्कटासन्न घरधुरीको विशिष्ट समस्यालाई समाधान गर्ने अनुकूलनका कार्यक्रमहरू वार्षिक कार्यक्रममा समावेश गरि प्राथमिकता दिइनेछ। जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरू व्यक्ति, घरधुरी, स्थानीय समुदाय र उपभोक्ता समूहको जीविकोपार्जन तथा पारिस्थितिकीय प्रणालीमा आधारित हुन सक्नेछ।

यस योजनाको सफल कार्यान्वयन र समन्वयात्मक भूमिकाका लागि वडा समिति तथा कार्यपालिका समिति क्रियाशील रहनेछ। स्थानीय अनुकूलन कार्ययोजना सञ्चालन कार्यविधि अनुसार यस योजनाको कार्यान्वयनलाई व्यवस्थित गरिनेछ। गाउँपालिकाले प्रदेश मन्त्रालय, सङ्घीय मन्त्रालय, गैर सरकारी संस्थाको सहयोग तथा समन्वयमा क्रियाकलापहरूको कार्यन्वयन गर्नेछ। जलवायु वित्तका लागि पनि स्थानीय अनुकूलन कार्ययोजना महत्वपूर्ण दस्तावेज हुनेछ।

अनुकूलन योजनामा उल्लेखित कार्यहरूलाई गाउँपालिका, विषयगत शाखा, समुदायमा स्थापित भई क्रियाशील रहेका विद्यमान समूह, संस्था, क्लब तथा उपभोक्ता समितिहरू मार्फत कार्यान्वयन गरिनेछ। भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनमा आवश्यकता अनुरूप प्राविधिक तथा उपलब्ध विज्ञहरूबाट विस्तृत लागत अनुमान गराउनुका साथै कार्यान्वयनमा समेत सहयोग

लिइनेछ। वार्षिक बजेट तर्जुमा तथा जलवायु परिवर्तन, विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूलाई मुलप्रवाहिकरण गर्न आवश्यक सहजिकरण गर्ने तथा बजेट विनियोजनका लागि कार्यपालिकामा पैरवी विषयगत समिति मार्फत गरिनेछ। उक्त समितिको क्षमता अभिवृद्धि गर्ने आवश्यक क्रियाकलापहरू समेत समावेश गरिनेछ।

यस योजनामा अन्य सरोकारवाला निकायहरूको सहयोग पनि आवश्यक पर्ने हुनाले सो कार्यक्रमहरूका लागि सरोकारवाला निकायको वार्षिक योजनामा समावेश गर्नका लागि वडा एवं गाउँपालिकाले पहल गर्नेछ। प्राथमिकतामा परेका हरेक क्रियाकलापहरूको विस्तृत कार्यान्वयन योजना र जिम्मेवारी तय गरी सम्बन्धित व्यक्ति, संस्था निकायहरूसँगको समन्वय र सहकार्यमा स्रोत तथा सेवा जुटाई कार्यक्रम कार्यान्वयन गरिनेछ। त्यसैगरी यस योजनाको कार्यान्वयनमा निजी क्षेत्रको भूमिका अहम् हुन सक्छ। यसका लागि वडा तथा गाउँपालिकाले सम्बन्धित निजी क्षेत्र, व्यवसायिक क्षेत्र एवं स्थानीय उद्योग वाणिज्य संघ मार्फत समेत पहल गर्नेछ।

### ७.३ अनुकूलन योजना अनुगमन तथा मूल्याङ्कन योजना

खप्तडछान्ना गाउँपालिका अन्तर्गत अनुकूलन योजनामा समेटिएका सबै घरधुरी तथा सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता तथा कार्यपालिका सदस्यहरू खासगरी पालिका स्तरीय अनुगमन मूल्याङ्कन समितिको अगुवाइमा अनुकूलन कार्ययोजना कार्यान्वयनको अनुगमन अर्धवार्षिक रूपमा गरिनेछ।

अभिलेखीकरणमा उल्लिखित आवश्यक सूचनाहरूलाई ध्यान दिई अनुगमन गर्नु पूर्व अनुगमनको खाका तयार गरी सोही अनुसार अनुगमन र प्रतिवेदन तयार गरिनेछ। अनुगमनको लागि पालिका स्तरीय अनुगमन मूल्याङ्कन समितिका पदाधिकारीहरू अनुगमन सम्बन्धी अभिमुखीकरणमा सहभागी भएर मात्र अनुगमन कार्यमा संलग्न हुनेछन् जसबाट प्रभावकारिताको लेखाजोखा गर्न सहज हुनेछ। त्यसैगरी यस योजनाको वार्षिक मूल्याङ्कनको साथसाथै योजनाको अन्तिम मूल्याङ्कन गरी गरिनेछ। अनुकूलन कार्ययोजनालाई सघाउन अनुगमन तथा मूल्याङ्कनले सिकाइ, चिन्तन-मनन र पृष्ठपोषणका लागि अवसर प्रदान गर्दछ।

कार्यक्रम सञ्चालनको क्रममा कार्यक्रम गुणस्तरीय तथा उद्देश्यमूलक बनाउन सम्बन्धित लाभान्वित वर्ग तथा सरोकारवाला संस्थाहरूको सुझावलाई सम्बोधन गरिनेछ। साथै गाउँपालिका तथा सम्बन्धित समूहले स्व-अनुगमन मूल्याङ्कन गरिनुका साथै सहयोगी निकायहरूसँग संयुक्त रूपमा कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरिनेछ। कार्यक्रम सम्पादन पश्चात् सम्बन्धित क्रियाकलापको सार्वजनिक लेखा परीक्षण गरिनेछ।

### तालिका २९: अनुगमन तथा मूल्याङ्कन योजना

| अनुगमन | किन | कसले | कहिले | कसरी |
|---|---|---|---|---|
| **वडा तहको अनुगमन** | पारदर्शीता र अपनत्व कायम गर्न अनुकूलन कार्यहरुको प्रभावकारी कार्यान्वयन | वडा समिति वडा स्तरीय अनुगमन समिति | कार्यक्रम सञ्चालन पूर्व, सञ्चालनको क्रममा र सम्पन्न भएको १ महिना भित्र (हरेक कार्यक्रम) | सार्वजनिक लेखा परीक्षण, स्वः अनुगमन तथा मूल्याङ्कन |
| **गाउँपालिका तहको अनुगमन (प्रक्रिया र प्रगतिहरु तहमा)** | कार्यक्रमको गुणस्तर कायम गर्न। योजना र प्रगतिको लेखाजोखा गर्न। कार्यक्रमको प्रभावकारीता वृद्धि गर्दै समयमा कार्य सम्पन्न गर्न। | कार्यपालिका सदस्य, पालिका स्तरिय अनुगमन समिति, वन, वातावरण तथा विपद् इकाई, पालिकाका कर्मचारी तथा सहयोगी निकायहरु | अर्धवार्षिक रुपमा (पौष र असारमा) | समिक्षा तथा योजना तर्जुमा वैठक |
| | | | त्रैमासिक | फिल्ड अनुगमन अन्तरक्रिया |
| | | | नियमित | फोटो तथा अध्ययनको संकलन |
| | | | वार्षिक | वार्षिक प्रगति प्रतिवेदन |
| **जिल्ला तहको अनुगमन** | अन्तरपालिका समन्वय तथा अनुकूलनका राम्रा अभ्यासहरुको सिकाई आदान प्रदान गर्न पारदर्शिता र प्रभावकारिता अभिवृद्वि गर्न | समन्वय समितिका पदाधिकारीहरु | अर्ध वार्षिक वा वार्षिक | फिल्ड अनुगमन भ्रमण |
| **प्रदेश तथा संघीय मन्त्रालय** | पारदर्शिता र प्रभावकारिता अभिवृद्वि गर्न, कार्यक्रम संचालनको प्रभावकारिता औल्याउन | प्रदेशः- सम्बन्धित मन्त्रालय सघंः- सम्बन्धित मन्त्रालय | वार्षिक | फिल्ड अनुगमन भ्रमण |

## तालिका ३०: अनुकूलन क्रियाकलापको अनुगमन ढाँचा

| अनुगमन गर्ने व्यक्तिको नामः | | | | | | अनुगमन मितिः | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| फोनः | | | इमेलः | | | हस्ताक्षरः | | | |
| विषयगत क्षेत्रः | | | | | | | | | |
| क्र. स. | क्रियाकलाप | इकाई | लक्ष्य | परिणाम | प्राथमिकता | लक्षित घरधुरी | वडा | बस्ति | सहयोगी निकाय |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

## तालिका ३१: अनुकूलन क्रियाकलापको मूल्याङ्कन ढाँचा

| विषयगत क्षेत्र | | | |
|---|---|---|---|
| क्रियाकलाप | | इकाई | |
| क्रियाकलाप स्थिति | | | |
| सुरू मिति | | समाप्त मिति (यदि पुरा भएको भए) | |
| क्रियाकलाप प्रमुख | | संलग्न संस्था | |
| सम्पर्क | | | |
| इमेल | | | |
| ठेगाना | | | |
| क्रियाकलाप सारांश | | | |
| क्रियाकलापको नतिजा | | | |
| लक्ष्य | | परिणाम | |
| परियोजनाका फाइदाहरू | | | |
| लाभार्थीहरूको संख्या | | | |
| लाभान्वित क्षेत्रहरू | | | |
| उपयोग गरिएको बजेट | | | |
| मूल्याङ्कनकर्ताको नामः | | | |
| हस्ताक्षर | | मूल्याङ्कनको मिति | |

# सन्दर्भ समगीहरु

Eckstein, D., Künzel, V., & Schäfer, L. (2021). Global Climate Risk Index 2021. *Who Suffers Most from Extreme Weather Events*, 2000-2019.

FRTC. (2022). Land cover of Nepal [Data set]. Forest Research and Training Center. Ministry of Forests and Environment, Government of Nepal. https://doi.org/10.26066/RDS.1972729

GoN, (2011). *National Framework on Local Adaptation Plans for Action*. Government of Nepal, Ministry of Environment, Singhdurbar.

MoFE. (2021a). Vulnerability and Risk Assessment and Identifying Adaptation Options: Summary for Policy Makers. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

MoFE. (2021b). Vulnerability and Risk Assessment and Identifying Adaptation Options in the Agriculture and Food Security. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

MoFE. (2021c). Vulnerability and Risk Assessment and Identifying Adaptation Options in the Forest, Biodiversity and Watershed Management in Nepal. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

MoFE. (2021d). Vulnerability and Risk Assessment and Identifying Adaptation Options in the Water Resources and Energy in Nepal. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal

MoFE. (2021e). Vulnerability and Risk Assessment and Identifying Adaptation Options in the Water, Sanitation and Hygiene (WASH) Sector in Nepal. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

MoFE. (2021f). Vulnerability and Risk Assessment and Identifying Adaptation Options in Health sector in Nepal. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

MoFE. (2021g). Vulnerability and Risk Assessment and Identifying Adaptation Options in Rural and Urban Settlements. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

MoFE. (2021h). Vulnerability and Risk Assessment and Identifying Adaptation Options in Industry, Transport, and Physical Infrastructure. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

MoFE. (2021i). Vulnerability and Risk Assessment and Identifying of Adaptation options in Disaster Risk Reduction and Management (DRRM). Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

MoFE. (2021j). Vulnerability and Risk Assessment and Identifying Adaptation Options in GESI, Livelihood and Socio-Economic Sector in Nepal. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

MoFE. (2021k). Vulnerability and Risk Assessment and Identifying Adaptation Options in Tourism, Natural and Cultural Heritage. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

MoHP (2022). Vulnerability and Adaptation Assessment of Climate Sensitive Diseases and Health Risks in Nepal. Ministry of Health and Population, Government of Nepal, Kathmandu, Nepal.

खप्तडछान्ना गाउँपालिका (२०७४)। *खप्तडछान्ना गाउँपालिकाको गुरुयोजना २०७५-२१००।* खप्तडछान्ना गाउँपालिका, पसलबगर, बझाङ।

जिल्ला विपद् व्यवस्थापन समिति (२०७९)। *जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०६९ (आठौं अद्यावधिक २०७९)।* जिल्ला विपद् व्यवस्थापन समिति, बझाङ।

नेपाल सरकार )२०७६(। *राष्ट्रिय वातावरण नीति २०७६।* नेपाल सरकार, सिंहदरबार, काठमाडौं।

जिल्ला कृषि तथा पशु सेवा कार्यालय (२०७२)। *वार्षिक पुस्तिका २०७१/०७२।* जिल्ला कृषि तथा पशु सेवा कार्यालय, चैनपुर बझाङ।

नेपाल सरकार )२०७६(। *राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६।* नेपाल सरकार, सिंहदरबार, काठमाडौं।

राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७९)। *राष्ट्रिय जनगणना २०७८ [तथ्यांक]।* नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाडौं। https://censusnepal.cbs.gov.np/results/household?province=7&district=70&municipality=12

राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८१)। *राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण २०२२।* नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाडौं। (National Climate Change Survey, 2022)

वन तथा वातावरण मन्त्रालय (२०७६)। *स्थानीय अनुकूलन कार्ययोजना खाका २०७६।* नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं।

# अनुसूचीहरु

## अनुसूची १: प्रकोपको ऐतिहासिक समयरेखा

| क्र. सं | प्रकोप | वर्ष | प्रकोपले ल्याएको असर तथा प्रभावहरू | प्रभावित समुदाय तथा वर्ग | भविष्यमा हुन सक्ने असर तथा प्रभावहरू | बचाउका प्रयास तथा संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|
| **वडा नं १** | | | | | | |
| १ | पहिरो | २०५०<br>२०५६<br>२०७४<br>२०७५<br>२०७८ | १८ वटा घर क्षति, १ पसल पुरेको, २५ वटा खानेपानी पुरेको, ४० वटा सिँचाई नहरको मुहान बगाएको, जडारीगाड लघु जलविद्युत र छडिभेल लघु जलविद्युतको पावरहाउस बगाएको, २४ बाखा र २ भैंसी मरेको, स्लेटखानीमा पहिरोले २ जना मृत्यु, ठण्डापानी पहिरोले १ जना मृत्यु, झुलढुंगा पहिरोले १ जना मृत्यु, सडक क्षति, २ जनाको मृत्यु<br>१ प्रसूति गृह, १ विद्यालय, ६ वटा पसल, १० घर, २१ किलोवाटको १ पावरहाउस, निर्माणाधीन पुल, सिँचाई नहर ४, जिप २, चारवटा बाखा, ४० बिघा जति खेतीयोग्य जमिन, २ गोठ, २ कुखुरा फार्म | मसुराडी, मायापाटा, गढीगाउँ, कार्की गाउँ, खातीगाउँ, गोठखोला, भाटबगर, खैराडी, खेडावाडा, दलित बस्ति | खानेपानी र सिँचाई मुहान पुर्न सक्ने, मानिस तथा पूर्वाधार बगाउन सक्ने | संघीय सरकारले ३० हजार प्रति घरधुरी सहयोग गरेको |
| २ | बाढी | २०४०<br><br><br>२०५७ | २ गोठ बगाएको, ५ वटा पानी घट्ट बगाएको सिँचाई कुलो बगाएको, ३ जनाको मृत्यु भएको, ४ गोठ बगाएका<br>४ बिघा जति जमिन बगाएको | मायापाटा, गढी गाउँ, स्याउली, सरानी, खैराडी (सम्पूर्ण वडा) | बाढी बढ्न सक्ने सम्भावना, बस्ती तथा खेतीयोग्य जमिन बगाउन | तराई तिर वस्ती स्थानान्तरण गरिएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २०६२<br><br><br>२०७८ | सरानी देखि खैरादी सम्म खेत बगाएको ३०० रोपनी जति खेत बगाएको, स्याउली देखि कुचेखोला सम्म खेतहरू बगाएको<br>६-७ सय रोपनी खेत बगाएको, १५ वटा गाई भैंसी बगाएको, २ जना मानिसको ज्यान गएको, १० वटा जति गाई गोरुको क्षति, १ गाडी बगाएको, ६ वटा घर बगाएको, १३ वटा पसल, १ विद्यालय, १ बर्थिंग सेन्टर बगाएको | | सक्ने, पानी घट्ट बगाउने जोखिम | रेडक्रसले त्रिपाल सहयोग, समुदायले लत्ता कपडा सहयोग, खाद्यान्न सहयोग<br>अस्थायी तटबन्ध बनाएको |
| ३ | असिनापानी | २०५५<br>२०७६ | धानबाली र गहुँ बलि क्षति, फलफूलका बालीमा क्षति | वडाका सबै बस्ती/ समुदाय | बाली तथा फलफूलमा क्षति, आर्थिक नोक्सानी | खाद्य सामग्री वितरण |
| ४ | डढेलो | २०७९<br>२०८०<br>२०८१ | वाता सा.व. को रुख तथा घाँसहरू जलेर नष्ट भएको, साना बोट बिरुवा जम्मै नष्ट भएको, ठूला रुख ४०० वटा जलेको | - | वनको हैसियत, संरचना तथा गुणस्तर कम हुने, जडीबुटीको अभाव | आगो निभाउने कार्य गरेको, झाडी फँडानी गरेको |
| ५ | खडेरी | २०५७<br>२०७७<br>२०७९<br>२०८०<br>२०८१ | हिउँदे बाली तथा उत्पादन नभएको, गहुँ बाली ७५% सम्म उत्पादन घटेको, पानीको मुहानमा मात्रा कमी भएको, २०% पानीको मुहान सुकेको | वडाका सबै बस्ती | उत्पादन कमी तथा नहुने, खाद्य सङ्कट तथा भोकमरी हुन सक्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | कृषिमा रोगकिरा | २०७५ देखि हालसम्म २०७७ र २०८१ | मकैमा फौजी किराको प्रकोप सुरु भएको, आलु खेतीमा कमी आएको, कृषिको उत्पादन कमी भएको, गहुँ बालीको उत्पादन ५०% सम्मले घटेको, सलह किराको प्रकोप, डढुवा प्रकोप | वडाभरि | खाद्य सङ्कट तथा भोकमरी हुन सक्ने | नभएको |
| **वडा नं २** | | | | | | |
| १ | पहिरो | २०४० २०७८ | १२ घर पहिरोले पुरेर क्षति भएको<br>६ वटा घर क्षति, १४ वटा गाई र बाखा पुरेको, जग्गा जमिन भासिएको, पानी ट्यांकी पहिरोले लागेको, ८ घर क्षति भएको, १ छानो क्षति, २ वटा गाई र १ वटा बाखा मरेको | देहली, तल्ला बगर, जिम्कोट गाउँ, रुवानी गाउँ, लामातोला, देहली गाउँ, फुलभाडी, छेला | खेत, बारी तथा भौतिक पूर्वाधार क्षति, स्वास्थ्य सेवामा पहुँच अवरुद्ध हुन सक्ने, बसाई सर्नुपर्ने अवस्था रहेको | संघसंस्था र गाउँपालिका र प्रदेश सरकारबाट राहत |
| २ | बाढी | २०४०<br><br><br>२०५०<br>२०५७<br>२०५९<br>२०७८ | २६० रोपनी जग्गा बगाएको, देहलीमा १२० रोपनी जति जग्गा बगाएको, ७ घरलाई क्षति पुगेको<br>४० रोपनी जति जग्गा बगाएको<br>ऐंचेली बगरको ३०० रोपनी जग्गा बगाएको<br>तल्ला बगरको ४०० रोपनी जग्गा बगाएको<br>घट्ट बगरको १०० रोपनी जग्गा बगाएको<br>देहली गाउँमा २०० रोपनी जग्गा बगाएको | ऐंचेली बगर, तल्लो बगर, तल्लो ऐंचेली, घट्टबगर, देहली | बाढीका घटना बढ्न सक्ने सम्भावना, बस्ती तथा खेतीयोग्य जमिन बगाउन सक्ने, पानी घट्ट बगाउने जोखिम | ढुंगाको गारो लगाएको, जि.वि.स.ले राहत दिएको, तल्ला बगरको लाई फूलबारीमा जग्गा उपलब्ध गरेको, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २५ घट्ट बगाएको, ३ वटा पसल बगाएको २०७८ मा ५०० रोपनी जति जग्गा तल्लो ऐंचेली र ऐंचेलीमा बगाएको, ७ वटा घट्ट र ३ वटा दोकान बगाएको, ११ घर क्षति गरेको | | | प्रदेश र संघ सरकारले राहत बाडेको |
| ३ | असिनापानी | २०५० २०७८ | गहुँ बारी पुरै क्षति भएको, फलफूलका चिचिला झरेको, २ वटा भैसी मरेको, १५० रोपनी गहुँ बारी सहित जग्गा बगाएको | वडाका सबै बस्ती | बाली तथा फलफूलमा क्षति, आर्थिक नोक्सानी | - |
| ४ | बालीमा किराको प्रकोप | २०७८ | सलह किराले सबै बाली नष्ट, भोकमरी लागेको, २०७९ सालमा मुलबिउ उत्पादन नभएको, पराल समेत नष्ट गर्नु परेको, बिउ बेर्नाको नोक्सान भएको | वडाका सबै बस्ति | खाद्य सङ्कट तथा भोकमरी हुन सक्ने | कृषिबाट राहत र |
| ५ | खडेरी | २०६५ देखि हालसम्म | कृषि उत्पादनमा ह्रास आएको, खानेपानी र सिँचाई कुलोको मुहान धेरै कम भएको, हिउँदे बाली हुन छोडेको, तेलहन र दाल उत्पादनमा कमी | वडाका सबै बस्ती | उत्पादन कमी तथा नहुने, खाद्य सङ्कट तथा भोकमरी हुन सक्ने | सिँचाई कुलो मर्मत गरेको |
| ६ | डढेलो | २०७८ | ४-५ हेक्टर क्षेत्रफल वन नष्ट भएको, मुहान सुकेको | | वनको गुणस्तर कम हुने, जडीबुटीको अभाव | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | हावाहुरी | २०६८ | मष्टा सामुदायिक विद्यालयको छानो उडाएको, १ वटा घरको छानो उडाएको, ढुंगाको छानो समेत झारेको, धान बालि, कोदो र मकै बालीमा क्षति | तल्लो ऐंचली, तल्ला बगर | | - |
| ८ | चटयाङ्ग | २०६४ | १ छाना ध्वस्त तथा २ वटा भेसी मरेको | धमडा लेक | मानिस तथा पशु चौपाया क्षति हुन सक्ने, इलेक्टोनिक सामान क्षति हुने | सिउँडीको बोट घरको छानोमा राख्ने गरेको, विद्युतीय वायारिंगमा MCB/फ्युज राख्ने गरेको |
| ९ | पशु महामारी | २०८०\ | लम्पी स्किन रोगले १०० भन्दा बढी गाईगोरुको मृत्यु तथा बिरामी हुने | वडाका सबै बस्ती | पशुमा पी.पी.आर., खोरेत, लम्पी स्किन लगायत रोगहरूको बारम्बारता बढ्न सक्ने | भेटेनरीबाट उपचार भएको |
| **वडा नं ३** | | | | | | |
| १ | बाढी | २०७८ | ८०० रोपनी जति खेतबारी, ८ घर र केही गोठ, ७०-८० जति गाई र घोडा, चुलिखोला खानेपानी, ५ वटा घट्ट, भगाडीगाड ज.वि.को कुलो, थाप्लेकोट | | जग्गा तथा बाली नाली बगाउने, खाने पानीको धारा तथा टंकी | रेडक्रससले भाँडाकुँडा, त्रिपाल र खाद्यान्न सहयोग |

| | | | | | | |
|---|---|---|---|---|---|---|
